॥अक्षरातीत श्री कृष्ण परमात्मने नमः॥

(श्री कृष्ण प्रणामीधर्म - श्रीमन्निजानन्द संप्रदाय)

# आफ्नै घरको वर्णन

-(दीनदयाल कृत नेपाली वृत)-



प्रकाशक -
श्री प्राणनाथ ज्ञान केन्द्र चे. ट्रस्ट
श्री प्राणनाथ ज्ञान केन्द्र को संस्थापक
परमपूज्य "वाणी आचार्य"
श्री दीनदयालजी महाराज
बोरीवली (प.) मुंबई - ४०० ०९२.

लेखक-
-दीनदयाल

# आग्रह

↓

**तुम स्याने मेरे साथजी, जिन रहो विषे रस लाग।**
**पाउं पकड़ कहे इन्द्रावती, उठ खड़े रहो जाग।।**


- (प्रकाश हि. प्र. १७/ चौ. २१)।

**अर्थ :-** हे मेरा धामका सुमन श्रीसुन्दरसाथजी!

तपाईहरू सबै नै बहुतै बुद्धिमान, होशियार औ समझदार हुनु हुन्छ। हेर! देख!! बिचार गर, पञ्च-विषयको इन्द्रियजन्य स्वादमा मात्रै न लाग। म इन्द्रावती तपाईहरूको पाउ लागेर-चरण पक्रेर भन्दछु कि- अज्ञानरूपी निद्राबाट ज्ञान लिएर जाग-उठ-उभियोन्!! किनभने-अब आफ्नो घरमा प्रस्थान गर्ने बेला भयो!!! प्रणाम् -

**लेखक :**

# - समर्पणम् -



## ❊ महामति श्री प्राणनाथजी ❊

हे धनी !

यो ''आफ्नै घरको वर्णन'' नामक पुस्तक हजूरको कोमल चरणकमलमा प्रेमपूर्वक समर्पण गर्दैछु । अतः यो पुष्प स्वीकृत गरी दिनु हुन् भनी विनम्र विन्ती टक्र्याउँदछु ।

- लेखक

- श्रीराज -

# आपनौ घरकौ वर्णन

वि. सं. २०६०
ई. स. २००४
ता. ३-५-०४
प्रथमावृत्ति-१०००


विजयाभिनन्द
शाका-३२६
सेवा रू. ३५/-

## श्री प्राणनाथ ज्ञान केन्द्र
३, सुंदरधाम, जांमली गली,
बोरीवली (प.), मुंबई-९२.
दूरध्वनी क्र. २८९९८७५८.

- श्रीराज -

ए मधे जे पुरी कहावे, नौतन जेहनुं नाम ।
उत्तम चौदे भवनमां, जिहां वालानो विश्राम ।।

- महामति प्राणनाथ -



- गुरुप्रवर -

परमपूज्य ''वाणी आचार्य''

# परमहंस बाबाजी श्री लक्ष्मीदासजी

(ई.सं. १९०९ - २२.११.२००२)

श्री ५ नवतनपुरीधाम, जामनगर.

# - श्रद्धांजली -

गुरूप्रवर धामधनी स्वरूप मेरो सद्‌गुरू परमपूज्य **''वाणी आचार्य'' परमहंस बाबाजी श्री लक्ष्मीदास महाराजजी**, वहाँ परमपावन आद्य धर्मपीठ १०८ श्री ५ नवतनपुरी धाम-जामनगरमा ''वाणी प्राचार्य'' को रूपमा स्थायी विराजमान हुनु हुँदथ्यो ! वहाँले ईस्वी सन् १९९२ दिनांक ३ मई रविवार को, शुभ मुहूर्तमा आफ्नो परमपावन वरिष्ठ करकमल द्वारा बोरीवली (पश्चिम) मुंबई - ९२ मा **''श्री प्राणनाथ ज्ञान केन्द्र''** संस्थाको उद्‌घाटन गर्नु भयो । **''श्री तारतम तालीम प्रशिक्षण केन्द्र''** श्री ५ नवतनपुरी धामको शाखाको रूपमा यस संस्थालाई पनि स्थापन गरी मलाई यस्को संचालकको रूपमा स्थायी गर्नु भएथ्यो । आज मलाई आध्यात्मिक मार्गको ज्ञान विषयक जो जति पनि ज्ञान प्राप्त भयो अथवा म द्वारा जति पनि धार्मिक समाज-सेवा विषयका कार्य-कलापहरू सबै नै मेरो परमपूज्य गुरूप्रवर श्री बाबाजीको नै दया-कृपारूप देन हो ।

अतः म ''श्री प्राणनाथ ज्ञान केन्द्र'' को तर्फ बाट भएका सम्पूर्ण धामस्थ सुन्दरसाथजीहरू प्रति-''थेयो थिएथो जे थींदो''-(सिंधी-प्र.७/३३), अथवा जो जति पनि ''सेवा-कार्य'' भएका, भइरहेका तथा भविष्यमा हुने वाला पनि सबै नै मेरो साक्षात् धामधनी स्वरूप गुरूप्रवर परमहंस परमपूज्य श्री बाबाजीको पतित-पावन कोमल चरणमा **''श्रद्धांजली''** को रूपमा समर्पण गर्दछु । इति - शुभम् । प्रणाम ।

लेखक -

- **दीनदयाल**

- श्रीराज -

# आफ्नै घरको वर्णन

(दीनदयाल कृत नेपाली वृत्त)



- लेखक -

श्री प्राणनाथ ज्ञान केंद्र को संस्थापक
परमपूज्य ''वाणी आचार्य''
श्री दीनदयालजी महाराज
बोरीवली (प.), मुंबई-४०० ०९२.

।।अक्षरातीत श्रीकृष्णपरमात्मने नमः।।

(श्रीकृष्ण प्रणामी धर्म-श्रीमन्निजानन्द सम्प्रदाय)

# आफ्नै घरको वर्णन


लेखक

**परमपूज्य "वाणी आचार्य" श्री दीनदयालजी महाराज**

संरक्षक - श्री प्राणनाथ ज्ञान केन्द्र चेरीटेबल ट्रस्ट,

बोरीवली (पश्चिम), मुंबई - ४०० ०९२.



**प्रकाशक:-**

(१) नेपाली, हिन्दी :- श्री प्राणनाथ ज्ञान केन्द्र चेरीटेबल ट्रस्ट,

c /o. श्री प्राणनाथ ज्ञान केन्द्र के संस्थापक

परमपूज्य "वाणी आचार्य"

श्री दीनदयालजी महाराज

बोरीवली (वेस्ट), मुंबई - ४०० ०९२.

(२) गुजराती :- ज्ञानकेन्द्र -

श्री प्राणनाथ महिला मंडल (रजि.)

बोरीवली (वेस्ट), मुंबई -४०० ०९२.

# पुस्तक प्राप्ति स्थान

१. आद्य धर्मपीठ
श्री ५नवतनपुरी धाम,
श्री कृष्ण प्रणामी
''खिजड़ा मंदिर'',
जामनगर (गुजरात).

२. श्री ५ महामंगल पुरी धाम,
श्री कृष्ण प्रणामी मोटा मंदिर,
सैयदवाडा, सूरत - ३.

३. श्री प्राणनाथ ज्ञान केंद्र,
३, सुंदरधाम, जांमली गली,
बोरीवली (प.), मुंबई - ९२.
दूरध्वनी क्र : २८९९८७५८.

४. श्री कृष्ण प्रणामी मंदिर,
मंगलधाम, रैली रोड,
कालिम्पोंग, दार्जीलिंग,
पश्चिम बंगाल, (भारत).

५. श्री कृष्ण प्रणामी सेवा समिती
(नवतन धाम),
केन्द्रीय कार्यालय,
डिल्ली बाजार, काठमाण्डू,
पोस्ट बॉक्स नं. २२९.

६. श्री कृष्ण प्रणामी मंदिर,
डिल्ली बाजार,
काठमाण्डू (नेपाल).

७. श्री कृष्ण प्रणामी
मूल मिलावा मानव मंदिर,
वेड रोड (वराछा रोड),
सूरत - ४.

मुद्रक : पॉप्युलर ऑफसेट प्रिंटर्स, गाळा नं. १, धनराज मिल कंपाऊन्ड, शहा अॅन्ड नाहर इंड. इस्टेट, लोअर परळ, मुंबई - ४०० ०१२.

# विषय सूची


| क्र. विषय | पृष्ठ क्र. |
|---|---|
| १. भूमिका | १ |
| २. श्रीरंगमहल | ५ |
| ३. पहिलो परिक्रमा | ४५ |
| ४. दोस्रो परिक्रमा | ५९ |
| ५. तेस्रो परिक्रमा | १३९ |
| ६. चौथो परिक्रमा | १४३ |
| ७. पाँचौं परिक्रमा | १५३ |
| ८. छैटौं परिक्रमा | १५५ |
| ९. सातौं परिक्रमा | १५९ |

# भूमिका

आदरणीय धर्म सुमन सुन्दरसाथजी !

बीसौं शताब्दीको भाग-दौड़ युगस्थ जीवन व्यतीत कालमा अक्षरातीत अद्वैत ब्रह्म-ब्रह्मधाम भनूं अर्थात् आफ्नो आत्माको मूल सनातन धाममा पुग्न पाउने र त्यो घर प्राप्त गर्ने सुनौलो मौका प्राप्त भएको छ। जस्मा आज भन्दा चार सय वर्ष पूर्व नै आएर सद्‌गुरू श्रीदेवचन्द्रजी महाराजले तारतम महामंत्र प्राप्त गरी त्यही महामन्त्राधार लक्ष्यरूपधाममा आउने आह्वान सहित ज्ञान छोड़ेर जानु भयो। त्यो ज्ञान हिन्दी-गुजराती आदि भाषादिमा त त्यही वखतदेखि नै प्राप्त हुँदै आयो। नेपालवासी नेपाली सुन्दरसाथले आफ्नो भाषामा न पाउन कारण नै अरू समाज भन्दा धर्ममा पछाड़िएका भन्ने अनुभवले यो "**आफ्नै घरको वर्णन**"- नामवाला पुस्तक लेखियो। हुनत युगमुताबिक व्यवहार ग्रस्त संसारीजनहरूका लागि भनेर शुरु गरिएको तर जाँदा-जाँदै त उनीहरूको प्रतिकूल आफैजस्ता वेकारीजनहरूको लागि पो अनुकूल हुन पुगेछ।जे होस दुवै पक्ष वालाहरूलाई "**न मामा भन्दा त काना मामा नै निको**" भने झैं काममा उपयोग भए पनि भन्ने ध्येयले प्रकाशनमा ल्याइएको छ। यो "**आफ्नै घरको वर्णन**" पुस्तक नेपाली सुन्दरसाथ समक्ष राख्ने सुअवसर प्राप्त भएकोमा अत्यन्तै आनन्दप्रद हर्ष-उमंग साथै खुसियालीको अनुभव गरिरहेछु।

यो विषय वस्तु श्रीप्राणनाथ जी प्रभुले जुन तारतमको माध्यम

आफ्नो स्व-धाम पच्चीसपक्षको वर्णन गर्नु भयो। जुन जाग्रत अवस्थामा पुगेर त्यो धामको साक्षात् दर्शन गरी शब्दांकित गर्नु भयो। ती वस्तुको जबसम्म हामीहरू लक्ष्यमा लिइँदौंन, परमधामको वास्तविकता सुखआनन्द हाम्रो समक्ष कल्पनाको रूपमा मात्र प्रतीत हुनेछ। हे धामवासी आत्माहरू हो! हाम्रो अहोभाग्य उदय भइसक्यो र पनि यसरी कहिलेसम्मन् अन्धाधुन्धा अंधेरामा नै उल्लु-चमेरा सदृश रहने! अंधकारदेखिन् निस्किएर किन प्रकासमा न जाने? ब्रह्म-ब्रह्मधाम औ आफ्नो आत्माको घर विषयको ज्ञानरूप प्रकास बिनाको जीवन व्यतीत गर्नु नै मात्र यस जीवनको लक्ष्य होइन! जिन्दगीमा जुन विषय-वस्तुको मनन-चिन्तन गरिन्छ, उसैको स्वतः प्राप्त हुँदछ भने! किन ब्रह्म, ब्रह्मधाम याने आफ्नो आत्माको घरको चिन्तन-मनन न गर्ने?

निम्नोक्त प्रमाणको माध्यम हामी विचार गरौं त! जस्तो -

**''ब्रह्मविद् ब्रह्मैव भवति ब्रह्मविदाप्नोति परम्''।**

अविकल्परूपले ब्रह्म-ब्रह्मधामको ज्ञान यथार्थरूपले जानेर हामी पनि ब्रह्म-ब्रह्म धाम स्वरूप बन्न सक्दछौं भने, किन न बन्ने त! हिम्मत गरौं कम्बर बाँधौं न!! हामीलाई ब्रह्म-ब्रह्मधाम स्वरूप बन्न सक्दछौं भन्ने वेद -शास्त्रादिका आदेशानुसार ब्रह्म-ब्रह्मधाम स्वरूप न बन सके पनि ब्रह्मधामको सुख प्राप्त गर्ने अधिकारी पात्र बन्न सक्दौंन? जरूर सक्दछौं! कम्बर बाँधौं अगाड़ि बढ़ौं!! अब, हे धामात्मा हो! उपरोक्त आप्तोपदेशरूप वेदोक्तिका वचन शीरोधार्य गरी कम्बर

बाँढ्दा औ हिम्मत गर्दामा कुन-कस्तो नाफा हुने अनि उक्तवचन तिरष्कृत गरी ठुक्राउँदा कुन गुनाह-नोक्सान भोग्नु पर्दछ भन्ने विवेक गरौं है!

आज वर्तमान संसारमा मात्र शब्दज्ञानको आधार तर्क-वितर्क, बुद्धिवाद, मनमानी कल्पना तथा शब्दजालको बिना बुद्धिको बठ्याई नै मनुष्य जीवनको एकमात्र उदेश्य भएको छ। यस्तै उदेश्यको प्रलोभनमा समाज समुदाय यति साह्रो ग्रस्त भएका छन्। जस्तै- **'लाटाले पापा देखे झैं'** एक टक एकाग्रह भएर मस्त छन्। उनीहरूमा वास्तविक तथ्य के हो? सत्य कुन वस्तुको नाम हो? कल्पना अनि यथातथ्यमा कति के अन्तर छ? यस्ता-यस्ता विषय सम्झने शक्ति नै विलीन भइसकेको छ।

यसकारण सुज्ञसुन्दरसाथजी! आफ्नो आत्म सम्बन्धी सद्‌गुरू श्रीदेवचन्द्रजी औ धनी श्रीप्राणनाथजीका दया-कृपा प्राप्त गरे बिना त्यो अक्षरातीत धाम (घर) प्राप्त हुन् मुश्किल मात्र न भई अकाट्य असम्भव छ। यस कुरालाई सम्भवमा परिवर्तन गर्नमा यो "**आफ्नै घरको वर्णन**" नामको पुस्तक-ग्रन्थ सहायक बन्ने छ। यसद्वारा आफ्नो धामको वर्णन पढ़ेर, मनन गरेर, आफ्नै भाषामा सम्झनु नै सद्‌गुरू औ धनी श्रीप्राणनाथजीका दया-कृपा प्राप्त गर्नु हो। यसप्रकार आफ्नै दिल-दिमागद्वारा विस्मृत धामको सुख शान्ति औ आनन्द स्मृतिपटलमा जागृत गरी आफ्नो घर (धाम) मा फर्कनेछन् भन्ने

अधुरो-मधुरो आशा राखी यो पुस्तक-ग्रन्थ प्रकाशनमा ल्याएको छ।

अब निजधामका सुमन आत्माहरूमा यति नै आशा राख्दछु कि- श्रीप्राणनाथजी तथा सद्‌गुरूका लक्ष्य-धाम अक्षरातीत परमधामदेखिन् बिछड़िएका आत्माहरू जति छन् ती आत्माहरू त अवश्यमेव स्व-भाषायुक्त ग्रन्थ प्रकाशनको उदेश्यलाई सार्थक गराउने नै छन् अन्यलाई त मेरो उदेश्यप्रति सोच्ने औ विचार गर्ने फूर्सद नै कहाँ? उनीहरू समक्ष त बाध्य भई भन्नु पर्दछ कि –अरे भाई! ''**आफ्नो-आफ्नो स्वाद औ मस्ती नै मुबारक रहोस**''!

अन्त्यातिअन्त्यमा प्रेशादिका भूल-त्रुटि त अवश्यमेव कहीं न कहीं लुकेर-छुपेर रहेका हुँन्छन् नै हुँन्छन्। त्यस विषयका भूलादि तर्फ ध्यान न दिएर पाठकगण, सज्ञनवृन्द विषयवस्तु प्रति भावग्राही बनेर भूल-त्रुटि सुधारी पढ़ने कृपा गर्नु हुनको लागि अनुरोध गर्दछु।

- प्रणाम् -          - लेखक

# प्रथम दश भूमिकामय*महारसालय

## (अक्षरातीत परमात्माका+ परमधाम)

# ''श्रीरंगमहलको वर्णन''

''**अक्षरात्परतः पर**'':- अक्षरब्रह्मदेखि पनि परका अर्थात् '**सा काष्ठा सा परा गतिः**'- परात्परगति श्री अक्षरातीत पूर्णब्रह्म परमात्माका '**निजधाम**' श्रीपरमधामको वर्णन कस्तो-कुन प्रकारको छ?

अतः उक्त विषयको वर्णन निम्नप्रकारले छ - श्री निजधामको

---

* मूल मन्दिर मेतत्तु ह्यद्भुतं सुरसुन्दरि!
नवभूम्यात्मकं यत्तु दशमी चित्रशालिका।।
मूल भूमिस्तु प्रथमा द्वितीया मतिविभ्रमा।
तृतीया भोगरूपा च नृत्यभूमिश्चतुर्थिका।।
पञ्चमी शयनाख्या च षष्ठी वैमानिकीति च।
सप्तमी ह्यष्टमी चोभे दोलाभूमि निरूपिते।।
नवमी दूरलक्षा च दशमी चन्द्रभूमिका।
इत्येता दश चाख्याताः भूमयो निजवेश्मनः।।''

\+ ''परमात्मा परं ज्योतिः परं धाम परा गतिः।''
उपनिषद्

समतल भूमि (भुइँ) देखि एक भोम अल्गोगोलावृत चौतरामाथिदेखि प्रारम्भ भएको छ। यो निजधाम श्वेत रत्न हीराद्वारा × निर्माण भएकोछ। यसमा गोलावृत दुइ सय एक हाँस (पाटादार) विद्यमान छन्। यसरी दुइसय एक पहलदार चौतरामाथि दुइ सय एक पहलदार श्रीरंगमहल मूल मंदिर राजमहलकोरूपमा शोभायमान छ। यी पाटा दुइ सय एक पहलका भएता पनि हिसाबमा दुइ सय मात्र छन्।

मूल दरबाजाको हाँस (पाटा) दश मंदिरको छ ÷ औ दाहिने-देब्रेपट्टिका दुवै पहल पच्चीस-पच्चीस मंदिरका छन्। अन्य गिर्दका (चौतर्फी गोलाइ) हाँस तीस-तीस मंदिरका छन्। यसरी पूर्वदिशामा एकाउन्न हाँस छन् अरू तीनैदिशामा पचास-पचास हाँस छन्। जस्मा चौगिर्दका दुई सय एक हाँस छन्। श्रीरंगमहलको पूर्व-पश्चिम औ उत्तरदिशाका प्रत्येक मंदिरको बाहिरपट्टि दिवालमा दुई २ मेहेराब (धनुषाकार कमान) औ एक २ झरोखा (एक प्रकारको झ्याल) आठौं भोम सम्म सुशोभित छन्। उत्तरदिशापट्टि लाल-चौतराको सामने

---

× **एक हीरे का अरस है, जाको हांस दो सय एक।**
**है हिसाबसे बाहेर, कै हवेलियाँ मंदिर चौक अनेक।।**

**-(लालदास - ब.वृ.)**

÷ श्रीपरमधामको हिसाबमा मंदिरको नाप (माप) आउँदछ; यो मंदिर एक सय हात को लम्बा-चौड़ा छ।

तीन२ मेहेराब छन् औ ताड़बनको सामुन्ने दश हाँसमा पूर्ववत् नै दुई २ मेहेराब एक२ झरोखा छ। दइ सय हाँसमा दुइ सय एक नै गुर्ज पनि छन्। दुई-दुई हाँसका साँधमा एक-एक गुर्ज प्रथम भोमदेखिन् नै उपराउपर भोम२ हुँदै गएर दशमी चाँदनीमा प्रकट भएका छन्।

श्रीधाम दरबाजाको अगाड़ि चाँदनी चोक (आंगन-पटाङ्गिनी) मा मूल दरबाजाको सामुन्ने उभिएर हेर्दा; चाँदनी चोक एक सय छयसट्ठी (१६६) मंदिरका लम्बा-चौड़ा समचौरस छ। श्रीपरमधाममा प्रवेश गर्दा दाहिनेपट्टि लाल वृक्ष (रातो वर्णको रूख) छ औ देब्रेपट्टि हरावृक्ष (हरियो वर्णको रूख) छ। यी दुवैवृक्ष चौतरामाथि छन्। चौतराको मध्य भागमा वृक्ष औ सिंहासन छ। यस सिंहासनलाई चौतर्फीबाट घेरेर चौतराभित्र कुर्सी-बैठक आदि शोभायमान छन्। चौतराको किनारमा चौदिशाका सिंढ़ीको भागलाई छोड़ेर कठेड़ा (रेलिङ्ग) लागेका छन्। चारैदिशामा तीन-तीन सिंढ़ी चौतरामाथि जानु - आउनुको निम्ति चारैपट्टि छन्।

## चाँदनी चोक (आंगन-पटाङ्गिनी)

श्रीरंगमहलको आंगनको लम्बाइ-चौड़ाइ एक सय छयसट्ठ मंदिरको छ। यसको हिसाब यस प्रकार छ-श्रीरंगमहलको देब्रेपट्टि जुन लालवृक्षको चौतरो छ। त्यस चौतरादेखिन् उत्तरदिशापट्टि चाँदनी चोकको जगह तेत्तीस मंदिर छ। जुन चौतरामाथि लालवृक्ष छ त्यस चौतराको लम्बाइपनि तेत्तीस मंदिर नै छ; तब लालवृक्षको चौतराको

दक्षिण किनारदेखि चाँदनी चोकको उत्तर किनारसम्म चाँदनी चोकको जगह छयसट्ठ मंदिर भयो। उसरी नै हरावृक्षको चौतरोदेखि चाँदनी चोकको दक्षिण किनारसम्म तेत्तीस मंदिर छ, औ हरावृक्षको चौतराको लम्बाइ पनि तेत्तीस मंदिर नै छ। तब हरा वृक्षको चौतराको उत्तर किनारदेखि चौतराको दक्षिण किनारसम्म पनि चाँदनी चोकको जगह छयसट्ठ मंदिर नै भयो। पुनः यी दुइ चौतराका बीचमा चौतीस मंदिरको जगह छ। यी सब मिलाउँदा चाँदनी चोकको दक्षिण किनारदेखि उत्तर किनारसम्म (६६+३४+६६=१६६) एक सय छयसट्ठ मंदिर लम्बाइ हुन्छ।

उसरी नै चाँदनी चोकको पूर्व-पश्चिम चौड़ाइको हिसाबमा, पश्चिम श्रीरंगमहलको दिवालदेखि हरा-लाल वृक्षको पश्चिम किनारसम्म साढ़े छयसट्ठ मंदिरको जगह छ। पुनः हरा-लाल वृक्षको चौतराको पूर्व किनारदेखि चाँदनी चोककौ पूर्व किनार सम्मपनि साढ़े छयसट्ठ मंदिर नै जगह छ। अब वृक्षका चौतराको पश्चिम-पूर्व चौड़ाइ तेत्तीस तेत्तीस मंदिर भएकाले चौतराको चौड़ाइ तेत्तीस मंदिर गर्दा-जोड़दा ($६६^{१}/_{२}+६६^{१}/_{२}+३३=१६६$) एक सय छयसट्ठ मंदिर भयो। यस प्रकार श्रीरंगमहलको आंगन एक सय छयसट्ठ मंदिरको फराकिलो समचौरस छ।

## श्रीरंगभवनको मूल ढोका

श्रीरंगमहल मूल मंदिरको मूल दरबाजा भुइँदेखि एक भोम अल्गोमा

छ। यसमा सय सिंढ़ी बीस चाँदा लागेका छन्। यो भऱ्याङमा साना२ सय सिंढ़ी (खुट्किला) र बीस चाँदा (ठूला-फराकिलो खुट्किला) गर्दा जम्मा एक सय बीस सिंढ़ी खुट्किला छन्। चाँदा पाँच २ सिंढ़ीका बादमा आउँछन्, पाँच सिंढ़ी एक चाँदा, फेरि पाँच सिंढ़ी एक चाँदा यस प्रकार क्रमशः छन्। यी सिंढ़ी र चाँदाका दुवैपट्टि बगलमा परकोटा (रेलिङ्ग) लागेका छन्। मूल दरबाजा दुइ मंदिर अल्गो औ चौड़ाइ पनि दुइ मंदिर नै छ। श्री धाम दरबाजाको दायाँ-बायाँ दुवैपट्टि दिवालमा टाँसिएर दुइटा चौतरा छन्। यी चौतरा चौड़ाइमा दुइ २ मंदिर र लम्बाइमा चार २ मंदिरका छन्। यी दुवै चौतराका तीनैपट्टि पूर्व-उत्तर र दक्षिणदिशामा रत्न जड़ित कठेड़ा लागेका छन् औ पश्चिमतर्फ धामको दिवालमा जोड़िएका हुनाले कठेड़ा छैनन्। यी दुइ चौतरामा जम्मा बीस थंभ छन्। यी बीस थंभ निम्नप्रकार छन्। चौतराको पश्चिमपट्टि दशथंभ श्रीधाम दिवालमा मिलेका छन् औ दश थंभ चौतराको किनारमा पूर्वपट्टि छन्। यी थंभहरू पाँच प्रकारका नंगरत्नले जड़िएका छन्। जस्तै - चार थंभ हीराका, चार थंभ माणिकका, चार पुखराजका, चार पाचका औ चार नीलवी नंग-रत्न जड़ित छन्। यी बीस थंभमा जम्मा बाइस मेहेराब बनेका छन्। यी बाइस मेहेराब मध्ये दुइटा मेहेराब दुइ चौतराका उत्तर-दक्षिण कुनाका गुर्जमा छन्। प्रत्येक चौतरामा आठ-आठ मेहेराब छन्। यी आठ २ मेहेराबमा चार २ मेहेराब चौतराका पश्चिमपट्टि धामदिवाल-भित्तामा अक्सी (आकार

मात्रका) रूपका छन् अन्य चार २ चौतराका किनारमा खुला छन्। मूल दरबाजाको दुइटा मेहेराबमा-एउटा मेहेराब दुइटा चौतराको बीचमा जुन दुइ मंदिरको लम्बा-चौड़ा चोक छ, त्यस चोकको पूर्व किनारमा चोक र सिंढ़ीको साँधमा खुला दुइ मंदिर अल्गो शोभायमान छ। अर्को मेहेराब यस मेहेराबको सामुन्ने पश्चिमपट्टि मूल ढोकाको दायाँ-बायाँ अक्सी आकारको दुइ मंदिर अल्गो सुशोभित छ। यी दुइटा मेहेराब दुइ २ मंदिरका अल्गा दुइ २ मंदिरका नै चौड़ाइवाला छन्। यी दुइ चौतराका सन्धिमा दुइ मंदिर लम्बा-चौड़ा जुन चोक छ। यो चोक दुइटै चौतरादेखि एक सिंढ़ी तल (होचोमा) छ। यस चोकको उत्तर-दक्षिणपट्टि दुइटा मेहेराब छन्। यी मेहेराब दुइ मंदिरका चौड़ा औ एक मंदिरका अल्गा छन्। पुनः यी दुइ चौतरामा जो सोह्र मेहेराब छन्। यी एक २ मंदिरका चौड़ा औ एक २ मंदिरका नै अल्गा पनि छन्। दुइटा गुर्जका जो दुइटा मेहेराब छन्, ती पनि दुइ २ मंदिरका चौड़ा औ एक २ मंदिरका अल्गा छन्। यस प्रकार बीस थंभमा बाइस मेहेराब चौतरामाथि सुशोभित भइरहेका छन्।

## मूल ढोका

श्रीरंगमहल परमधामको मूल ढोकामा सिंदूरियाँ रंगको चौकठ-ठेलो औ दर्पण-रंगको किमाड़-पल्ला छन्। दरबाजाको दाहिने-देब्रे दुवैपट्टि पचास-पचास हात चौड़ाइ जगह चौकठ नेर छ। यसमा अनेकौं प्रकारका मणिमय चित्र-कला, बेल-बुट्टाले भरिभराउ शोभायमान

छ। ढोकाको चौतर्फी हरियो रंगको किनार तथा ढोकाको बीच-बीचमा रत्नादि मणिमय बेल-बुट्टा औ सुन्दरातिसुन्दर फल-फूल, लहरा-पत्तादिका नक्शकारी कटाव-कुँदिएका देदीप्यमान जगमग-जगमग गरी जगमगाइरहेका छन्। प्रातःकाल सूर्योदयको बेला सूर्यका किरणहरू ढोकामा ठोकिन्छन्, तब दरबाजाका प्रतिबिम्बित् किरण संग, बिम्ब-प्रतिबिम्ब किरण परस्परमा तकरार-युद्ध गरे झैं प्रतीत हुँदछ। अर्थात् सूर्यका बिम्बरूप किरण-ज्योत-प्रकाशलाई दरबाजामा ठोकिएर फर्किएका प्रतिबिम्बरूप किरण ज्योत-प्रकाशले "**जोत जोतसों करे जंग, प्रकाश प्रकाशसों लड़े अभंग**" रूपले आपस्तमा ठेलमठेलको दृश्य अत्यन्तै सुमनोहर एवं आनन्ददायक लाग्दछ।

अब यो मूल दरबाजाबाट भित्र प्रवेश भई मंदिरको भित्रपट्टिको ढोकादेखि अगाड़ि गएर हेर्दा "**६-६ हजार मंदिर दोउ हार**" ६-६ हजार मंदिरका दुइ हार गोलावृत घुमेका देखिन्छन्। यी दुइ हार मंदिरका बीचमा दुइ हार थंभका पनि मंदिरका हार संग-संगै गोलावृत घुमेका छन्। यसप्रकार दुइ हार मदिरका बीच तीन हार गल्लीका मंदिर थंभ जस्तै गोलावृत घुमेका छन्। यी ६, ६ हजार मंदिरमा जम्मा बयालीस हजार मेहेराब गल्लीमाथि जाज्वल्यमान भइरहेका छन्। यी मेहेराब दुइहार मंदिरका बीचमा, एक मंदिरको हद्धमा सातवटा मेहेराब छन्। यी सात मेहेराब मध्येका पाँच मेहेराब खुला छन् औ दुइटा मेहेराब दुइपट्टि मंदिरका भित्तामा एक-एकवटा अक्सीरूपका

छन्। यसप्रकार दुइ हार मंदिर, थंभ तथा गल्ली र मेहेराबादिका शोभा सुन्दरता उपराउपर प्रत्येक भोममा नौ भोम पर्यन्त समानरूपले सुशोभित छन्।

रंगभवनको बाहिरपट्टिको हारमा जो ६ हजार मंदिर छन्। ती प्रत्येक मंदिरमा पाँच-पाँच मेहेराब सुशोभित छन्। यी पाँच मेहेराब मध्ये दुइटा मेहेराब बाहिरपट्टिको दिवालमा छन् औ एक-एक मेहेराब मंदिरको दाहिने-देब्रेपट्टि दुइ मंदिरका साँधको दिवालमा छन्। पुनः एक-एक मेहेराब मंदिरको भित्रपट्टिको दिवालमा छ। यसप्रकार प्रत्येक मंदिरमा पाँच-पाँचवटा मेहेराब देखिन्छन् तर गिन्ती गर्दा चार-चारवटा मात्र हिसाबमा आउँछन्। यसरी ६ हजार मंदिरका मेहेराब ६×४=२४ चौबीस हजार हुन्छन्। उत्तरदिशापट्टि लाल चौतराको सामुन्ने भित्तामा चालीस हाँससम्म प्रत्येक मंदिरको झरोखाको स्थानमा बाह्र सय मेहेराब बढ़ता छन्। लाल चौतराको बाह्र सय मेहेराब सहित प्रथम भोमको बाहिरी हार मंदिरको जम्मा मेहेराब पच्चीस हजार दुइ सय मेहेराबमा चार मेहेराब कमी हुन्छन्। यी चार मेहेराब मूल दरबाजाको ठाउँमा दुइ मंदिरका कम्ती भएका हुन्। फेरि भित्रपट्टिको ६ हजार मंदिरको दोस्रो हारमा मंदिरको संख्या ६ हजारमा बाह्र मंदिर कमी छन्। यी बाह्र मंदिर अट्ठाइस थंभका चोकले लिएको छ। यो दोस्रो हार मंदिरका, प्रत्येक मंदिरमा चार-चार मेहेराब देखिन्छन् तर गन्तीमा तीन-तीन मात्र छन्। ६ हजार मंदिरका अठार हजार मेहेराब हुन्छन्।

जुन २ हारमा ६ हजारदेखि मंदिर संख्या जति २ कम्ती हुन्छन्। त्यहाँ मेहेराब संख्या पनि कम्ती हुन् जान्छन्। जस्तै प्रथम हारको मूल ढोकामा र दोस्रो हारको अट्ठाइस थंभको चोकमा कम्ती छन्। जसरी प्रथम भोममा थंभ मेहेराब गल्ली आदिका संख्या छन् उसरी नै नौ भोम पर्यन्त समानरूपले बराबर छन् घट बढ़ छैनन्।

## अट्ठाइस थंभको चोक

यो अट्ठाइस थंभको चोक, मूल दरबाजाको सामुन्ने पश्चिमपट्टि छ। मूल ढोकादेखि प्रवेश गरी पहिलो हार मंदिर पारहुने बित्तिकै यस चोकमा पुगिन्छ। यो चोक लम्बाइमा बाह्र मंदिर र चौड़ाइमा सात मंदिरको झल्झलाकार शोभायमान छ। यस चोकमा जम्मा अट्ठाइस थंभ यसप्रकार छन्। दश थंभ चोकको पूर्वदिशापट्टि मूल ढोकाको सामुन्ने छन् औ दश थंभ चोकको पश्चिम दिशापट्टि रसोईको चोक (भोजनालय) को अगाड़ि सामुन्नेमा छन्। चार थंभ चोकको उत्तरपट्टि औ चार थंभ दक्षिणदिशापट्टि विद्यमान छन्। यसप्रकार अट्ठाइस थंभले चौतर्फ आवृत हुना कारण नै यस चोकलाई अट्ठाइस थंभको चोक भनिन्छ। जुन प्रकार अट्ठाइस थंभको चोक प्रथम भोममा (तला) छ; त्यसरी नै उस्तै अनि उही ठाउँमा नौ भोमसम्म सबैमा विद्यमान छन्।

## रसोईको चोक - (पाकशाला)

रसोईको चोक अट्ठाइस थंभको चोकबाट सीधा पश्चिमपट्टि जाँदा यस चोकमा पुगिन्छ। यो चोक तेइस-तेइस मंदिरका लम्बा-चौड़ा

समचौरस छ। यस चोकको पूर्वपट्टि बीचमा दश मंदिरको देहलान छ, देहलानमा दश-दश थंभका दुइ हार छन् अनि देहलानका दाहिने-देब्रे दुवैपट्टि पाँच-पाँच मंदिर छन्। दक्षिणदिशापट्टि दश मंदिर छन् औ दश मंदिरको ठाउँमा देहलान छ यस देहलानको बाहिरपट्टि दिवाल छ, दिवालमा दश दरबाजा छन् औ भित्रपट्टि दश थंभ प्रकाशित भइरहेका छन्। चोकको पश्चिमदिशापट्टि बीस मंदिर छन, देहलान छैन्। उत्तरदिशापट्टि पुनः दश मंदिरको देहलान छ, देहलान को बाहिरपट्टि दिवालमा दश दरबाजा छन् भित्रपट्टि दश मणिमय थंभ सुशोभित छन्। अतः यस चोकमा प्रवेश गर्दा - तथा :-

**पैठते दाहिने तरफको, दश मंदिर स्याम सेत।**
**ता बीच एक मंदिर भर सिढ़ीयां, नूर रोशन झलकत।।**

-(**लालदास. ब. वृ.**)।

यो चोक भित्र प्रवेश गर्दा आफ्नो दाहिनेपट्टि, ईशानकोणदेखि पश्चिमपट्टिका दश मंदिरमा; जहाँ स्याम-स्वेत मंदिर छन् '**स्याम श्वेतके बीचमें, सुन्दर सिढ़ियाँ शोभित**'- (श्रीमुख)। यी दुइ श्याम-श्वेत मंदिरका बीचमा जुन मंदिर छ, त्यसमा मंदिरभरको चौड़ा सिंढ़ी भोमभरको अल्गो छ। यसबाट उपराउपर प्रत्येक भोममा जानु सकिन्छ। यो सिंढ़ी अत्यन्तै सुन्दर प्रकाशयुक्त झल्झलाकार भइरहेको छ।

रसोईको चोकमा जम्मा पचास मंदिर छन्। यहाँ तीस मंदिरको ठाउँमा तीन जगह पूर्व-उत्तर-दक्षिण दिशामा तीनोटा देहलान छन्।

यस चोकका प्रत्येक मंदिरमा चार२ मेहेराब देखिन्छन् तर हिसाबमा तीन-तीनवटा मात्र हुन्छन्। यसको चारैदिशामा एक-एक मंदिरको लम्बा-चौड़ा चार दरबाजा छन्। चौकुनाका चार मंदिर र चार ढोकाका चार मंदिर, यी आठ मंदिर उक्त असी मंदिरदेखि फाल्टु हुन्। यस चोकलाई असी मंदिरको चोक तथा चौरस हवेली पनि भन्दछन्।

यहाँ चोकको बाहिरपट्टि गल्लीमा चौतर्फी पच्चीस-पच्चीस जम्मा एक सय थंभले चोकलाई आवृत गरेको छ। यस चोकका मंदिरको भित्रपट्टि प्रत्येक दिशामा उन्नाइस -उन्नाइस थंभ छन्। चारैदिशाबाट जम्मा छयहत्तर थंभले घेरेको छ। चोकको बीच भागमा सत्र मंदिरको लम्बा-चौड़ा औ कम्मर भर अल्गो चौतरा छ। यस चौतराको किनारमा चौतर्फी जम्मा अड़सठ थंभ छन्। एक दिशामा सत्र थंभ छन्। चौतरामाथि किनारमा वरिपरि यी थंभ झल्झलाकार शोभायमान छन्। चौतराको चारैदिशामा तीन-तीन सिंढ़ी औ चौतराको किनारमा कठेड़ा लागेका छन्। चौतरा भित्र सुन्दर गलैंचा बिछ्याएको छ अनि सीधामाथि चँदुवाले चौतरालाई छत्रीवत् शोभायमान गराएको छ। यहाँ चौतराको मध्यभागमा रत्नै-रत्नले जड़िएको सुन्दर सिंहासन विद्यमान छ।

यसप्रकार रसोईको चोक उपराउपर प्रत्येक भोममा नौ भोमसम्म सुशोभित छ। अन्य यसै प्रकारका चौरस चोक यस चोकको गोलाइमा तथा अगाड़िपट्टिका दोस्रो तेस्रो र चौथो हार गोलाइमा पनि यसरी नै असी-असी मंदिरका चोक छन्। यो रसोईको चोकको वर्णन र अन्य

असी मंदिरका चौरस हवेलीका बनौट-वर्णनमा केही फरक छैन; फरक केवल देहलानमा छ। रसोईको चोकमा जुन ठाउँमा तीन देहलान छन्, त्यस देहलानका जगहमा अन्य चौरस चोकमा मंदिर नै छन्, देहलान छैनन्,। यसकारण चौरस चोक (हवेली) लाई असी मंदिरको चोक-हवेली पनि भनिएको छ।

यी चोक तथा हवेलीहरू, एक हारको गोलाइमा जम्मा दुइ सय एकतीस चौरस-हवेली छन्। यस्ता चार-हार (एक पाँति) का जम्मा २३१×४=९२४. नौ सय चौबीस हवेली छन्। एक भोमको जस्तो वर्णन छ, उस्तै वर्णन नौ भोमसम्मको समान छ। यी प्रत्येक हवेलीको दरबाजाका आमुन्ने-सामुन्ने चौबीस २ मेहेराब सुशोभित छन्। पुनः जुन २ ठाउँमा चार हवेलीका चौकुना पर्दछन्, त्यहाँ २ पनि चौबीस २ मेहेराब विद्यमान छन्। यी दरबाजा र हवेलीका कोणको मेहेराबादि नौ भोम पर्यन्त एकनास शोभायमान छन्।

## पाँचवाँ चोक मूलमिलावा

मूलमिलावाको हवेली, मूल दरबाजाको सामुन्ने पाकशालाको चोकदेखि क्रमैले सीधा चार चौरस हवेली पार गरेपछि पाँचौं चोक जुन आउँदछ। यस चोकलाई मूलमिलावाको चोक भन्दछन्। यो चोक गोलाकार छ, यसकारण यस चोकलाई गोल हवेली पनि भन्दछन्। यो चोकमा गोलावृत साठ मंदिर छन्। चारैदिशामा चार दरबाजा छन्। चोकको बाहिरपट्टि चौसठ थंभ औ चौसठ थंभ भित्रपट्टि बीचमा

तथा चौसठ थंभ कम्मर भर अल्गो चौतराको किनारमा वरिपरि घुमेका छन्। यसरी चौसठ २ थंभका तीनहारले आवृत यो चोकको चौतरा कम्मर भर अल्गोमा अत्यन्तै शोभायमान छ। यस चौतराको चारैदिशामा तीन-तीन सिंढ़ी लागेका छन् औ किनारमा कम्मर भर अल्गा कठेड़ा झल्झलाकार प्रकाशमान भइरहेका छन्। यी चौसठ थंभका वर्णन अलग-अलग छन्।

## चौसठ थंभ

सर्वप्रथम चोकको पूर्व दरबाजाका दुइ थंभ 'पाच' रत्न-नंगका छन्। यी पाच रत्नवाला थंभका आस-पास (दुइ बगल) का थंभ 'नीलवी' का छन्। अब यी थंभका सीधा पश्चिम दरबाजाका दुइ थंभ 'नीलवी'का छन् औ नीलवीका दुवै बगलमा दुइ थंभ 'पाच' का छन्। यसरी पूर्व-पश्चिम दरबाजाका आठ थंभ 'पाच र नीलवी' दुइ नंगका भए। अब यही रीतले दक्षिणदिशाको दरबाजामा दुइ थंभ 'माणिक' का छन् औ यसका दुवैपट्टि बगलमा दुइ थंभ 'पुखराज' नंगका शोभायमान छन्। पुनः उत्तरदिशाको दरबाजामा दुइ थंभ 'पुखराज' रत्नका छन् औ यसका बगलमा दुइ थंभ 'माणिक' नंगका सुशोभित छन्। यस प्रकार उत्तर-दक्षिण दरबाजाका आठ थंभ गर्दा चारदिशाका चारदरबाजाका जम्मा सोह्र थंभ उपरोक्त प्रकारले छन्।

अब अन्य अठचालीस थंभ चौकुना-खाँच दुइदिशाका (पूर्व देखि गणित) थंभका बीचमा तथा दुइ दरबाजाका मध्यमा बाह्र -बाह्र थंभ

चारैकोणमा शोभायमान छन्। जस्तै- पूर्व दरबाजादेखि परिक्रमा गर्दै जाऊ त दक्षिण दरबाजापट्टिका थंभमा दुइ थंभ पूर्व दरबाजामा गिन्ती भएका लाई छोड़ेर, तेस्रो थंभदेखि खाँचका थंभ शुरु हुन्छन्। यी खाँचका थंभ दुइ दरबाजाका बीचमा बाह्र-बाह्रवटा छन्। यी खाँचका बाह्र थंभ निम्नप्रकारले शोभायमान छन्। अतः —

**हीरा लसनियाँ गोमादिक, मोती पन्ना प्रवाल।**
**हेंम चाँदी थम्भ नूरके, थंभ कंचन अतिलाल।।**
**पिरोजा और कपूरिया, याके आठ थंभ रंग दोय।**
**गिन छोड़े दोऊ द्वारसे, बने हर रंग चार चार सोय।।**

-(श्रीमुख)।

१. हीरा २. लसनियाँ ३. गोमादिक ४. मोती ५. पाना ६. प्रवाल ७. हेम ८. चाँदी ९. नूर १०. कंचन११. पिरोजा १२. कपूरिया। यी बाह्र रत्न-नंग र रंगका बाह्र थंभ एक खाँच-कोणका भए। उसरी नै प्रत्येक दरबाजाका गिनती भएका चार थंभ छोड़ेर चारै खाँचका बाह्र थंभका नाम क्रमबद्ध छन्। यसप्रकार चार खाँचका १२×४=४८. अठचालीस थंभ औ चार दरबाजाका ४×४=१६. सोह्र थंभ सहित जम्मा गोलाइमा चौसठ थंभ छन्। यस गोलाइमा एक रंग-नंगका चार थंभ यथास्थानमा छन्। यी चौसठ थंभ चोतरामाथि जाज्वल्यमानले सुशोभित छन्।

यस चोकको किनारमा कम्मर भर अल्गा कठेड़ाका भित्रपट्टि

चौदिशाका चार दरबाजालाई छोड़ेर, खाँच २ भरिका नरम-मुलायम लालवर्णका तकिया लगाइएका छन्। यी तकिया एक दरबाजाको थंभ देखि अर्को दरबाजाको थंभ सम्म सोह्र २ थंभ भरिका छन्। चोकमाथि मोतीका लट्कनयुक्त झल्लरवाला अति मनोहर नूरको प्रकाशपुञ्ज चँदुवा जगमगाइरहेको छ। यस प्रकारको चँदुवा चोकमाथि छत्रीवत् सुशोभित छ। यस चँदुवाको बीच भागमा विभिन्न प्रकारका चित्र, बेल-बुट्टादिले भरिभराउ छ। यसप्रकारको यो चोक थंभ, गलैंचा, चँदुवा-झल्लर, कठेड़ा, सिंहासनादिका प्रकाशमान किरणहरू परस्पर टक्राउँदा एक-दुस्रामा ठेलमठेलादिका दृश्य आनन्दप्रद प्रतीत हुँदछ तथा चोक प्रकाशपुंजले जाज्वल्य भइरहेको छ।

यो गोलावृत चोक- चौतरालाई ढाकेर भुइँमा पशम, अतिनरम-मुलायम गलैंचा बिछ्याएको छ। यस गलैंचामा श्याम-श्वेत-हरी-जरद (कालो-सेतो-हरियो र पहेंलो) चार रंगका समतल चौड़ीदार गोलावृत खाँच घुमेका छन्। यो गलैंचामा बस्दा हातभर दबिन्दछ औ उठदा समान (स्प्रिङवत्) हुँदछ। जुन चौड़ीदार डोरा छन् ती डोरा समतल पाटामाथि तीन हार गोलावृत भई सखीहरूका पङक्ति सुशोभितरूपले बिराजमान भएका छन्। श्यामवर्णको भुइँमाथि बाहिरी किनारमा ६ हजार सखीहरूको प्रथम पंक्ति छ। यसको अगाड़ि गोलावृत स्वेत डोराको समतलमाथि चार हजार सखीहरु छन्। यी दुवै पंक्ति सखीहरूका अगाड़ि तेस्रो हरियो समतल डोरामा दुइ हजार सखीहरू

छन्। गलैंचाको मध्यभागमा जुन पहेंलो वर्णको समतल भुइँ छ, यसको पनि बीच भागमा सहस्रदलका अलग-अलग रंगले सुशोभित पाँखड़ीवाला कमल छ। यस कमलपुष्पमाथि "**कंचन रंगको सिंहासन**" झल्झलाकार भइरहेको छ। जुन सिंहासनमा युगलस्वरूप "श्रीराजश्यामाजी" बिराजमान हुनु भएका छन्। सिंहासनको अगाड़ि दुइटा नूरका चौकी शोभायमान छन्।

## कंचन रंगको सिंहासन

चोकको मध्यभागमा सहस्रदल कमलपुष्पमाथि रत्नै-रत्नलेजड़ित कंचन रंगको सिंहासन जगमग-जगमग जगमगाउँदै गरेको झल्झलाकार विद्यमान छ। यो सिंहासन को ६ खुट्टा (पाउ)औ ६ डाड़ा-डण्डी जगमगाइरहेका छन्। यी प्रत्येक डण्डीमा दश-दश रंगका जवाहिरातले भरिभराउ झल्कार गरिरहेका छन्। प्रत्येक डण्डामा निम्नप्रकार जुहारत (रत्न-मणि) छन्। यथा- १. मोती २. रतन-मणि ३. माणिक ४. हीरा ५. हेम-पाना ६. पुखराज ७.गोमादिक-गोमेद ८. पाच ९. पिरोजा १०. प्रवाल।

यहाँ सिंहासनासीन युगलस्वरूप (श्रीराजश्यामाजी) का स्वरूपमाथि सुन्दरातिसुन्दर दुइटा छत्री शोभायमान छन् औ लाल माणिकका दुइटा फूल छन्। त्यसमा नीलवीको पाँखड़ी, कमल-पाँखड़ी सदृश शोभायमान भइरहेको छ। छत्रीका चौतर्फी जवाहिरातका लट्कनयुक्त झाल्लर चम्किरहेका छन्। सिंहासनको ६डाड़ामाथि ६ वटा हेमका

कलश लागेका छन्। दुइटा हेमका कलश दुवै छत्रीमाथि गुमटमा शोभायमान छन्। यस प्रकार सिंहासनमा जम्मा आठवटा कलश हेमका झल्कारगरिरहेका छन्। सिंहासनको पछाड़ि पश्चिम पट्टिका तीन डण्डीका बीचमा दुइटा तकिया छन्। यी तकियामा कुँदिएका काँगरी (खजुराकार बेल-बुट्टायुक्त) सुशोभित छन्। श्रीयुगल स्वरूपलाई एउटै पशम-गादी बिछ्याएको छ। त्यस गादीमाथि दुइटा चाकला औ पाँच तकिया छन्। यी तकिया दइ स्वरूपका पछाड़ि एक-एकवटा, दुइ स्वरूपका बीचमा एउटा औ दायाँ-बायाँ एक-एकवटा शोभायमान छन्। यसप्रकार सिंहासनमाथि श्रीयुगलस्वरूप सखी समूहले आवृत बिराजमान हुनु हुन्छ।

## श्री राजश्यामाजीका सिंगार

उक्त प्रकारको अनन्त शोभायुक्त प्रकाशमान सिंहासनासीन युगलस्वरूपा -श्री राज्जीमहाराजले सिंदूरियां रंगको चीरा-पगरी, आशमानी रंगले जड़िएको पछेउरा, नीलो र पहेंलो मिस्कट रंगको पटुका, केशरियां रंग जड़ाउको इजार (एक प्रकार को पायजामा जस्तो सुरूवाल) स्वेत-स्फटिक रंग जड़ाउको टकटकाउँदो जामा पहिरनु भएको हुनु हुन्छ। पुनः श्रीराज्जीमहाराजका युगल-चरणमा झाँझरी, घूँघरी, काँबी, कड़ला शोभायमान छन्। हस्तयुगलका दशौं अंगुली-औंलामा रत्नजड़ित मुन्द्रा-औंठी छन् तथा हस्तकमलमा गजरा, पहोंची, तावीज एवं कुहुनामाथि झुम्कादार बाजूबन्ध सुशोभित

छन्। कण्ठ-गलामा नवरत्नी दुगदुगीवाला सात हार सुशोभन भइरहेका छन्। कानमा मोती जड़ित कर्णफूल, शिरमा शिरपोश (टोपी), शिरपोश माथि पगरी, पगरीमाथि श्रीपेच-कलंगी सुशोभन भइरहेका छन्। यस प्रकारका वस्त्रालंकारले सुसज्जित '**सुन्दर सन्कूल सकोमल**' स्वरूप सिंहासनासीन बिराजमान हुनु हुन्छ।

उक्त अनन्त शोभनीय प्रकाशवान सिंहासनासीन श्रीराज्जीमहाराजका बायाँपट्टि बिराजमान श्रीश्यामाजीमहारानीजीले सिंदूरियां रंगको साड़ी-फरिया, श्याम रंग जड़ाउको चोली, नीलो लाहारंगको चरनियां वस्त्रादिका पहिरनमा सुसज्जित भई बिराजमान हुनु हुन्छ। यस प्रकारका वस्त्रादिका साथै वहाँका युगल चरणमा पनि काँबी-कड़ला-झांझरी-घूँघरी तथा अंगुठा-औंलामा अनवट -बिछुआ शोभायमान छन्। हस्तकमलका दशौं औंलामा औंठी-मुन्द्री, नवघरी दोरीचूड़ तथा कंकण सुशोभित छन्। हस्तयुगलका दुवै कुहुनामाथि झम्कावाला बाजूबन्ध एवं गलामा नवरत्नी दुगदुगीयुक्त सात हार झल्झलाकार गरिरहेका छन्। मुखचोकमाथि नासिकामा बुलाकी औ नत्थि चम्किरहेका छन् तथा कानमा मोतीका कर्णफूल, मस्तकमा टायरा, शिरफूल-वेणीफूल झम्कादार प्रकाशयुक्त विद्यमान छन्।

उपरोक्त वस्त्रालंकारादिले सुशोभन हुनु भएका सुन्दर सन्कूल सकोमल श्रीयुगलस्वरूपका, युगल चरणमा वार-वार प्रणाम् गर्दछु-

प्रणाम ...।

# छत्तीसहार हवेली

श्रीरंगभवन स्थित चौतराको पूर्वकिनारदेखि पश्चिम किनारसम्म औ उत्तरकिनारदेखि दक्षिण किनारसम्म दुइ लाख कोसको लम्बा-चौड़ा चौतारो छ। चौतराको जगहलाई बराबर तीन भागमा विभाग गरिएको छ। यी तीन हिस्सा मध्ये, बीचको एक हिस्सालाई छोड़ेर दुइपट्टिका जो दुइ हिस्सा छन्। तिनमा तीन प्रकारका हवेलीहरू गोलाकाररूपले झल्झलाकार स्थित छन्। यी हवेलीहरू, चौरस-हवेली, गोल-हवेली औ पञ्चमहल्ला नामले प्रसिद्ध छन्। यस्ता हवेलीका जम्मा छत्तीस हार गोलावृत घुमेका छन्, यसर्थ यी हवेलीलाई छत्तीसहार हवेली पनि भनिन्छ। मूल ढोका सीधा रसोई चोक-पाकशालाको हवेलीदेखि सीधा पश्चिम पञ्चमहल्लाको हवेलीसम्म छत्तीसहार छन्। जस्तै -

**<u>चौरस हवेली</u> :-**

अट्ठाइस थंभको चोकदेखि प्रथम पंक्ति चौरस हवेलीको छ। यसको बनौट वर्णन रसोईको चोकमा गरिएको छ। यस्लाई असी मंदिरको चोक पनि भनिएको छ। <u>गोलहवेली</u> गोलावृत आकार भएको हवेलीलाई गोल हवेली भनिन्छ। यो गोल हवेलीको आकार प्रकार बनौटको वर्णन पनि 'मूलमिलावा' को हवेलीमा गरिएको छ। <u>पञ्चमहल्ला</u> पाँचोटा महलका संयुक्ताकारलाई पञ्चमहल्ला भन्दछन्। पंचमहल्लाका प्रत्येक महल चौरस हवेली सदृश छन्। यी पंचमहल्लाका पाँच हवेलीमध्ये

एक हवेली मध्यमा छ औ बीचको महलका चौतर्फी दिवाल संग जोड़िएर चौदिशामा चार महल छन्। दिशाका महल र बीचका महलको साँधमा एउटै दिवाल छ। यसप्रकार पाँचोटा महल मिलेको एकाकार महल हुनाले पञ्चमहल्ला भनिएको हो। पंचमहल्लाका प्रत्येक महलको आकार-प्रकार, बनौट सब चौरस हवेली जस्तै एक समान छन्।

उपरोक्त तीन किसिमको हवेलीका छत्तीसहार यसप्रकार स्थित छन्। जस्तै-अट्ठाइस थंभको चोकदेखि अगाड़ि प्रथम चारपंक्ति चौरस हवेलीका छन्। एकनासका आकारवाला चारहार हवेलीका एक पाँति भए। यो पाँतिको अगाड़ि गोल हवेलीका चार पंक्तिको अर्को पाँति आउँछ। यी गोल हवेलीको पाँतिदेखि अगाड़ि पुनः चौरस हवेलीका चारहारको अर्को पाँति आउँदछ। यसप्रकारले क्रमशः चौरस-गोल, चौरस-गोल गर्दै, चारपाँति चौरस हवेलीका औ चारपाँति गोल हवेलीका जम्मा आठ पाँतिपछि पञ्चमहल्लाका चारहारको एक पाँति छ। यी तीन प्रकारका हवेलीका जम्मा नौ पाँतिमा ९×४= ३६. छत्तीसहार हवेली छन्। यिनै हवेलीका समूह संज्ञा '**छत्तीसहार हवेली**' हुन्।

उक्त छत्तीसहार मध्ये एक हार हवेलीका चौतर्फी गोलाइमा दुइ सय एकतीस हवेली छन्। यस हिसाबले एक पाँति (चारहार) हवेलीका गोलाइमा जम्मा नौ सय चौबीस हवेली छन्। पुनः त्रिविध हवेलीका जम्मा नौ पाँति छन्। यी नौ पाँति हवेलीका जम्मा संख्या. (९२४×९=

८३१६) आठ हजार तीन सय सोह्र हवेली छन्।

उप्रान्त यी छत्तीसहार हवेलीका अगाड़ि चौतराको मध्यभागमा गोलावृत जुन चौतराको तेस्रो हिस्सा जगह छ। यस्लाई पनि पुनः तीन हिस्सामा विभाग गरिएको छ। बीचको भागलाई छोड़ेर दुइपट्टिका दुइभाग जगहमा विभिन्न प्रकारका फूलवारीका बगैंचादिले भरपूर शोभायमान छ। चौतर्फी बगैंचादिले घेरेको बीचको तेस्रो भाग जगहमा 'नौ चोक' जाज्वल्यरूपले शोभनीय छ। यी नौ चोकका बाहिरपट्टि चौतर्फी दुइ हिस्सा जगहमा बगैंचा-नहर-चेहेबच्चा-झरना-फुहारादिका सुमनोहर शोभाले परिपूर्ण छ। अर्कोतिर बीचको हिस्सामा 'नौ चोक' का मनमोहक महल-मंदिर-द्वारादि जाज्वल्यमान चम्किरहेका छन्। यी नौ चोकमा, आठ चोक आठौं दिशामा स्थित छन् औ एक चोक मध्यमा अनुपम अवर्णनीय प्रकाशले प्रकाशपुञ्जवत् स्थित छ। यो मध्य चोकलाई श्रीपच्चीसपक्ष परमधाम-ब्रह्मधामको मूलकेन्द्र स्थान मानिन्छ। यसको गहन-महत्त्व का वर्णन पाँचमी भोममा गरिन्छ।

## दोस्रो भोम (तला)- भूलवनी

श्रीरंगमहलको दोस्रो तला (भोम) मा पश्चिम-उत्तर कुनाको गुर्जदेखि उत्तर-पूर्वकोणपट्टि उत्तरदिशाका चालीस हाँसका बाह्र सय मंदिर छोड़ेर, एकचालीस-बयालीस-त्रितालीस औ चौवालीस हाँसका बीस मंदिरसम्म एक सय दश मंदिर हुन्छन्। यिनै एक सय दश मंदिरका

बीचमा, बाहिरपट्टि खड़ोकली (जलाशय-पानीको इनार) छ। यस जलाशय-चेहेबच्चादेखि लाल-चौतरापट्टिको चालीस मंदिर, अनि चालीस मंदिर चेहेबच्चाको पूर्वपट्टि तथा तीस मंदिर चेहेबच्चाको सामुन्नेका जम्मा एक सय दशका सामुन्नेमा यथा-

**चबूतरे चेहेबच्चो लग, बीच चालीस मंदिर।**
**चालीस चेहेबच्चे परे, अस्सी बीच तीस अन्दर।।**

- (श्रीमुख)।

उक्त एक सय दश मंदिरका सामुन्ने भित्रपट्टि दुइ हार मंदिर छोड़ेर चौरस हवेलीको प्रथम पाँतिका चार चौके सोह्र हवेलीका जगहमा, एक सय दश मंदिरका, एक सय दश हार जम्मा बाह्र हजार एक सय मंदिरको स्थानमा '**भूल-भूलैया स्थान**' भूलवनी शोभायमान छ।

यी मंदिरका मध्यभागमा दश-दश मंदिरका दश हार जम्मा एक सय मंदिरको ठाउँमा समचौरस चोक छ। यसमा छत्तीस मंदिरको जगह परिक्रमाको निम्ति छ औ चौसठ मंदिरको जगहमा चौतरा-चोक छ। अतः-

**चौक खड़े होए जब देखिए, चारों तरफ दश-दश हार।**
**पचास-पचास मंदिरकी, सब साम-सामी पड़े द्वार।।**

-(लालदास - ब. बृ.)।

यस चोक-चौतरामा उभिएर-चौतर्फी हेर्दा चारैदिशामा पचास-पचास मंदिरका दश-दश हार प्रत्येक दिशामा सुशोभनीय देखिन्छन्।

यी सबै मंदिरका आमुन्ने-सामुन्ने दरबाजाका लाइनबद्ध शोभा-सुन्दरतायुक्त यो चोक अत्यन्त सुशोभित भइरहेको छ।

यहाँ चौतराको किनारमा बत्तीस थंभ औ थंभमा बत्तीस मेहेराब शोभायमान छन्। चोकमा चौतराको परिक्रमा गर्दा देब्रेपट्टि चालीस दरबाजा पर्दछन्। एक २ मंदिरमा चार-चार दरबाजा देखिन्छन् तर गिनतीमा दुइ २ मात्र छन्। बाह्र हजार मंदिरका मेहेराब चौबीस हजार दुइ सय चालीस मेहेराब छन्। यी मंदिरलाई 'भूलवनी'का मंदिर भनिन्छ। यहाँका यी मंदिर स्वच्छ शीशा (काँच) का छन्। प्रत्येक मंदिरका चौतर्फका दिवाल (भित्ता), भुइँ, औ माथिका छत सम्पूर्ण शीशै-शीशा, काँचै-काँचका हुनाले यी मंदिरभित्र प्रवेश गर्दा ऐनामा आफ्नो असंख्य प्रतिबिम्ब देखिन्छन्। यहाँ बिम्ब-प्रतिबिम्बि छुट्याउन् सकिन्दैन्, प्रतिबिम्ब पनि बिम्ब समान चेतनरूप हुनाले '**ऐकोऽहं बहुस्याम**' रूपले भ्रमात्मक क्रीड़ा-स्थलको कारण बिम्ब-प्रतिबिम्ब छुट्याउनमा असमर्थ हुइँन्छ र मतिविभ्रम भई भूलिन्दछ। यसप्रकार भूलिने हुनाले भूलवनीको मंदिर भनिएको हो।

भूलवनी क्रीड़ा-स्थल पहिलो पाँति चौरस हवेलीको लम्बाइका चार हवेली औ चौड़ाइका चार हवेली जम्मा सोह्र हवेलीको ठाउँमा बनिएको छ। यहाँ श्रीराजश्रीठकुरानीजी बाह्र हजार सखीगण सहित स्नान-झीलना-श्रृंगार गरी खेल्दछन् त कहिले खेलेर पछि झीलना-स्नान-श्रृंगार गर्दछन्।

## चौबीस हजार दुइ सय चालीस मेहेराब

भूलवनी मंदिरका चौबीस हजार दुइ सय चालीस मेहेराबका गणनामा, एक मंदिरमा दुइ मेहेराबका हिसाबले बाह्र हजार मंदिरमा चौबीस हजार मेहेराब हुन्छन्। मेहेराब तथा द्वार (खिड़की) मंदिरका चौतर्फी भित्तामा लाग्दछन्। यसकारण भूलवनीमा एक सय दश मंदिरका एक सय दश हार छन्, तब एक सय एघार दिवालका (भित्ता) एक सय एघार हार भित्ता पनि हुन्छन्। एक सय दशभित्ता-दिवालका एक सय दश हार भित्तासम्मका मेहेराब जम्मा चौबीस हजार हुन्छन्। उप्रान्त लम्बाइपट्टिको एक सय एघारवाँ दिवालको एक सय दश मेहेराब र चौड़ाइपट्टिको एक सय एघारवाँ दिवालका एक सय दश मेहेराब दक्षिण-पूर्व कुनाबाट गणनागर्दा उत्तर-पश्चिम दुइ किनारका अन्तिम दुइ दिवालमा (११०+११०=२२०) दइ सय बीस मेहेराब बढ़ता निस्कन्छन्। उसरी नै मध्य चोककोपनि निम्नलिखित प्रकारले दश-दश मेहेराब बढ़ता हुन्छन्। जस्तै - मध्य चोक दश-दश मंदिरको स्थानमा बनिएको छ। यो चोकको दक्षिण-पूर्वपट्टिका दिवालमा दश+दश= बीस मेहेराब बढ़ता हुन्छन्। उक्त प्रकारले चौबीस हजार दुइ सय चालीस मेहेराबका गणना छ।

## तेस्रो भोम - (तला-मञ्जिल)

श्रीपरमधामको मूल दरबाजाको सीधामाथि तेस्रो भोममा, चार मंदिरको देहलान छ। देहलानको भित्रपट्टि चार मंदिरको चौतरा छ।

यसको उत्तर-दक्षिण-पश्चिमपट्टिबाट तीन सिंढी चढ़ेर चौतरामा आउनु पर्छ। तीनै तिरबाट चौतरा कम्मर भर अल्गो छ। पूर्वपृट्टि छज्जा-पड़सालको बराबर छ। यसको तीनैपट्टि चौतरामा आउनुको निमित्त तीन-तीन सिंढ़ी लागेका छन्। चार मंदिरको देहलानको दाहिनेपट्टिको मंदिर 'नीला न पीला' न नीलो न पहेंलो मिस्कट रंगको छ।दोस्रो हार मंदिरमा दाहिने पट्टिको पहिलो मंदिर आसमानी रंगको छ। देहलानका दुवैपट्टिका तीन-तीन मंदिर कम्मर भर अल्गामा छन्। यी ६ मंदिरका अगाड़ि प्रत्येकमा चाँदा छन्। चाँदाका दुवैपट्टि तीन-तीन सिढ़ी लागेका छन्। यो पड़साल (छज्जा) दश मंदिरको लम्बा औ दुइ मंदिरको चौड़ा तथा देहलान र चौतराको बराबर अल्गोमा छ। यसकारण यहाँ पूर्व-पश्चिम चार मंदिरको लम्बा औ उत्तर-दक्षिण चार मंदिरको चौड़ा भएको अति सुन्दर चोक शोभायमान छ। यसै चोकलाई पड़सालपनि भनिएको छ। छज्जाको दश मंदिरको लम्बाइमा बीचको चार मंदिर, जुन देहलान र चौतराका सीधा छन् औ यसको दायाँ-बायाँ दुवैतिर तीन-तीन मंदिर छन्। अतः –

**चार मंदिर माफक चौतरा, तीन दायें-बायें दरम्यान।**
**नव-नव मेहेराबी द्वारने, ताकी सखियाँ करे पेहेचान।।**

– (लालदास.ब . बृ.)।

यहाँ यस चोकमा नौ-नौ मेहेराबी द्वारका शोभा-सुन्दरता अत्यन्तै मनमोहक छ। छज्जाको दश-दश थंभमा, दश थंभ दिवालमा सामेल

छन् औ दश थंभ बाहिर किनारमा छन्। यी बीस थंभ आमुन्ने-सामुन्ने 'क्रीड़ास्थल' चोकका द्वारपाल सदृश शोभायमान छन्। यो चोकका थंभ, मेहेराब द्वारादिका सुन्दरताले परिबेष्ठित चोकको महत्त्व, चित्ताकर्षित शोभा-श्रृंगार ब्रह्मात्माहरूका नै अन्तःकरणमा अंकित हुँदछ।

उक्त चोकमा श्रीराज्जी-श्रीश्यामाजी सहित समस्त सखीगण प्रातःकालको समय पाँचमी भोमको शयन-शेज्याबाट उठेर यहाँ यस चोकमा प्रथम प्रहरको ब्रह्मानन्दलीलामा समुपस्थित हुँदछन्। श्रीराज्जीमहाराज पाँचमी भोमको सुख-शेज्यादेखि उठेर सीधा यहाँ तेस्रो भोमको छज्जा किनारबाट उभि-उभि तल चाँदनी चोक-पटाङ्गिनीमा दर्शनार्थ उपस्थित भएका पशु-पक्षी समूहलाई दर्शन दिनु हुन्छ। त्यसपछि चारमंदिरको देहलानमा श्रीराज्जी महाराजको श्रृंगार हुँदछ। श्रीश्यामाजी महारानीजी दोस्रो हार मंदिरको प्रथम मंदिर, जुन आसमानी रंगको छ, त्यसमा श्रृंगारादि गर्नु हुन्छ। अन्य सखीगण आफ्ना-आफ्ना स्थानमा झुण्डका झुण्ड आपस्तमा श्रृंगारादिले सुसज्जित भई श्रीश्यामाजी महारानीजीको पासमा आउँदछन्। तब श्रीश्यामाजी सहित सम्पूर्ण सखी समुदाय चार घड़ी दिन व्यतीत समयमा श्रीराज्जीमहाराजका पासमा समुपस्थित हुँदछन्। अब यस चोकको चौतारामा 'श्रीयुगलस्वरूप' बिराजमान भए पश्चात् मेवा-मिठाई सेवामा उपस्थित गराई, 'श्रीराजश्यामाजी' लाई 'बालभोग'

जलपान टक्राउँदछन् औ समस्त सखीहरूले पनि साथै प्रसादादि लिइँदछन्।

यसपछि चौतराको दाहिनेपट्टि 'नीले पीले' मंदिरको सामुन्ने सिंहासनमा श्रीयुगलस्वरूप उत्तराभिमुख भएर बिराजमान हुनु हुन्छ। श्री राजश्यामाजी सन्कूल तथा प्रफूलित मनले सखीहरूका नयाँ-नयाँ कलायुक्त नाच-गानादिका सेवा स्वीकृतका निमित्त उमंग-उत्सुक साथ हुनु हुन्छ। यस सिंहासनको सामुन्ने सम्पूर्ण सखी समूहका बीचमा आफ्नोजुत्थ सहित श्रीनौरंगबाई नृत्यारम्भ गर्नु हुन्छ। यहाँ श्रीयुगलस्वरुपका गुणानुवादरूप नृत्य-गानादिको दैनिक धुम मचिन्छ। अन्य सखीगण सहित श्रीराज-श्यामाजी नृत्य-गानादि सुन्नमा तल्लीन हुनु हुन्छ।

माथिकथित प्रकारले नृत्य-गानादिका धुम मच्चिए उर्लिएको चार घड़ी समय व्यतीत आठ घड़ी समय व्यतीत न हुँदै । यहाँ पूर्णात्पूर्णस्वरूप श्रीराज्जीमहाराजका दर्शन गर्नु दैनिक कुटस्थ अक्षर भगवान का सवारी हुनु हुन्छ। तथा -

**इत चार घड़ी दिन बितत, आठमीके अमल राह आशमान।**
**बैठे जोड़े सुखपालमें -लक्ष्मी और भगवान।।**

–(लालदास. ब. बृ.)।

प्रतिदिन आठ घड़ी समय के अन्दर–भित्रै अक्षरधामदेखि सुखपालमा श्रीअक्षरब्रह्म अर्धाङ्गिनी-लक्ष्मीजी सहित अक्षरातीत पूर्णब्रह्म

श्रीराज्जीको दर्शन गर्नु आउँदछन्। श्रीभगवान सुखपालमा अक्षरधामबाट बट पुल माथि भएर चाँदनी चोकमा आई दर्शनगरी केल पुलबाट स्वधाममा फर्कनु हुन्छ। यसपछि सखी समूह दोस्रो प्रहरको लीलामा सामेल हुँदछन्। दोस्रो प्रहरमा कतिपय सखीहरू बन-बगैंचामा जान्छन् औ शाक-पानादि लिएर आउँदछन् त कति विभिन्न फूलादिका माला, फूलका हार आ-आफ्ना मनमाफक श्रीयुगलस्वरूपलाई पहिराउँदछन्। श्रीराजश्यामाजी सिंहासनासीन नै हुनु हुन्छ। तब कतिपय सखीहरू पानका बीड़ा बनाउने सेवामा लाग्दछन् त कतिपय भोजनादिका सेवामा उपस्थित रहँदछन्। जब दोस्रो प्रहर व्यतीत हुन केही समय रहँदै "**रसोई चोक**" बाट भोजनालयका सखीहरूले विभिन्न प्रकारका पक्वान्न तयार पारी आफ्नो सेवा टव्र्याउनको निम्ति आग्रह गर्दछन्। तब सिंहासनासीन युगलस्वरूप भोजनार्थ पड़शालको आसनमा उत्तराभिमुख बिराजमान हुनु हुन्छ।

यस समय दोस्रो प्रहरको मध्यानमा युगलस्वरूप श्रीराजश्यामाजीलाई ज्यूनार-भोजन गराउने (आरोगाउने-भोजन-लीला) सेवा पश्चात् पानका बीड़ा लिएर 'नीले पीले' मंदिरका मध्यस्थ मंदिरको शयन-शेज्यामा शयन गर्नु हुन्छ। अब अन्य सखीहरू सब तल प्रथम भोमको पाकशालामा भोजनादि गरी पानका बीड़ा-प्रसाद लिएर आफ्नो-आफ्नो इच्छानुसार झुण्डका झुण्ड कोही सखीहरू फूलबागमा, कोही

सखीहरू कुञ्ज-निकुञ्जबनमा, कतिपय बड़ोबन-महाबनमा, कुनै तलाउमा, कोही पुखराज पर्वतमा त कोही माणिक पहाड़ आदि विभिन्न स्थानमा घुम्नु-डुल्नु, खेल्नु जाँदछन्। जब तेस्रो प्रहर समय व्यतीत हुन केही समय बाँकी रहन्छ, तब सबतिरबाट सम्पूर्ण सखीहरू युगलस्वरूपका अगाड़ि उपस्थित हुँदछन् एवं चरणमा लाग्दछन्। तत्पश्चात् चार मंदिरको देहलानमा चार जना सखीहरूले श्रीराज्जीलाई दिव्य वस्त्रालंकारले श्रृंगार गर्दछन्। श्रीराजजीको श्रृंगार पछि युगलस्वरूप सहित सैरको निम्ति सुखपालको इच्छा हुँदै छैटौं भोमका सुखपाल तेस्रो भोमका झरोखामा आई सेवामा समुपस्थित हुँदछन्।

अब चौथो प्रहरको सयल गर्नु युगलस्वरूप एउटा सुखपालमा बिराजमान हुनु हुन्छ। अन्य सखीहरू एक-एक सुखपालमा दुइ-दुइ सखी जोड़ी २ बस्दछन्। तब अन्तरिक्ष इच्छाचारी मनबेगी ६ हजार एक सुखपाल का एकैसाथ आसमानमा सवारी हुँदछ। श्रीराजश्यामाजी सम्पूर्ण सखीहरू सहित पाटको घाटमा सैल-बिहारगर्नु जानु हुन्छ। यसप्रकार चौथो प्रहरको सैर लीलामा इच्छानुसार पच्चीस पक्ष मध्ये विभिन्न स्थानमा रमण-बिहार, मनोरंजन-क्रीड़ा गर्नुको निमित्त जानु हुन्छ। जब लीला-क्रीडादिद्वारा ६ घड़ी समय व्यतीत हुँदछ, तब अन्त्य दुइ घड़ी दिन भित्रै एक घड़ी समयमा स्नानादि गरी एक घड़ी समयमा श्रृंगारादि गर्दछन् पश्चात् वापस श्री रंगभवनमा आउँदछन्। यसरी चौथो प्रहरको बिहारलीला मध्ये कृष्ण पक्षमा श्रीराज-श्रीश्यामाजी

तथा सम्पूर्ण सखीहरू चाँदनीचोक (श्रीरंगभवनको आंगन) मा सुखपाल उतारी चौरस चौतरामाथि सिंहासनमा श्रीयुगलस्वरूप विराजमान हुन हुन्छन्। अन्य सखीहरू विभिन्न सेवामा लाग्दछन्। पश्चात् रसोईको चोकमा श्रीयुगलस्वरूप सहित आरोगाउँदछन्। त्यसपछि भोम भरको सिंढी चढ्दै-चढ्दै चौथी भोममा एक प्रहर रात्री सम्मन् नृत्यादि, (नाच-गान) लीला गरी, पाँचमी भोममा शयनलीलार्थ पधारनु हुँद्छ। तर शुक्लपक्षमा एक प्रहर रातसम्म बिहार गर्न गएको स्थानमा नै बन-बिहार, अनेकौं प्रकारका लीला क्रीड़ादि गर्दछन्, बनमा नै भोजन, नृत्य-गानादि लीलाद्वारा प्रहर रात्री व्यतीत हुन्छ। त्यस पछि सीधा पाँचमी भोममा शयन-लीलाको निम्ति आउनु हुँदछन्।

## चौथो भोम

चौथो भोममा अट्ठाईस थंभको चोकदेखि सीधा पश्चिम जाँदा चौरस हवेलीका तीन हार छोड़ेर चौथो हार हवेलीमा नाच-गान गर्ने स्थान नृत्यशाला छ। यहाँ कृष्णपक्षको पन्ध्र दिनसम्म दैनिक एक प्रहरसम्म नृत्य-गानादि हुँदछ। यस हवेलीको उत्तर-दक्षिण औ पश्चिम दिशापट्टि बीस-बीस मंदिर छन्। सामने पूर्वदिशामा बीस मंदिरको देहलान छ। यो देहलानमा मंदिरको स्थानमा बीस-बीस थंभका दुइ हार छन्। यस चोकको दाहिनेपट्टि, दक्षिणदिशामा लाखी-लाहारंगको दिवाल छ, देब्रे उत्तरपट्टि पहेंलो रंगको दिवाल छ। चोक पछाड़ि पश्चिमपट्टि

सेतो स्फटिक रंगको दिवाल झल्किरहेको छ। सामने पूर्वदिशामा रत्नजड़ित नीलो रंगका बीस-बीस थंभका दुइ हार प्रकाशमान छन्।

यस हवेली नृत्यशालामा जहाँ-जहाँ जुन २ रंगका दिवाल छन्, त्यहाँ त्यही रंगका थंभ पनि छन्। श्रीराजश्यामाजी सेतो स्फटिकरंगको दिवाललाई पीठ (पिठिउँ) पारेर पूर्वाभिमुख गरी सिंहासनमा विराजमान हुनु हुन्छ तथा समस्त सखीगण चौतर्फी गोलावृत्त बस्दछन्। श्रीनौरंगबाई * आफ्नो जुत्थ लिएर विभिन्न प्रकारसंग नृत्य आरम्भ गर्नु हुन्छ। श्रीराजश्यामाजी 'युगल स्वरूप' को अनेकानेक प्रकारले आनन्दोत्पादक सराहनायुक्त गुणानुवाद गाउँदछन्। अन्य जुत्थका सखीहरू नृत्य-गान-देख्नु-सुन्नुमा तल्लीन रहँदछन्

## पाँचौं भोम

पाँचमी भोमको अट्ठाइस थंभको चोक अगाड़ि छत्तीसहार हवेली पार गरेपछि रंगमहलको मध्यभागमा नौ चोक विद्यमान छ। चार चोक चौकुनामा तथा चार चोक चौदिशामा एवं एक चोक मध्यभागमा स्थित

* यहाँ कृष्णपक्षको पन्ध्रदिन सम्म दैनिक नृत्य-गानादि गर्ने-गराउने जुत्थका अग्रगण्य सखीहरूका नाम निम्नलिखित प्रकारले छन्। अलग-अलग पक्षमा अलग-अलग नै जुत्थ एवं जुत्थका अग्रगण्य क्रमशः नृत्यगान गर्दछन्। अषाढ़ कृष्णपक्षमा नृत्यगान गर्ने अग्रगण्य सखीहरूका नाम यस प्रकार छन्। अतः अषाढ कृष्णपक्ष प्रतिपदादेखि क्रम शुरू हुन्छ। अतः –

छ। यस चोकलाई 'रंगपरवाली' मंदिरको चोक भनिन्छ। यस चोकको बनौट वर्णन निम्मलिखित प्रकारको छ।

यो चोकको चारकुनामा चार दोपुड़ा (द्विमार्ग) छन्। चौतर्फी बाहिर किनारमा जम्मा अट्ठाइस त्रिपुड़ा (त्रिमार्ग) छन्। यस चोकभित्र सात-

| **तिथि** | **नामावली** |
|---|---|
| प्रतिपदाको दिन - | श्री नौरंगबाई |
| द्वितीयाको दिन - | श्री बेनबाई |
| तृतीयाको दिन - | श्री सेनबाई |
| चौथी तिथिमा - | श्री मोरबाई |
| पंचमी तिथिमा - | श्री ठेलबाई |
| छट्टी तिथिमा - | श्री एहेलबाई |
| सत्तमीमा - | श्री केलबाई |
| अष्टमीमा - | श्री विलासबाई |
| नवमीमा - | श्री झरमरबाई औ मेनबाई |
| दशमीमा - | श्री भँवरबाई |
| एकादशी तिथिमा - | श्री तानबाई |
| द्वादशी तिथिमा - | श्री स्वरूपबाई |
| तिरोदशी तिथिको दिन - | श्री सनमुखबाई |
| चतुर्दशी तिथिको दिन - | श्री सनकूलबाई |
| अमावस-औंसीको दिन - | श्री सुतेजबाई को जुत्थ (जमात) |

नृत्य-गानादि गर्दछन। यस प्रकार कृष्णपक्षका प्रतिपदा, परेवाको दिनदेखि

सात चौपुड़ाका (चौरस्ता) सात हार जम्मा उनन्चास चौपुड़ा छन्। चौपुड़ा जस्तै हवेलीका पनि आठ-आठ हवेलीका आठ हार छन्, जम्मा हवेली चौसठ छन्। यस प्रकार दोपुड़ा, त्रिपुड़ा, चौपुड़ा र हवेलीमा मंदिर थंभ गल्ली आदिका संख्या निम्नप्रकार छन्। जस्तै- एक दोपुड़ामा उनासी मंदिर, पचासी थंभ औ बाह्र गल्ली छन्। चार दोपुड़ामा चार कोनाको सहित जम्मा मंदिर तीन सय बीस्, थंभ तीन सय चालीस औ गल्ली अठचालीस छन्। एक त्रिपुड़ामा मंदिर एक सय दुइ, थंभ एक सय पन्ध्र औ गल्ली अठार छन्। तब अट्ठाइस त्रिपुड़ामा अट्ठाइस सय छपन्न मंदिर, बत्तीस सय बीस थंभ औ पाँच सय चार गल्ली छन्। एक चौपुड़ामा एक सय चौबीस मंदिर, एक सय चवालीस थंभ, औ चौबीस गल्ली छन्। यसकारण उनन्चास चौपुड़ामा जम्मा मंदिर ६ हजार छयहत्तर, थंभ सात हजार छपन्न औ गल्ली

---

अमावस्यसम्म क्रमशःउक्त सखीहरू नृत्य गर्दछन्। अन्य पक्षमा अन्य जमातका साथ अरू नै अग्रगण्यहरू क्रमैसंग गर्दछन्। यी सखीहरूका नृत्य समयका श्रृंगार-वस्त्रादि पनि अलग-अलग नै छन्। अषाढ कृष्णपक्ष प्रतिपदाको दिन अक्षरातीतका ब्रह्मात्मा यी सखीहरू संसाररूप खेल हेर्नु आएका हुनाले त्यसदिन श्री नौरंगबाईको नृत्य गर्ने पालो औ पाटघाटका सैर गर्नु जाने पालो हुनाले 'पाटघाट र नौरंगबाई' को नाम विशेष मुख्यः प्रसंगमा आउँदछ।

एघार सय छयहत्तर छन्। एक हवेलीमा मंदिर, चौकुनाका सहित सतचालीस मंदिर छन्। चौतराको किनारमा चालीस थंभ, एक दरबाजा औ एक गल्ली छ। यसकारण चौसठ हवेलीका जम्मा मंदिर सत्ताइस सय बाउन्न, थंभ पच्चीस सय साठ, चौसठ द्वार एवं चौसठ नै गल्ली पनि छन्।

यसप्रकार सम्पूर्ण दोपुड़ा, त्रिपुडा, चौपुड़ा र हवेलीका जम्मा मंदिर संख्या बाह्र हजार दुइ सय साठ छन्, थंभ तेह्र हजार एक सय छयहत्तर औ गल्ली एक हजार सात सय बयानब्बे छन्।

यस चोकमा ठूला दरबाजाका संख्या जम्मा एक सय चवालीस छन्। जसमा बत्तीस दरबाजा बाहिर चारैपट्टि किनारमा छन् औ एक सय बाह्र दरबाजा भित्र पर्दछन्। यो एक चोक भित्र एकासी चोक छन्, यिनका नौ-नौ चोकका नौ पंक्ति छन्। यी एकासी चोक मध्ये बीचमा जुन चोक छ, यस चोकलाई 'रंगप्रवाली' चोक भनिन्छ। यो रंगप्रवाली चोकमा, श्रीयुगलस्वरूप 'श्रीराजश्यामाजीका' प्रवाली रंगको मंदिर चौसठ पाँखड़ी (दल) को कमलपुष्पवत् मध्यस्थ स्थित छ। यो रंगप्रवाली मंदिर, दुइ मंदिरका लम्बा-चौड़ा समचौरस छ। यसको चौदिशामा चार दरबाजा छन्। यस मंदिर भित्रका वस्तु-सामग्रीका पार नै छैनन् अपार छन्। श्रीयुगलस्वरूपका सुखशैय्या अगाड़ि नूरमय चौकी स्थित छ। श्री युगलस्वरूपका सुन्दर सुख-शेज्याका चार पाउ - (खुट्टा) औ चार डांड़ा (डण्डी) छन्, यसमाथि सुमनोहर

छत्री सुशोभित छ। श्री युगलस्वरूप प्रकाशयुक्त चौकीमाथि युगल चरण राखेर सुख-शैय्यामा शयन गर्नु हुँदछ। सम्पूर्ण सखीगण श्रीयुगलस्वरूपका युगलचरण स्पर्श गरी आ-आफ्नो मंदिरमा जाँदछन्। तत्पश्चात् "यः सहस्रशः भवति" श्रुति वाक्य चरितार्थ गरी श्री पूर्णात्पूर्ण स्वरूप श्रीराज्जी महाराज आनन्ताद्वैत स्वरूपमा सम्पूर्ण मंदिरमा पदार्पण गर्नु हुँदछ।

## छैटौं भोम

श्रीरंगभवनको छैटौं भोममा सैर-भ्रमणका साधन जो सयल-विहारको निमित्त उपयोगी छन्। ती सुखपाल औ तखतरवां नामक सवारीका साधन विमान रहँछन्। ६ हजार सुखपाल छट्टी भोमका बाहिरीहार ६ हजार मंदिरमा रहँदछन्। तखतरवां नामक विमान छट्टी भोमको अट्ठाइस थंभको चोकमा रहँदछ। श्री युगलस्वरूप श्रीराजश्यामाजी सखीहरूका साथ जब कहीं सैर-विहारमा जानुको निम्ति इच्छा हुँदछ, तब यी इच्छाचारी मनबेगी सुखपाल सेवामा उपस्थित हुँदछन्। जब सुदूरको सयल गर्ने इच्छा हुँदै तखतरवां संज्ञावाला विमान सेवामा समुपस्थित हुँदछ औ एउटै विमानमा श्रीयुगल स्वरूप सहित सखीहरूका सवारी जान्छन्। तखतरवां नामक विमानको बीच भागमा सुन्दर सिंहासन छ, सिंहासनमा 'युगलस्वरूप' बिराजमान हुनु हुँदछ, औ सिंहासनलाई चौतर्फी आवृत गरी कुर्सी आदि राखिएका छन्। यी कुर्सी-मेचहरूमा सम्पूर्ण सखीहरू बस्दछन्।

जब श्रीराजश्यामाजी तथा सखीहरूका नजीकैको सैरमा जाने इच्छा हुँदा सुखपालमा दुइ २ सखी जोड़ी २ बस्दछन्। श्रीयुगलस्वरूपको एउटा सुखपाल खाली जाँदछ।

सुखपाल औ तखतरवां यी दुवै दुइ प्रकारका विमान हुन्। यी विमान एउटै हीरा सदृश झल्झलाकार सुशोभित छन्। यिनका चार डांड़ा माणिक रंगको छ औ छत्री पाँच रंगका अति मनोहर शोभायमान छ। यी विमानमा विभिन्न प्रकारले चित्रित-चित्रकारी वेल-बुट्टादि जड़ित तकिया एवं सुन्दर मुलायम बिछ्यौना आदिले युक्त छन्। छत्रीको चौतर्फ विभिन्न रत्नका झालर विद्यमान छ। झालरको शोभा-सुन्दरता अवर्णनीय छ।

## सातौं भोम

रंगमहलको सातौं भोमको बाहिरीहार ६ हजार औ भित्रीहार ६ हजार, यी दुइ हार मंदिरका बीचमा थंभका जुन दुइ हार छन्। यी दुइ हार थंभका बीचमा दुइ हार हिण्डोला विद्यमान छन्। यी दुइ हार हिण्डोलामा जम्मा बाह्र हजार झुला झुण्डिएका छन्। यहाँ यी झुलना जब झुल्दछन् तब दुइ-दुइ हिण्डोलाका ताली पर्दछन्

यी हिण्डोलामा कञ्चनका कड़ा-मुन्द्रा लागेका छन्। हिण्डोलाका डांड़ा कुनै माणिक नंग जड़ेका राता वर्णका छन् त कुनै हीरा नंग जड़िएका त कुनै पाच नंगका झल्झलाकार चम्किरहेका छन्। श्रीराजश्यामाजी तथा समस्त सुन्दरसाथ सखीहरू झुलनामा आमुन्ने-

सामुन्ने नजर जुधाएर उत्साहित संकेत-सान गर्दै होड़-बाजी साथ झुल्दछन्। झुलनामा ओछ्याएका बिछौना, तकिया आदि साजबाज अति मनमोहक एवं सुखदायी तथा हर्षोत्पादक गुणयुक्त छ। यसले आमुन्ने-सामुन्ने हिण्डोलामा झुलनाको सुख उत्तरोत्तर बृद्धि गराउँदछ।

## आठौं भोम

रंगमहलको आठवाँ भोममा ६-६ हजार मंदिरका दुइ हारका मध्यमा थंभका दुइ हार छन्। यी थंभका हारको बीचमा सातमी भूमिकामा झैं दुइहार हिण्डोला छन्। यी दुइहार हिण्डोलाका बीचमा पुनः एक हार हिण्डोला बढ़ी लागेको छ। यसप्रकार यहाँ हिण्डोलाका तीन पंक्ति घुमेका छन्। यसरी ६-६ हजारका तीन पंक्तिमा अठार हजार हिण्डोला यस गल्लीमा झुल्दछन्। जब हिण्डोलामा झुल्दछन् तब यहाँ क्रमशः चार-चार हिण्डोलाका ताली पर्दछन्। यी दुवै भूमिकाको हिण्डोला खट्छप्पर सदृशका छन्। श्रीराजश्यामाजी सखीहरू सहित दुवै भोममा विभिन्न प्रकारले इच्छानुसार झुलनामा आनन्द-क्रीड़ा गर्दछन् तथा झुलनाको परमानन्द सुख लिइँदछन्।

## नवौं भोम

यस भोममा ६-६ हजार मंदिरका दुइ हार मध्ये बाहिरीहार मंदिरमा भित्रपट्टि दिवाल छ। गिर्दका दरबाजा अगाड़ि प्रत्येकमा चाँदा लागेका छन्। यी चाँदाका दुवैपट्टि चढ़नु उत्रिनुको निम्ति तीन-तीन सिंढ़ी लागेका छन्। बाहिरपट्टि दिवालको हद्धमा ६ हजार थंभ झल्झलाकार

छन्। यी ६ हजार थंभका अगाड़ि बाहिरपट्टि एक मंदिर भरको चौड़ाइमा चौतर्फी गोलावृत छज्जा बढ़ेको छ। फेरि यहाँ पनि ६ हजार थंभ छज्जाको बाहिरी किनारमा विद्यमान छन्। यी थंभका साथ-साथै लाइनबद्ध कम्मर भर अल्गो कठेड़ा पनि गोलावृत घुमेका छन्। यी कठेड़ा बाहिरपट्टि ढालदार (भिरालो) छज्जा छ। यहाँ दुइ मंदिर भरका चौड़ा एक हाँसभरका लम्बाइवाला छज्जा वरिपरि गोलाइमा, जम्मा दुइ सय एक छज्जा छन्। दुइ सय एक छज्जामा दुइ सय एक नै सिंहासन पनि छन्। यी प्रत्येक सिंहासनका आस-पास दुवै बगलमा ६-६ हजार कुर्सी-मेच आदि बैठक छन्। श्रीराजश्यामाजी जुन २ दिशाभिमुख भएर विराजमान हुनु हुन्छ; त्यसै दिशाका यावत् दृश्यका वर्णन गरी परस्पर परमानन्दले प्रमुदित हुँदछन्। यस भूमिकालाई दूरदर्शीका भोम पनि भन्दछन्।

## दशवाँ भोम

आकाशी चाँदनीको किनारमा बाहिरीहार मंदिरको जगहमा दश कम ६ हजार देहलान छन्। यी प्रत्येक देहलानमा आठ-आठ मेहेराब झैं देखिन्छन् ।तर संख्यामा ६-६ वटा मात्र छन्। दरबाजाको देहलान दश मंदिर लम्बा औ चार मंदिरको चौड़ा छ।

यहाँ देहलानमा दश-दश थंभका चार हार छन्; औ चार-चार थंभका दश हार चौड़ाइमा छन्। यहाँ जम्मा चालीस थंभ छन्। बाहिरपट्टि एक मंदिरभरको चौड़ा वरिपरि खुला छज्जा घुमेको छ।

यसको किनारमा कठेड़ा लागेका छन्। कठेड़ाको बाहिरपट्टि ढालदार छज्जा छ। भित्रपट्टि चाँदनीदेखि कम्मर भर अल्गोमा, एक मंदिरको चौड़ा रौस खुला छ। यसको पनि किनारमा कठेड़ा शोभायमान छ। दुइ सय एक हाँस-पाटामा चाँदा पनि दुइ सय एक नै विद्यमान छन्। यी प्रत्येक चाँदाका दुवै बगलमा तीन-तीन सिंढ़ी लागेका छन्।

यिनीहरूका मध्यभागमा कम्मर भर अल्गो पाटादार गोलाकार चौतरा छ। यसको चौदिशाका चौकुनामा चार चेहेबच्चा-इनार शोभायमान छन्। यी चेहेबच्चाका तीनैपट्टि तीन-तीन सिंढ़ी छन्। चेहेबच्चाको चौथोपट्टि चौतरासंग जोड़िएको हुनाले सिंढ़ी छैन्। यस चौतराको मध्यभागमा गज भर अल्गो पाउवाला अतिसुन्दर सिंहासन विद्यामान छ। यस सिंहासनका चौतर्फी कुर्सी-मेच आदि बैठक सजाएका छन्। यहाँ श्रीराजश्यामाजी सम्पूर्ण सखीगण सहित पूर्णिमाको रात्री एक प्रहर दिनदेखिन् एक प्रहर रात व्यतीत हुँइञ्झेल यस चाँदनीमा आएर विराजमान हुनु हुँदछ। दुइ प्रहर समयसम्म विभिन्न लीला-विहारादि नाच-गान, क्रीड़ा हुँदछ। यस चौतरामा उभिएर हेर्दा दशौंदिशाका यावत् दृश्य दृष्टिगोचर हुँदछ। यस चौतराका चौतर्फ विभिन्न प्रकारका सुमनोहर बाग-बगैंचादि अत्यन्तै रमणीय शोभायमान छन् औ बगैंचामा अनेकौं नहर-चेहेबच्चा तथा फुहारादिका अपरम्पार शोभा अकथ्यरूपले विद्यमान छन्।

## देहलानको चाँदनी

श्रीरंगमहलको नौ भोम दशमी चाँदनीमाथि यहाँ देहलान छन्। यी देहलानदेखि एक भोममाथि देहलानको चाँदनी छ। प्रत्येक देहलानको चाँदनीमा दुइ-दुइवटा गुमटी छन्। ६ हजार मंदिरका जगहमा, देहलानका चाँदनीको किनारमा ६ हजार कंगुरा शोभायमान छन्। यी कंगुराका बीच-बीचमा अनगिनती कांगरी विद्यमान छन्। यहाँ हाँस-हाँसका प्रत्येक साँधमा एक-एक गुर्ज लागेका छन्। यी हरेक गुमट-(गुमज) को अपरम्पार शोभा भरपूर छ। यहाँ वरिपरि गोलाइमा जम्मा गुर्ज दुइ सय एक छन्। गुमटमाथि कलश औ कलशमाथि ध्वजापताकादि फहराइरहेका छन्। यस देहलानको चाँदनी सहित रंगमहलको दश भोम एघारमी चाँदनी हुन्छ। श्रीरंगमहलको दशमी चाँदनी र ताड़बनको एघारमी चाँदनी डोरीबन्ध बराबर छ।

अब यी सबै सुमनोहर शोभा-श्रृंगारयुक्त दृश्यादि हेर्दै-हेर्दै प्रथम भोममा उत्रिनु-झर्नु छ। यस चाँदनीदेखि ओर्लिन्दै-ओर्लिन्दै, भोम-भोम भरकासिंढ़ी झर्दै-झर्दै प्रथम भोमको रसोई चोकमा भएर मूल-ढोकामा आइन्छ। मूल दरबाजाबाट सामुन्ने पूर्वदिशामा तीन घाट-बाग-बगैंचा देखिन्छन्। यी श्रीभवन सामुन्नेका तीन बागका दृश्य हेर्दै-हेर्दै रौसमा भएर दक्षिणदिशाबाट परिक्रमा गर्दै अगाड़ि जाँदा पूर्व-दक्षिण कोणमा सोह्र हाँसको इनार-जलाशयमा पुगिन्छ।

# सोह्र हाँसको चेहेबच्चा

श्रीरंगभवनको दक्षिण-पूर्वका साँध अग्निकोणमा सोह्र हाँसको जलाशय (इनार) छ। यो इनार गोल पहल-पटादारको छ। यसमा सोह्र पाटा छन्, प्रत्येक पाटा तीस-तीस मंदिरको छ। सोह्र पाटादार इनारको गोलाइमा जम्मा चार सय असी मंदिर छन् यो इनार एक सय साठ मंदिरको लम्बा-चौड़ा छ। यसमा एक मंदिरको चौड़ी पाल सुशोभित छ। इनारभित्र जाने चारैदिशामा चार चाँदा लागेका छन्। यस चाँदाका दवैपट्टि तीन-तीन सिंढ़ी छन्। चाँदालाई छोड़ेर किनारमा कठेड़ा लागेका छन्। बाहिरपट्टि बाग-बगैंचातिर जानुको निमित्त तीनतर्फ तीन चाँदा छन् औ चाँदामा भोमभरका सिंढ़ी लागेका छन्। यहाँ पनि चाँदालाई छोड़ेर किनारमा कठेड़ा छन्। इनारको पाल र श्रीरंगमहलको रौस,किनार को परिक्रमा बराबर छ।

यो जलाशय-इनार नारंगी (सन्तला) का चालीस वृक्ष र जामुनका चालीस वृक्ष, असी वृक्षका स्थानमा स्थित छ। यो इनारबाट गुप्त पानीको नहर रंगमहलभित्र गएको छ। यसप्रकार रंगमहलको चौकुनामा (चौदिशा बाहिरपट्टि)जुन चारवटा सोह्र हाँसका चेहेबच्चा-इनार छन्। यी चारौं इनारबाट रंगभवन भित्र बीच भागमा जो नौ-चोक छन्। त्यहाँका बाग-बगैंचादि सिंचन गर्दै यी इनारबाट गएका नहरको पानी नौ-चोकका चारकोणबाट उपराउपर प्रत्येक भोममा हुँदै दशमी आकाशीको चाँदनीका चार चेहेबच्चाबाट पानी प्रकट भएको छ।

पुनः चाँदनीका सम्पूर्ण बाग-बगैंचादि सिंचन गरी अदृश्यरूपले पानी वापस हुँदछ।

## बट-पीपलको चौकी

श्रीपरमधामको दक्षिण दिशापट्टि पचास हाँसको लम्बाइमा बर-पीपलको चौकी छ। यो चौकी पाँच सय मंदिरको चौड़ा र पन्ध्र सय मंदिरको लम्बा छ। बर-पीपलका वृक्ष यसप्रकार लाइनबद्ध छन्। जस्तै -पाँच-पाँच वृक्षका पन्ध्र हार, पन्ध्र-पन्ध्र वृक्षका पाँच हार छन्। जम्मा पचहत्तर वृक्ष छन्। यिनका मध्यमा छपन्न चोक छन्। यस चौकीमा जम्मा एक सय चेहेबच्चा (साना २ इनार) छन्। यी एक सय चेहेबच्चामा छपन्न चेहेबच्चा त बीचका छपन्न चोकमा पर्दछन्। अन्य चवालीस चेहेबच्चा यसप्रकार छन्। जस्तै- श्रीरंगमहलपट्टि बाहिरी किनारमा सोह्र चेहेबच्चा छन् औ सोह्र चेहेबच्चा कुञ्जबनपट्टि बाहिर किनारमा छन्। चार चेहेबच्चा नारंगीको बगैंचापट्टि किनारमा छन् त चार चेहेबच्चा फूलबागपट्टिको किनारमा छन् औ चार चेहेबच्चा बर-पीपलको चौकीका चाँदनीमा छन्। यसप्रकार जम्मा चेहेबच्चा एक सय छन्।

यो बर-पीपलको चौकी चार भोम पाँचमी चाँदनीवाला छ। यसको एक भोममा एक सय तीस हिण्डोला (झुलना) लागेका छन्। चार भोममा जम्मा झुलनाका संख्या पाँच सय बीस छन्। रंगभवनको चौथो भोमबाट सीधा यसको चाँदनीमा आउनु -जानु सकिन्छ। चौथो भोम

र यस चौकीको चाँदनी डोरीबन्ध बराबर उचाइमा तथा अल्गामा छन्। यो चौकीदेखि अगाड़ि नैत्रृत्य कोणमा पुनः सोह्र हाँसको इनार छ। वर्णन-बनोट पूर्वको जलाशय चेहेबच्चा जस्तै छ।

## फूलबाग

श्रीरंगमहलको सीधा पश्चिमदिशापट्टिको पचास हाँसमा सुमनोहर फूलबाग शोभायमान छ। यसको लम्बाइ-चौड़ाइ बराबर पचास हाँस, पन्ध्र सय मंदिरको छ। फूलबागको एक बगैंचा पाँच-पाँच हाँसको लम्बा-चौड़ा अर्थात् डेढ़ सय मंदिर लम्बा, डेढ़ सय मंदिर चौड़ा समचौरस छ। यसता बगैंचाका दश -दशका दशहार जम्मा सय बगैंचालेयुक्त फूलबाग अति नै मनोरम शोभायुक्त छ। यसको एक बगैंचामा नौ चेहेबच्चा छन्। चार चेहेबच्चा चक्रदारका चौकुनामा छन् औ पाँच चेहेबच्चा फुहारादारका, चारोटा चौदिशामा औ एउटा यिनका बीच भागमा छ। यसप्रकार एक बगैंचामा नौवटा चेहेबच्चा छन्।

उक्त प्रकारले एक बगैंचामा नौ चेहेबच्चा छन्। यसरी नै सय बगैंचामा नौ सय चेहेबच्चा छन्। उप्रान्त एकासी चेहेबच्चा रौसमा छन् औ सत्ताइस चेहेबच्चा बाहिर तीनैपट्टिका रौसमा छन्। पुनः श्रीपरमधामपट्टि बाहिरी किनारको रौसमा बाक्लै तीन हजार चेहेबच्चा छन्। यसप्रकार जम्मा चेहेबच्चाका संख्या, नौ सय, एकासी, सत्ताइस, र तीन हजार गर्दा जम्मा चार हजार आठ चेहेबच्चा भए। पुनः यी

सम्पूर्ण बगैंचाको चार कोणमा चार चेहेबच्चा ठूल-ठूला अलग छन्। यसप्रकार चेहेबच्चाका संख्या जम्मा चार हजार बाह्र छन्।

उक्त कथित प्रकारले फूलबागमा जो एक सय बगैंचा छन्। ती प्रत्येक बगैंचामा साना-साना बगैंचा सोह्रवटा छन्। अर्थात् एक बगैंचा भित्र चार-चार बगैंचाका चारहार जम्मा सोह्र बगैंचा साना छन्। यी साना एक बगैंचा भित्र फूलका पंक्ति तेह्र -तेह्र वृक्षका तेह्र हार छन्। एक बगैंचामा यस्ता फूल-वृक्ष जम्मा एक सय उनहत्तर वृक्ष छन्। फूल वृक्षका बीच-बीचमा बाह्र-बाह्र चोक पर्दछन्। जम्मा चोक संख्या एक सय चवालीस छन्। यस्तै प्रकार र बनौटका सम्पूर्ण बगैंचा छन्। फूलबागको दुइ भोम तेस्रो चाँदनी छ। बगैंचाका बीच-बीचमा ठूला-साना नहर, चेहेबच्चा, औ नहरका दुवैपट्टि पालमा दुइ हार फूलवारी शोभायमान छन्। ठूला बगैंचाका सामुन्ने मध्यभागमा ठूला नहर ओहोर-दोहोर गर्दछन्। यो रमणीय बगैंचाको सैर गर्नु श्रीयुगलस्वरूप सहित सखीहरू कृष्णपक्ष चौथी तिथिको दिन सवारी भई एक प्रहर समय यहाँ सयल-भ्रमणादि लीला गर्नु हुँदछ।

# नूरबाग

नूरबाग फूलबागको भुइँतलामा विद्यमान छ। यस बगैंचाबाट श्रीरंगभवनमा आउनु-जानुको निम्ति पचास हाँसको बीच-बीचमा जम्मा दशवटा सिंढ़ी भोम भरका लागेका छन्। यी सिंढी डेढ़ सय मंदिरका फरक-अन्तरमा पर्दछन्। नूरबागका बगैंचा पनि फूलबागका बगैंचा झैं प्रत्येक बगैंचा डेढ़ सय मंदिरका लम्बा-चौड़ा छन्। यिनै बगैंचाका पूर्व किनारका दश बगैंचाका मध्य-मध्यभागमा भोम भरका सिंढ़ी लागेका छन्। सिंढ़ीको दुवैपट्टि पचहत्तर-पचहत्तर मंदिर जगह रहन्छ। अतः-

**इत दिवाल तले खिड़कियाँ, जित सखियाँ आवें जायें।**
**ये खूबी आवे तो नजरों, जो बिचार किजे रूह माहें।।**

– (श्रीमुख)।

जस्तो फूलबागको बगैंचा माथिल्लो छ, उस्तै बगैंचा तल्लो भुइँतलामा पनि छ। भुइँतलाको बगैंचालाई नूरबाग भनिन्छ। यी-दुवै पचास हाँसका लम्बा-चौड़ा छन्। दश-दश बगैंचाका दश पंक्ति, जम्मा एक सय बगैंचा छन्। एक बगैंचामा नौ चेहेबच्चा छन्। एक सय बगैंचाका नौ सय चेहेबच्चा हुन्छन्। रौसमा एकासी चेहेबच्चा छन् औ छत्तीस चेहेबच्चा चौतर्फी किनारका रौसमा छन्। जम्मा चेहेबच्चाका संख्या नौ सय, एकासी औ छत्तीस गर्दा एक हजार सत्र छन्। प्रत्येक बगैंचामा साना-साना बगैंचा सोह्र-सोह्र छन्। यी साना

प्रत्येक बगैंचामा फूलवृक्षका हार तेह्र -तेह्रका तेह्र हार जम्मा एक सय उन्हत्तर फूल का वृक्ष छन्।

यहाँ नूरबागको एक बगैंचाको वरिपरि गिर्दमा ६ सय लोहस्थंभ (फीलपाय-हातिका खुट्टा सदृश) ठूल्ठूला छन्। एक सय बगैंचाका साठ हजार लोहस्थंभ हुन्छन्। नूरबागका सम्पूर्ण एक सय नै बगैंचालाई बाहिरपट्टि किनारबाट ६ हजार लोहस्थंभले घेरेका छन्। यसप्रकार नूरबागमा जम्मा लोहस्थंभका संख्या साठ हजार र ६ हजार गर्दा छयसट्ठ हजार छन्। अब यसको अगाड़ि वायब्य कोणमा सोह्र हाँसको चेहेबच्चा छ। यसको वर्णन पूर्वमा पहिल्यै गरिएको छ। यहाँबाट अगाड़ि बढ़दा उत्तरदिशा लाल चौतरामा पुगिन्छ।

## लालचौतरा

यो लालचौतरा श्रीरंगभवनको उत्तरदिशापट्टि चालीस हाँसका लम्बा औ एक हाँसको चौड़ाइमा सुशोभित छ। पश्चिमदिशाको कुनादेखि लिएर पूर्वपट्टिका चालीस हाँससम्म बाह्र सय मंदिरको लम्बाइमा रंगमहलको दिवालसंग लालचौतरा मिलेको छ। बाह्र सय मंदिरको दिवालमा छत्तीस सय मेहेराब छन्। यस चौतराको किनारमा तीनैपट्टि कठेड़ा लागेका छन्। प्रत्येक हाँसमा सुन्दर गलैंचा ओछ्याएको छ। यी गलैंचामाथि हाँस-हाँसमा सुन्दर सिंहासन र बाह्र हजार कुर्सीहरूका अपार शोभा भइरहेको छ। प्रत्येक हाँसमाथि छत्री सुशोभित छन्। चालीस हाँसमा चालीस चाँदा औ प्रत्येक चाँदाका दुवैपट्टि भोमभरका

सिंढी लागेका छन्। दुइटा चाँदा पूर्व र पश्चिम दिशामा छन्।

यहाँ देखिन् बड़ाबनका वृक्ष आरम्भ हुन्छन्। लाल चौतराको सामुन्ने अगाड़िपट्टि एकतालीस-एकतालीस वृक्षका एकतालीस हार बड़ेबनका वृक्ष छन्। यिनमा चालीस-चालीसका, चालीस हार चोक-अखड़ा छन्। जम्मा अखड़ाका संख्या सोह्र सय छन्। श्रीराजश्यामाजी जुन २ अखड़ाको सामुन्ने लालचौतराका हाँसको सिंहासनमा विराजमान हुनु हुन्छ, समस्त सखीगण सिंहासनका दुवैपट्टि कुर्सीमा बस्दछन् औ सामुन्ने आ-आफ्नो अखड़ामा पशु-पक्षी, जानवरहरू आ-आफ्नो विद्या-कलाका प्रदर्शन गराउँदै खेल्दछन्। अतः -

**सखियोंको नाम ले-ले बुलावे**
**श्रीधनीजीके आगे मुजरा करावे।**

- (श्रीमुख)।

उपरोक्त प्रकारले आफ्नो नामाङ्कित पशु-पक्षीका झुण्डलाई सम्बोधन गरी सखीहरूले श्रीयुगलस्वरूपका सामुन्ने समुपस्थित गराई दर्शन गराउँदछन्, खेल खेलाउँदछन्। श्रीराजजी महाराज सबैको प्रेमश्रद्धा-भक्ति पूर्ण प्रणाम् स्वीकार गर्नु हुँदछ। यी बड़ाबनका सत्रहार सम्मका वृक्ष दशभोम एघारमी चाँदनी छ। श्रीधामको तेस्रो भोमबाट प्रतिदिन चौथो प्रहरको सैर सफरमा जाँदा कृष्णपक्ष षष्टी तिथिको दिन श्रीयुगलस्वरूप सहित सखीहरू यहाँ आउनु हुन्छ।

## ताड़बन

श्रीरंगभवनको उत्तरदिशामा लालचौतराको चालीस हाँस उप्रान्त उत्तर-पूर्वपट्टिका दश हाँसको सामुन्ने ताड़बन छ। यसको बिस्तार दश हाँसको चौड़ा सत्र हाँसको लम्बा छ। यसमा जम्मा एक सय सत्तर बगैंचा छन्। एक बगैंचाको चारैपट्टि किनारमा एक सय बीस ताड़का वृक्ष छन्। यी वृक्षका मध्यमा अन्य जातका वृक्ष जम्मा आठ सय एकचालीस वृक्ष एक बगैंचामा छन्। एक बगैंचाको एक भोममा नौ सय चोक छन्। दश भोमका नौ हजार चोक हुन्छन्। एक बगैंचाको एक भोममा अठार सय हिण्डोला (झुलना) लागेका छन्। दश भोमका जम्मा हिण्डोला संख्या अठार हजार हुन्छन्। जस्तो एक बगैंचाको बनौट-वर्णन छ, सम्पूर्ण बगैंचाको वर्णन उस्तै छ, फरक केही छैन्। मध्य रौसमा सोह्र-सोह्रका नौ पंक्ति चेहेबच्चा छन्। जम्मा एक सय चवालीस चेहेबच्चा हुन्छन्। बाहिरपट्टि गिर्दको रौसमा चौवन्न चेहेबच्चा छन्। ती एघार रौस चौड़ाइमा औ अठार रौस लम्बाइमा छन्। रौसका ठूला हिण्डोलाका संख्या तीन सय छयसट्ठ छन्। यी ताड़का वृक्षमा लागेका ठूला हिण्डोला लम्बाइमा अठार औ चौड़ाइमा दश हुनाले १८×१०=१८०, एक सय असी भए। पुनः अर्कापट्टिका लम्बाइमा सत्र औ चौड़ाइमा एघार छन्। यसमा १७×११=१८७, एक सय सतासी हुन्छन्। यी दुवै मिलाउँदा १८०+१८७=३६७ तीन सय सतसट्ठी हुन्छन्। तर जहाँ खड़ोकली (जलाशय) छ, खड़ोकलीको

हाँसमा धामदिवालपट्टिको रौसमा एउटा हिण्डोला छैन, कमी छ। यसकारण तीन सय सतसट्टीबाट एक हिण्डोला बाद गर (घटाऊ) यस प्रकार तीन सय छयसट्ठ ठूला हिण्डोला छन्।

## चारैतिरका वृक्ष-संख्या

श्री परमधामपट्टिको वृक्षका संख्या तीन सय दश औ पुखराजतर्फका संख्या तीन सय दश छन्। पश्चिम दिशापट्टिका संख्या पाँच सय सत्ताइस औ पूर्वदिशापट्टिका संख्या पाँच सय सत्ताइस वृक्ष छन्। यी वृक्षका संख्या यस क्रमले छन् - जस्तै, एक बगैंचाको एक पट्टिको बाहिरी किनारमा एकतीस वृक्ष ताड़का छन्। तब चौड़ाइमा क्रमशः बगैंचा दश छन्, तब ३१×१०=३१०. तीन सय दश श्री परमधामपट्टिका भए। उसरी नै उत्तरदिशा पुखराजतर्फ पनि तीन सय दश वृक्ष छन्। पश्चिम दिशापट्टिका वृक्ष ३१×१७=५२७. पाँच सय सत्ताइस छन् किनकि लम्बाइमा सत्र बगैंचा छन्। यसरी नै पूर्व दिशापट्टि पनि सत्र बगैंचा लम्बाइमा हुनाले ३१×१७=५२७. पाँच सय सताइस नै वृक्ष छन्। उप्रान्त सम्पूर्ण बगैंचाका चौकुनामा चार वृक्ष अलग छन्। अतः चौतर्फ किनारका जम्मा वृक्ष संख्या सोह्र सय अठहत्तर छन्। यी सबै ताड़का वृक्ष हुन्।

एक हाँसमा खड़ोकली (इनार) छ। यो खड़ोकली-तलाउ हाँस भरको लम्बा-चौड़ा बराबर छ। यसको तीनैतिर तीस-तीस मंदिर छन्। श्रीधामपट्टि तीस मंदिरको जगहमा धाम दिवाल छ, यहाँ मंदिर

छैन्। खड़ोकलीका मंदिरमाथि चाँदनीमा एक मंदिरको चौड़ा पड़साल वरिपरि घुमेको छ।यसको बाहिर किनारमा कठेड़ा लागेका छन्। चौतर्फी चाँदा छन् औ चाँदामा कठेड़ा छैनन्। चाँदाका दुवैतिर तीन-तीन सिंढ़ी छन्।

रौसका चौतरामा चार-चार हिण्डोलाका ताली लाग्दछन्। यी सबै बगैंचाका दशभोम एघारमी चाँदनी छ। ताड़बनको बीचमा जो आठ सय एकचालीस वृक्ष छन्। यिनका दश भोम एघारमी चाँदनी छ। किनारमा जो एक सय बीस ताड़का वृक्ष छन्। यी वृक्षका दश भोमसम्म एकै भोम छ। रौसका ठूला ताड़का हिण्डोला छोड़ेर बगैंचाको मध्यमा जो आठ सय एकचालीस वृक्ष छन्। यी वृक्षमा जम्मा हिण्डोला तीस लाख बयालीस हजार छन् औ ताड़का ठूला खालका हिण्डोला जम्मा तीन सय छयसट्ठ छन्। यिनका वर्णन गिन्ती पूर्वमा नै गरिएको छ। खड़ोकली-तलाउको पानी दोस्रो भोममा मात्र पाइन्छ। प्रथम भोममा दिवाल छ। यहाँ भूलवनीमा खेल्दा दोस्रो भोमबाट आएर स्नानादि गर्दछन्। उप्रान्त सामुन्ने ईशान कोणमा सोह्र हाँसको इनार चेहेबच्चा छ। अब यहाँबाट पूर्वदिशा श्रीधामदरबाजामा पुगिन्छ।

## श्रीधामदरबाजा

रौसमा भएर धाम दरबाजामा जानुपर्छ। त्यहाँ दरबाजा-मूल ढोकाका दुवैपट्टि दुइटा चौतरा छन्। यी दुवै चौतरा चार-चार मंदिरका लम्बा औ दुइ-दुइ मंदिरका चौड़ा छन्। यी चौतरामा बीस थंभ औ बाइस मेहेराब शोभायमान छन्। बीस थंभमा-दुइ थंभ हीराका, दुइ थंभ माणिकका, दुइ थंभ पुखराजका, दुइ थंभ पाचका औ दुइ थंभ नीलवीका छन्। यी दश थंभ एउटा चौतराका भए। अर्को चौतरामा पनि यसरी नै छन्। चारोटा मेहेराब चौतराको किनारमा औ चारोटा सामुन्ने दिवालमा अक्सीका छन्, तथा दुइटा दुइपट्टि चौतराका बगलमा छन्। जसरी दश मेहेराब एक चौतरामा छन्, उसरी नै अर्का चौतरामा पनि छन्, मूल दरबाजामा दुइटा मेहेराब ठूल-ठूला छन्। यसप्रकार बाइस मेहेराब बीस थंभ शोभायमान छन्।

## श्रीधामका एक मंदिरको निमुना

श्रीधामको मूल दरबाजाको चोकदेखि बीस चाँदा सहित सय सिंढ़ी ओर्लेर चाँदनी चोक-आँगनमा आई श्रीधामतिर फर्केर हेर्दा धामको एक मंदिरको बनौट शोभा यसप्रकारको देखिन्छ। श्रीधामको एक मंदिरमा लम्बाइ सय हात चौड़ाइ सय हात औ ऊचाई (अल्गो) मा दुइ सय हात छ। एक ठूलो अक्सीस्तम्भदेखि अर्को अक्सीस्तम्भसम्म सय हातको ठूलो मेहेराब छ। यो ठूलो मेहेराबभित्र तेत्तीस-तेत्तीस हातका तीनवटा मेहेराब छन्। पुनः यी तेत्तीस हातका मेहेराब भित्र

पनि एघार-एघार हातका साना तीनवटा मेहेराब छन्। यस्ता साना-साना एघार हाते मेहेराब एक मंदिरको हद्धमा जम्मा नौवटा मेहेराब छन्। यी नौवटा मेहेराबका मध्यमा जुन मेहेराब छ।त्यस मेहेराबमा दरबाजा-झयाल छ। दरबाजाको बगलका दुवै मेहेराब जालीदार छन्। अक्सी मेहेराबको मध्यभागमा जो तेत्तीस हातको मेहेराब छ। त्यसको बीच भागको एघार हातको मेहेराबमा झरोखा लागेको छ। यस झरोखामा पनि चौतर्फ चार मेहेराब छन्। सबै झरोखा यस्तै प्रकारका छन् औ यही ठाउँमा श्रीरंगमहलको वरिपरि प्रत्येक भोममा झरोखा छन्।

अब यस मंदिरको अल्गाईमा अट्ठासी हात अल्गोसम्म ठूलो अक्सी स्तंभ छ औ अट्ठासी हातको ठूलो जुन अक्सी मेहेराब छ। यो अक्सी मेहेराबको माथिल्लो भागमा आठ हातको निदाल-सत्तरी छ। आठ हातमा कंगुरा औ आठ हातमा दलिन-तखती छ। यस प्रकार जम्मा दुइ सय हात अल्गो छ। यो ठूलो अक्सी मेहेराब भित्र जुन तेत्तीस-तेत्तीस हातका तीनवटा मेहेराब छन्। यी मेहेराबका थंभ चवालीस हातका र थंभ माथिका मेहेराब पनि चवालीस हातका नै अल्गा छन्। यी तेत्तीस हातका मेहेराब भित्रका जो स-साना नौवटा मेहेराब छन्। यी एघार-एघार हातका छन् औ यिनका थंभ बाइस हातका औ मेहेराब पनि बाइस हातका नै अल्गा छन्।

उक्त नौ मेहेराब मध्ये तीनवटा मेहेराबमा दरबाजा-झयाल छ औ

६ वटा मेहेराब जालीदारका छन्। यसबाट बाहिर देखिन्छ मात्र जानु-आउनु सकिन्दैन। यी तीन मेहेराबमा पनि मध्यको जुन मेहेराब छ, त्यसको बाहिरपट्टि झरोखा लागेको छ। यो बीचको मेहेराबबाट झरोखामा जानु-आउनु सकिन्छ।

उपरोक्त प्रकारका मेहेराब-थंभ-झरोखा भोमप्रति भोम श्रीरंगभवनको बाहिरपट्टि वरिपरि गोलाइमा अति सुहावना देखिन्छ।

## अमृत - आम्रबन

श्रीरंगभवनको प्राङ्गनबाट पूर्वपट्टि फर्केर हेर्दा पाँच सय मंदिरको चौड़ाइ लिएर आँप बनका बगैंचा श्रीयमुनाजीसम्म विस्तृतरूपले स्थित देखिन्छ। यस बनको बीचभागमा मूल सड़क चाँदनी चोकको बीचबाट सीधा गएको छ। चाँदनी चोकको अगाड़ि सामुन्ने पाँच सय मंदिर भरमा अमृत बन छ। यसको तीन हिस्सा छ। चाँदनी चौकको दुइपट्टि बगलमा दुइ हिस्सा एक सय सतसट्ठी, एक सय सतसट्ठी मंदिरका छन्। मध्यको हिस्सा चाँदनी चोकसंग मिलेको एक सय छ्यासट्ठ मंदिरको चौड़ाइवाला छ। यसको पनि बीचमा श्रीयमुनाजीमा जाने मूल बाटो सड़क छ। एक घाट-बगैंचाको चौड़ाइमा अढाई सय वृक्ष छन् औ लम्बाइमा यमुनाजीसम्म गएको छ। सातौं बगैंचाका वृक्षहरू चारैतिर दुइ मंदिरको फरकमा छन्। अमृत बनमा अन्य विभिन्न फल-फूल-मेवादि प्रशस्त लटरम्मै छन्। जस्तै- अंजीर, ओखर, स्याउ, नासपाती औ द्राक्षादिका झुप्पाका झुप्पा झुण्डिरहेका छन्।

# श्रीयमुनाजी सहित सात घाट

श्रीयमुनाजीको पाल-दुइ सय पचास मंदिरको चौड़ी बनदिशको रौसपट्टि एउटा रौस छ। यो रौसदेखि कम्मर भर अल्गोमा पाल स्थित छ। पालको पनि चौड़ाइ अढाई सय मंदिरको छ। तल श्रीपरमधामको समतल जमीनदेखि कम्मर भर अल्गो बनदिशको रौस बाहिरपट्टि छ। यो रौसको चौड़ाइ पाँच सय मंदिरको छ। यसलाई पुखराजी रौस पनि भनिन्छ। यसमा दुइ पंक्ति वृक्ष आएका छन्। अब अढाई सय मंदिरको चौड़ाइवाला पालदेखि यमुनाजीपट्टि कम्मर भर होचोमा एउटा रौस छ। यस रौसको पनि चौड़ाइ अढाई सय मंदिर छ। यस रौसबाट हातले लम्किन्दा श्रीयमुनाजीको पानी स्पर्श गर्नु सकिन्छ। रौसको किनारमा पानीपट्टि कठेड़ा लागेका छन्। कठेड़ाको प्रतिबिम्ब श्रीयमुनाजीमा झल्किरहेका छन्।

पालको चौड़ाइ अढाई सय मंदिरको छ। यस पालमा बड़ाबनका पाँच हार वृक्ष आएका छन्। जसमा चार चोक बनेका छन् औ दुइ चोक दुइतिर किनारमा छन्। यी दुइ चोक वृक्षका होइनन्, यिनका एकापट्टि वृक्ष छैनन्। यी पच्चीस मंदिर चौड़ा पचास मंदिर लम्बाइवाला चोक छन्, एकापट्टि वृक्ष अर्कापट्टि पालको किनार पर्छ। पाँच वृक्षका बीचमा बनेका चार चोक पचास-पचास मंदिरका लम्बा-चौड़ा छन्। यसप्रकार ६ चोक छन्। जहाँ दुइ घाट (बन-बगैंचा) को मिलान-सिमाना छ। त्यस ठाउँमा अर्थात् दुइ बगैंचाको सन्धिमा देहुरी छन्।

देहुरीमा कलश-ध्वजा पताकादि शोभायमान छन्। पाँच-पाँच वृक्षका एघार हार अर्थात् एघार-एघार वृक्षका पाँच हार छन्। एक घाटको हद्धमा पालमाथि बड़ाबनका वृक्ष जम्मा पचपन्न वृक्ष छन्। यसरी नै प्रत्येक घाट-बगैंचामा छन्। एक घाटमा चालीस चोक छन्। यहाँ एघार-एघारका बीचमा दश-दश चोकका चार पंक्तिमा जम्मा चालीस चोक छन्। यी प्रत्येक चोकमा-चौबीस-चौबीस वृक्षका चौबीस हार जम्मा पाँच सय छयहत्तर वृक्षका बगैंचा सुशोभित छन्। यी बगैंचाका दुइ भोम तेस्रो चाँदनी छ।

प्रत्येक घाटको (बगैंचा)हद्धमा पालको पाँच सय मंदिर भर लम्बाइ र अढाई सय मंदिर भर चौड़ाइ छ। हरेक घाटमा जो पचपन्न वृक्ष छन्। ती बड़ाबनका वृक्ष हुन्। यी वृक्ष जुन-जुन घाटमा सम्मिलित हुँदछन्, तिनै घाटका रूपमा परिवर्तन भई सामेल हुँदछन्। जस्तै - केलको घाटमा केराको रूप, निम्बुमा कागतीको औ अनारको घाटमा दारिमको रूपमा परिवर्तन भई सामेल छन्। यसप्रकार सातौं बनमा सातैरूप धारण गर्दछन्। यी बड़ाबनका वृक्षको पाँच भोम औ छट्टी चाँदनी छ। जस्तो पालको बनौट-वर्णन श्रीपरमधामपट्टि छ, उस्तै श्रीयमुनाजी पारिअक्षरधामपट्टि पनि समान छ। वर्णन बनौटमा फरक रतीभर छैन्।

## पाटको घाट

श्रीयमुनाजीको पानीभित्र भुइँमा तल सोह्र थंभ जमीनदेखि जलजवत्

उठेका-लागेका छन्। यी सोह्र थंभ नीलवीका पानी भित्र झल्किरहेका छन्। श्रीयमुनाजीको तेस्रो भाग पानी यो पाटको घाटले ढाकेको छ। यी नीलवीका सोह्र थंभ एक भोममाथि आएर यिनमा छत लागेको छ। यो छतमाथि एक सय पचास मंदिरका लम्बा-चौड़ा समचौरस चौतरा बनियो। यस चौतराको चौतर्फी किनारमा कठेड़ा लागेका छन्। अब यस चौतराबाट दोस्रो भोममा बाह्र थंभ पुनः उठेका छन्। यी थंभ यसप्रकार छन्। अत :-

**पाच रंग दोऊ धाम तरफके, केल तरफ पुखराज।**
**अक्षर तरफ माणिक थंभ झलके, बट तरफ हीरा बिराज।।**
**चारों कोने थंभ रंग नीलवी, देख-देख मन मोहे।**

-(साथवाणी)।

उक्त बाह्र थंभ मध्ये -श्रीपरमधामपट्टिका दुइ थंभ 'पाच' नंग (रत्न) का छन् औ केल बनपट्टिका दुइ थंभ 'पुखराज' नंग का छन्। पूर्व अक्षरधामपट्टिका दुइ थंभ 'माणिक' नंगका छन् त दक्षिणदिशा बट-घाट पट्टिका दुइ थंभ 'हीरा' नंग का छन्। चौतराको चौकोण (चारकुनामा) मा चार थंभ 'नलवी' नंग का झल्झलाकाररूपले विद्यमान छन्। यसप्रकार मनमोहित बाह्र थंभ किनारमा वरिपरि छन्। यी थंभका साथ-साथै कम्मरभर अल्गा का दोगुना अल्गा कठेड़ा लागेका छन्। यो पाटघाटको एक भोम दोस्रो चाँदनी छ, अर्थात् तलपानीको जमीनदेखि दुइ भोम तेस्रो चाँदनी हुन्छ। चाँदनीको

किनारमा चौतर्फ कटेड़ा लागेका छन्। चाँदनी भरी गलैंचा बिछ्याएको छ, मध्य भागमा रत्नजड़ित सुमनोहर सिंहासन छ। यस सिंहासनमाथि श्रीयुगलस्वरूप बिराजमान हुनु हुन्छ। सम्पूर्ण सखीगण विरपरि घेरेर कुर्सी - मेच-गलैंचादिमा बस्दछन्। यहाँ समस्त सखीहरूसहित श्रीयुगलस्वरूप चौथो प्रहरको लीला-भ्रमणको क्रमानुसार कृष्ण-पक्ष प्रतिपदाको दिन आउनु हुन्छ र चाँदनीमा बिराजमान हुनु हुन्छ। श्रीयमुनाजीको पानीमा चार-चारका चार हार थंभ एवं तीन-तीन घड़नालामा भएर पानीको नहर गइरहेका छन्। यी नहरबाट श्रीयुमनाजीको तेस्रो हिस्सा पानी तीन घड़नाला-नहरद्वारा पार हुन्छ। यस्तै पाटकोघाट सामुन्ने पारिपट्टि अक्षरधामतर्फ पनि शोभायमान छ।

## जामुन बन

श्रीधाम दिवालको सामुन्ने छत्री झैं वृक्षका हाँगा- पत्तादि नुइरहेका छन्। भुइँमा जमीन एक समान बराबर छ, अल्गो-होचो छैन्। श्रीयमुनाजी र श्रीरंगमहलका बीचमा सातौंबन अतिसुन्दर शोभायमान छन्। पाँच सय मंदिरको चौड़ाइ लिएर जामुनको बन ढकमक्क शोभायुक्त स्थित छ। तल भुइँका प्रत्येक चोकमाथि फल-फूल-हाँगा-पत्तादिले छत्री-चँदुवा सदृश ढाकेका छन्, साथै यिनका अनेकौं रंगले रंगिन मण्डप समान चोक शोभायमान छन्। यी सुन्दरताले सहसा मनलाई मोहित गर्दछ। यस घाटको दुइ भोम तेस्रो चाँदनी छ।

जस्तो जामुनको घाट यसपट्टि छ त्यस्तै उसपट्टि अक्षरधामपट्टि पनि छ। उस्तै उति नै लम्बाइ-चौड़ाइ, र बनौट शोभायुक्त छ। श्रीयमुनाजीका दुवै तट-सुरम्य रेतीकणले भरपूर अत्यन्तै रमणीय सुशोभित छ।

## नारंगी बन

बर-पीपलको चौकी सामुन्ने चोकमा छत्रीवत् नारंगी-सुन्तलाका शाखा-प्रशाखा, हाँगा-बिंगाहरू झयाम्मिरहेका-नुइरहेका छन्। यहाँ यो बनमा हरिया-पहेंला फलका लाइनबद्ध, दोरीबन्ध हारका हार शोभायमान देखिन्छन्। यो बनमा बाहिर यमुनापट्टि नारंगी फलका चार हार छन्। प्रत्येक हारमा सात-सात कांगरी फलका झुप्पा र दानाका नै बनिएका छन्। यो बनको पाँच सय मंदिरको चौड़ाइमा फल-फूल पातले झल्लरयुक्त छत्री झैं ढाकिएका छन्। यी चोक यसप्रकारका शोभासुन्दरताले अति नै मन आकर्षित गर्दछ। यहाँ फलका हार र फलका नै कांगरीका शोभा-सुन्दरताको वर्णन अवर्णनीय छ। यी दृश्यमान शोभा हेरेर आत्मा कहिल्यै तृप्त हुँदैन्।

## बट बन

कुञ्ज-निकुञ्ज बनको सामुन्ने नारङ्गी बनको पासमा बरको वृक्ष पाँच भोम छट्टी चाँदनीयुक्त स्थित छ। यो बट-वृक्ष, बरको रूखको चौतरा पाँच सय मंदिरका लम्बा -चौड़ा समचौरस छ। यहाँ पालको अढाई सय मंदिर र बनदिशपट्टिको अढाई सय मंदिरको रौस मिलेर पाँच

सय मंदिरको लम्बा-चौड़ा चौतरा बनेको छ। यस चौतराको मध्यभागमा मूल 'बट-वृक्ष' स्थित छ। यसका चौतर्फी चार-चार हार बड़वाइयाँ (बरको हाँगाबाट निस्किएका जरा) छन्। चौदिशाबाट बट-वृक्ष सहित बड़वाइयाँका नौ-नौ का नौ हार हुन्छन्। यसको पाँच भोम छदृी चाँदनी छ। प्रत्येक भोममा ढोका झयाल, झरोखा छत इत्यादि सबै बटका नै अत्यन्तै शोभायुक्त बनेका छन्। तल भुइँमा मोती सदृश चम्किला रेती प्रकाशमान भइरहेका छन्। यहाँका यी चोकहरू अति नै रमणीय एवं बसौ २ लाग्दो, बस्नु-कुद्नु, घुम्नु-खेल्नुको निम्ति विशेष इच्छा प्रवर्धक, मन आकर्षित गर्ने शोभायमान छन्। बट-वृक्षका पाचौं भोममा सुमनोहर हिण्डोला-झुलना शोभायमान छन्। जस्तो बट-घाट श्रीयमुनाजीको यसपट्टि छ, यस्तै श्रीअक्षर धामपट्टि श्रीयमुनाजी पारि पनि छ।

## कुञ्जनिकुञ्ज बन

बट घाट - बरको बनदेखि दक्षिण पट्टि एक महल-एक चौतराको सामुन्ने पश्चिमतर्फ कुञ्ज-निकुञ्ज बन छ। एक महल-एक चौतरामा-महलको सामु कुञ्ज औ चौतराको सामु निकञ्ज छ। यसको चौड़ाइमा पाँच कुञ्ज अनि चार निकुञ्ज छन्। लम्बाइमा सुदूर पश्चिमतिर, पश्चिमको चौगानसम्म गएर हौजकोसर तलाउको पश्चिम-दक्षिण हुँदै पूर्वमा अक्षरधामपर्यन्त घुमेर गएको छ। यहाँ कैयौं प्रकारका विभिन्न रंगका, नाना प्रकारका पुष्प-फुलादिका सुखशय्या छन्। कैयौं प्रकारका पत्ता-

फूलादिका नै सुन्दर सिंहासन, कुर्सी-मेच-चौकी इत्यादि सामग्रीले पूर्णात्पूर्ण छ। जुन स्थानमा फल-फूल, बेल-बुट्टा, लहरा-पत्तादिका जस्तो शोभा-सुन्दरता शोभनीय हुँदछ, त्यहाँ त्यस्तै प्रकारको शोभायुक्त फलफूलादि पूर्णात्पूर्ण सुशोभित छन्। तथा-

**मेवा चाहिये सो लीजिये - फल फूल मूल पात।**
**तित रहे तैसे ही बने - ये अखण्ड बागोंकी बात।।**

- (श्रीमुख)।

कुञ्ज-निकुञ्जमा-कुञ्ज चौकोणवाला छ औ यसको माथि चाँदनी छानु सदृश ढाकिएको तथा छोप्पिएको छ। निकुञ्ज गोलाकार छ औ निकुञ्जको चाँदनी खुला छ। ढाकिएको छैन्। यी कुञ्ज-निकुञ्जका मध्यमा चेहेबच्चा छ, चेहेबच्चाबाट पानीका नहर आमुन्ने-सामुन्ने सुमनोहर प्रकारले आवत-जावत, ओहोर-दोहोर गर्दछ। यत्र-तत्र गल्लीमा कैयौं किसिमका चित्रकलाले चित्रित बेल-बुट्टादि शोभायमान छन्।

प्रत्येक कुञ्ज-निकुञ्जमा चौरासी-चौरासी मंदिर छन्। प्रत्येक मंदिरका चौतर्फी दरबाजा, बीचमा सुन्दर चोक छ। मध्यमा चौतरा औ चौतराको पनि मध्यभागमा चेहेबच्चा छ। चेहेबच्चाको चौतर्फ किनारमा कठेड़ा लागेका छन्। दरबाजामा चाँदा औ चाँदाको दुवै बगलमा सिंढ़ी छन्। चौतराको चारैपट्टि वृक्षका छत्री सुमनोहर ढङ्गले शोभायमान छन्। यस चौतराका आठौंदिशाबाट पानीका आठवटा

नहर, सोह्र पंक्ति मंदिर तथा बत्तीस गल्ली निक्लेका छन्। तल जमीनमा मोतीका दाना सदृश झल्झलाकार प्रकाशयुक्त रेती झल्किरहेका छन्। यी विभिन्नाकारका चोकमा सुरम्य रेती-कणादिद्वारा भरपूर रमणीय स्थानमा श्रीयुगलस्वरूप सैल-बिहारको निम्ति समस्त सखीगण सहित कृष्णपक्ष तृतीयाको दिन आउनु हुन्छ। यहाँ एक प्रहर समयसम्म पुण्यात्मागण सहित भ्रमण-बिहारमा विभिन्न लीला-क्रीड़ा गर्नु हुन्छ। यो इच्छा प्रवर्धक सुमनोहर रेतीमा श्रीयुगलस्वरूप सखी समूह सरह विभिन्न प्रकारले होड़-बाजीसाथ दौड़ा-दौड़ी, लीला-क्रीड़ादि गर्दछन्। तथा -

**कुञ्जबन की रेती में, पिया चलो दौड़िये जाये।**
**जो जाको छुइ लेत है, सो ताके हाथ विकाये।।**
**मारावालाजी चलो ................**

**-(साथवाणी)।**

यो कुञ्ज-निकुञ्ज बनको दुइभोम तेस्रो चाँदनी छ। बड़ाबनका पाँच हार वृक्ष सात घाट, कुञ्ज-निकुञ्जबन, बर-पीपलको चौकी सामुन्ने हुँदै हौजकोसर नामक तलाउमा गएको छ।

## बटको पुल

श्रीयमुनाजीको पानीमा एघार-एघार थंभका एघार हार तथा दश-दश घड़नाला (नहर-कुलो) छन्। यी थंभमाथि पुलको पाँच भोम छट्टी चाँदनी छ। प्रत्येक भोमका थंभमा दुइ सय बीस मेहेराब बनेका

छन्। यी मेहेराबमा सुन्दर हिण्डोला लागेका छन्। एक भोममा दुइ सय बीस हिण्डोला छन्। पाँच भोमका जम्मा हिण्डोला एघार सय छन्। प्रत्येक भोममा दश-दशका दश हार जम्मा एक सय चोक छन्। पाँच भोमका पाँच सय चोक हुन्छन्। पुलको चौतर्फी पचास-पचास मंदिरको छज्जा छ और छज्जाका भित्री किनारमा एघार-एघार थंभ औ थंभ का साथ कठेड़ा छन्। चार थंभ चार सुरमा-कोणमा छन्। पुल पाँच सय मंदिरको लम्बा-चौड़ा समचौरस बराबरको छ। पाँच भोममाथि छट्टी चाँदनीमा चारैपट्टि प्रकाशयुक्त कठेड़ा लागेका छन्। चाँदनीको मध्यभागमा अति सुमनोहर सिंहासन शोभायमान छ। यस सिंहासनको चौतर्फी घेरेर कुर्सी-मेच विभिन्न प्रकारका बैठक विद्यमान छन्। यहाँ सुमनोहर आनन्दप्रद सयल-सैर गर्नु सखीगण सहित श्रीयुगलस्वरूप कृष्णपक्ष द्वितीय-तिथिको दिन चौथो प्रहरमा यहाँ सवारी हुनु हुन्छ। एक प्रहर समयसम्म लीला-भ्रमण, पश्चात् श्रीरंगमहलमा वापस सवारी फर्किन्दछ।

## एक महल - एक चौतरा

सात घाट सामुन्नेको रौस जसलाई बनदिशको रौस भनिन्छ। यस रौसमा दुइ हार बड़ाबनका वृक्ष पुखराजको पश्चिम घाटीदेखि दुबैपट्टिबाट श्रीयमुनाजीलाई घेरेर आएको छ। श्रीयमुनाजी पुखराजको तरहटीदेखि साढ़े चार लाख कोस पूर्व दिशातर्फ आएर ईशानकोणबाट मोड़ाइ-घुमेर, सीधा नौ लाख कोस दक्षिण गई , पुनः अग्निकोणबाट

मोड़ाइकन् पश्चिमतर्फ सीधा साढ़े चार लाख कोस गएर हौजकोसर तलाउमा समावेश भएको छ। अग्निकोणमा, जहाँ श्रीयमुनाजीको मोड़ाइ (मरोड़ - छ) छ, घुमेको छ, त्यहाँ पानीमाथि चार हिण्डोलाको ताली पर्दछ - झुलना झुल्दछ। दुइटा हिण्डोला पालमाथि छन् त दुइटा झुलना पानीमाथि पर्दछन्।

यहाँ बरको (बट) पुलदेखि श्रीयमुनाजीको मोड़ाइसम्म पालमाथि एक महल-एक चौतरा बनेका छन्। यहाँ जम्मा पाँच महल चार चौतरा शोभायमान छन्। प्रत्येक महल एक सिंढ़ी अल्गो चौतरामाथि बनेको छ। यसको चारैपट्टि मंदिर छन्। यी मंदिरका बीचमा दरबाजा छन्। यस महलको अगाड़ि त्रियासी मंदिरको लम्बा-चौड़ा चौतरा छ। यस चौतरामा कठेड़ा लागेका छन्। चारैपट्टि बीचभागमा दरबाजा छन्। चौतराका दरबाजाको सामु महलको दरबाजा छन्। महल चौतराका पूर्व-पश्चिम दरबाजामा एक दरबाजा बनदिशको रौसपट्टि छ, अर्को श्रीयमुनाजीतर्फ पर्दछ। चौतरामा सुन्दर गलैंचा बिछ्याएको छ।

श्रीयमुनाजीको दुवैपट्टिका तट-किनार बन-वृक्षका हाँगा- विभिन्न प्रकारका लहरा-पत्तादिले ढाकिएका छन्। मध्यभाग खुला छ, श्रीयमुनाजीको दुवै किनारमा कठेड़ा लागेका छन्। यी कठेड़ा यमुनाजीको पानीमा झल्किरहेका छन्। श्रीयमुनाजीको दुवैतटमा वारपार सुमनोहर बैठकादि बनेका छन्। यी बैठकमा बस्दा सुमनोहर आनन्ददायी मन्द-मन्द अति सुगन्धित हावा, मधुर वतास चल्दछ। यहाँको आनन्दमय शोभा अकथनीय छ। श्रीयमुनाजी हौजकोसर

तलाउको पूर्वदिशामा जो सोह्र देहुरीको घाट छ, यो घाट मुनिबाट तलाउमा सम्मिलित भएको छ।

## हौजकोसर ताल

पुखराजपर्वतको पश्चिमघाटीदेखि पाँच सय कोसको चौड़ाइवाला बनदिशको रौसले, पुखराज पर्वत, पुखराजको पश्चिम-उत्तर घाटी, बंगलाको चौतरा, अधबीचको कुण्ड, मूलकुण्ड, सातघाट, दुवैपुल औ हौजकोसर तलाउलाई घेरेर अर्थात् यी सबै स्थानमा हुँदै-हुँदै, हौजकोसर तलाउको पश्चिमदिशामा झुण्डकोघाट पछाड़ि आएर उभय बनदिशका रौस मिलेका छन्। यी रौसमा दुइ हार बड़ाबनका वृक्ष आएका छन्।

यो हौजकोसर नामक तलाउ श्रीरंगमहलको उत्तर दिशामा साढ़े चार लाख कोसको दूरीमा स्थित छ। यो तलाउ एउटै हीराद्वारा निर्माण भएको हौजकोसरताल एकबीस हजार, तीन सय तेत्तीस मंदिर लम्बा-चौड़ा औ एक सय अट्ठाइस पहलदार (पाटादार) गोलाकार छ। यसको गोलाई चौसट्ठ हजार मंदिरको छ। यहाँको एक पहलमा (हाँस) पाँच सय मंदिर छन्। पहलका प्रत्येक दोसाँधमा देहुरी बनेका छन्। जम्मा ठूला खालका देहुरी एक सय अट्ठाइस छन्। यी देहुरी दुइ-दुइ रंगका गोलावृत घुमेका छन्।

## झुण्डको घाट

तलाउको पश्चिम दिशामा यो झुण्डको घाट छ। यस घाटमा दुइ

देहुरी, दुइ चौतरा औ दश मेहेराब छन्। दुइटा देहुरीमा आठवटा साना-साना मेहेराब छन् औ दुवै देहुरीका मध्यमा दुइटा ठूला मेहेराब छन्। यी मेहेराबका अगाड़ि तीन सिंढ़ी चढ़ेर ढालदार पालमा जाऊ। त्यस पछि यो ढालदार पालरूप भोमभरको गोलावृत सिंढ़ी (संक्रमणिका) चढ़दै-चढ़दै जाँदा भोमभरमाथिको चौरस पालमा पुगिन्छ। त्यहाँ दुइटा चौतरा छन्। यी चौतराका मध्यमा चोक छ। यी तीनैवटा चोक बराबरका छन्। मध्यको चोक पालको बराबरमा छ। यी चोक-चौतरामा दश मेहेराब छन्। तर देख्नमा बाह्रवटा देखिन्छन्। चार-चारवटा मेहेराब दुइ चौतरामा छन्। दुइटा मेहेराब मध्य चोकको पूर्व-पश्चिम दिशामा छन्। यी दुइटा चौतरामा वृक्षका सोह्र दिवाल छन् औ चारदिवाल मध्यको चोकमा छन्। चौतराको प्रत्येक दिशामा चार-चार हिस्सा छन्। दुइ भागको बीचमा द्वार छ। द्वारको दुवैपट्टि एक-एक हिस्सा छ। दुइ हिस्सा जगह बीचमा द्वारले लिएको छ। यस घाटको पाँच भोम औ छट्टी चाँदनी छ। सम्पूर्ण पाललाई घेरेर बड़ाबनका पाँच हार वृक्ष आएका छन्। दुइ हार वृक्ष ढालदार पालमा छन् औ दुइ हार चौरसपालमा छन् तथा एक हार दुवै पालका दोसाँध-सन्धिमा छ। यी वृक्ष यहाँ गोलाइमा पाँच-पाँच सय मंदिर औ चौड़ाइमा अढाई सय मंदिरका अन्तरमा घुमेका छन्।

अब यो चौरसपाल चार हिस्सामा बिभाग गरिए को छ। एक हिस्सामा घाट, दोस्रो हिस्सामा पड़साल, तेस्रो हिस्सामा सिंढ़ी औ चौथो हिस्सामा

देहुरी पालमाथि गोलावृत घुमेका छन्। जुन२ ठाउँमा घाटदेखि सिंढ़ी झरेका छन्, त्यस २ ठाउँमा सिंढ़ीका दुवैपट्टि पालमा दुइटा देहुरी छन्। यी देहुरीका अगाड़ि चौतरा बनेका छन् औ चौतरामा कठेड़ा लागेका छन्। यी चौतराका एक-एकपट्टि मात्र सिंढ़ी छ। दुइटा चौतराका बीचमा छत छ। यस छतको सीधा तल भुइँतलामा तीनवटा चोक छन्। त्यस चोकबाट तलाउपट्टि तीन सिंढ़ी ओर्ल्हदा-झर्दा चार सय कोसको रौसमा पुगिन्छ। यो रौसको किनारबाट लम्कन्दा हातले तलाउकोपानी स्पर्श गर्नु-छुनु सकिन्छ। यी चौतरा औ मेहेराब पानीमा झल्किरहेका छन्। तीनैवटा घाट यसै प्रकारका छन्।

जो जति देहुरी पालमा गोलावृत घुमेका छन्। ती सबै देहुरीका अगाड़ि कठेड़ा लागेका छन्। जुन चौतराबाट दुवैपट्टि भोमभरका सिंढ़ी झरेका छन्। ती सिंढ़ीहरूमा दुवैपट्टि परकोटा-रेलिङ्ग लागेका छन्। जहाँ दुइपट्टिका सिंढ़ी आएर मिल्दछ। त्यहाँ चोक बनेको छ। त्यस चोकको चौथो हिस्सामा देहुरी बनेको छ। यस देहुरीमा चारपट्टि चार दरबाजा छन्। एक तालपट्टि, एक दाहिनेपट्टी, एक देब्रेपट्टि औ एक पालभित्र जानको लागि विद्यमान छ। यी देहुरीमाथि तीनैपट्टि देहुरीको भित्ता-दिवालमा कांगरी शोभायमान छन्। चौथोपट्टि पालमा देहुरी टाँसिएको छ, यसैले कांगरी छैनन्। देहुरीमाथि गुमटी, गुमटीमाथि कलश-ध्वजा-पताकादि शोभायमान छन्।

उक्त गोलावृत चौतराका सीधा मुनि, भुइँ तलाको चोकबाट उभो

हेर्दा उल्टा सिंढीको अक्सी मेहेराब देखिन्छ। यस चोकमा दुइ-दुइटा दरबाजा छन्। एक तालपट्टि औ एक पालपट्टि। यो चोकमा दायाँ-बायाँ दुवैपट्टि दरबाजा छैनन्, अक्सी मेहेराब छन्। जुन अक्सी मेहेराबमाथि (सुल्टापट्टि) भोमभरका सिंढ़ी छन्। पालमाथि गोलावृत कांगरी सुशोभित भइरहेका छन्।

## नौ देहुरी

तलाउको उत्तर दिशापट्टि नौ देहुरीको घाट छ। यो घाट पालमाथि कम्मर भर अल्गो चौतरामा छ। यस चौतरामाथि आठ थंभ लागेका छन्। यी आठ थंभमा एक भोममाथि गएर छत लागेको छ। यी आठै थंभको एउटै छत छ। छतमाथि प्रत्येक थंभका सीधा-सीधामा अलग-अलग आठवटा देहुरी बनेका छन्। एक देहुरी यी आठवटाका मध्यमा बनेको छ। यस प्रकार छतमाथि नौ देहुरी शोभायमान छन्। यी देहुरीमा गुमट, गुमटमाथि कलश-ध्वजा-पताकादि फहराइरहेका छन्। देहुरीका वरिपरि छतका चौतर्फी किनारमा कम्मर भर अल्गो कठेड़ा लागेका छन्। तल चौतरामा पनि कम्मरभर अल्गो कठेड़ा तथा सिंढ़ी लागेका छन्। चौतरा अगाड़ि पड़साल छ। यो घाटको चौतरा सहित दुइ भोम तेस्रो चाँदनी छ। यो पड़सालदेखि दुइ देहुरीको बीचबाट तालपट्टि जानुको निम्ति भोमभरको सिंढ़ी झरेको छ। यस सिंढ़ीबाट झर्दा ताल अगाड़ि चार सय कोसको रौस तथा चौतरामा पुगिन्छ। जस्को किनारबाट तलाउको पानी छुनु सकिन्छ।

## तेह्र देहुरी

तलाउको दक्षिणदिशापट्टि चौरसपालमाथि कम्मर भर अल्गो चौतरा छ। यस चौतरालाई घेरेर कठेड़ा लागेका छन्। यस चौतरामाथि आठ थंभ शोभायमान छन्। यी आठ थंभमा एक भोममाथि छत-पटेको तथा लागेको छ। यो छतमा प्रत्येक थंभका सीधामाथि आठ देहुरी विद्यमान छन्। यी आठ देहुरी का मध्यमा पुनः चार देहुरी छन् औ यी चारका बीचमा एक देहुरी छ। यस प्रकार यहाँ यस छतमाथि जम्मा तेह्र देहुरी छन्। यी देहुरीका बाहिरपट्टि छतको किनारमा कम्मरभर अल्गो कठेड़ा लागेका छन्। किनारमा वरिपरि कांगरी बनेका छन्। देहुरीमा गुमट, गुमटमा कलश-ध्वजा-पताकादिका अकथनीय शोभा भरपूर छ।

यो तेह्र देहुरीको घाटदेखि अगाड़ि पड़साल छ। यस पड़सालबाट तलाउपट्टि जानुको निम्ति भोम भरको सिंढ़ी झरेको छ। यो सिंढ़ीको दुवैपट्टि पालमा दुइटा देहुरी छन्। यी देहुरीका अगाड़ि दुइटा चौतरा छन्। यहाँ यी दुइ चौतराका बीचमा छत छ। तलाउको गोलावृत पालमा जम्मा एक सय अट्ठाइस हाँस छन्। यी प्रत्येक हाँस पाँच सय मंदिरका छन्। प्रत्येक हाँसको रंग पनि अलग-अलग छ। एक सय अट्ठाइस हाँस, एक सय अट्ठाइस नै रंगका छन्। यहाँ दुइ हाँसको सन्धिमा जो देहुरी छन् ती प्रत्येक देहुरी दुइ-दुइ रंगका छन्। यी देहुरी पनि जम्मा एक सय अट्ठाइस नै छन्।

उक्त एक सय अट्ठाइस देहुरीका अगाड़ि चौतरा औ चौतरामा कठेड़ा लागेका छन्। चौतराका दायाँ-बायाँ दुवैपट्टिबाट भोम भरका सिंढ़ी झेरका छन्। जहाँ दुइपट्टिका सिंढ़ी भोमभरतल चोकमा मिल्दछन्; त्यस ठाउँमा चोक छ। यो चोकमा सानो देहुरी छ। सम्पूर्ण पालको गोलाइमा यस्ता साना-साना देहुरी जम्मा एक सय चौबीस छन्। चार घाटमा सिंढ़ीको कारणले गर्दा चारवटा देहुरी छैनन्। त्यस ठाउँमा पालबाट तलाउपट्टि भोमभरको सिंढ़ी झरेको छन्।

## सोह्र देहुरीको घाट

रौसको जमीनदेखि एक भोम तल पानीको जमीन छ। त्यस जमीनदेखि चवालीस थंभ उठेका छन्। यी चवालीस थंभ रौसको जमीनको सीधा मुनि चवालीस थंभका छतरूप भएर पटेको छ। यो रौस ती चवालीस थंभको चाँदनी भयो। यी चवालीस थंभ निम्नलिखित प्रकारले छन्।

नौ-नौ थंभका पाँच हारमा चौतर्फीबाट बीचको एक थंभ कम छ। बीचमा एउटा थंभ छैन्। जुन ठाउँमा कुण्ड पर्दछ, त्यहाँ एउटा थंभ कम्ती छ। श्रीयमुनाजीपट्टि चौड़ाइको किनारमा पाँच थंभ औ तलाउपट्टिका पाँच थंभ, यी दश थंभमाथि दुवैपट्टि रौसको चौतरा छ। यी दश थंभ उनै चवालीस थंभ भित्रका हुन्।

कथित दश थंभ मध्ये श्रीयमुनाजीपट्टिका पाँच थंभका बीचमा चार जालीद्वार-घड़नाला छन्। यी घड़नालामा भएर श्रीयमुनाजीको

सम्पूर्ण पानी तलाउमा प्रवेश हुन्छ। पुनः भित्रपट्टि तलाउको सामु जो पाँच थंभ छन्, ती थंभमा पनि चार जालीमार्ग-घड़नालाबाट पानी निस्कने चार जालीद्वार छन्। यी जालीद्वारबाट श्रीयमुनाजीको पानी तलाउमा प्रवेश गर्दछ।

पूर्वोक्त चवालीस थंभ मध्ये बीचका चौतीस थंभमाथि पाल महलको जमीन-भुइँ बराबरमा एउटा चौतरा छ। यस चौतरामाथि सवा सय-सवा सय मंदिरको फरकमा चौतीस थंभ लागेका याने उठेका छन्।, यी चौतीस थंभ मध्ये दुइतिरका पाँच-पाँच थंभ अर्थात् दश थंभमाथि दोस्रो भोममा दुवैपट्टि झरोखा बनिएका छन्। यी चौतीस थंभमध्ये दुवैपट्टिका दश थंभ छोड़ेर, मध्य भागमा सोह्र थंभ घुमेका छन्। यी सोह्र थंभमा वरिपरि कम्मर भर अल्गा कठेड़ा लागेका छन्। यी सोह्र थंभका मध्यमा फेरि आठ थंभ छन्। आठ थंभका भित्रपट्टि अढ़ाई सय मंदिरको लम्बा-चौड़ा कुण्ड छ। यो कुण्ड चौरस छ। यस कुण्डको किनारमा पनि वरिपरि कम्मर भर अल्गा कठेड़ा छन्। उभय हार थंभका बीचमा बैठक घुमेको-घुमाउदार बैठक छ। यस बैठकमा बस्दा साच्चै तलाउको वास्तविक आनन्द अनुभव हुँदछ किनकि यहाँ मन्द-मन्द अति सीतल-सुगन्धयुक्त वायु चल्दछ।

उपरोक्त सोह्र थंभले चौतर्फीबाट घेरेको पड़साल छ। यस पड़सालको एकापट्टिका सोह्र थंभ मध्येका पाँच थंभ छन्, औ अर्कापट्टि पाल महलको दिवाल छ। यस दिवालको मेहेराबबाट छिरेर पालको

महलभित्र जानु सकिन्छ। तलाउपट्टि टापूमहलका दरबाजाको सामुन्ने घाटका मेहेराब छन्। यहाँ पाँच थंभमा चार खुला मेहेराब लागेका छन्। यी चार मेहेराबलाई भित्र लिएर तथा अंगालेर एउटा ठूलो अक्सी मेहेराब लागेको छ। यी चारौं मेहेराबका दुवै बगलमा एक-एक मेहेराब फाल्टु छन्। यी ६ मेहेराब तलाउपट्टिका हुन्। यसरी नै श्रीयमुनाजी तर्फ पनि ६ मेहेराब लागेका छन्। भित्र तलाउपट्टिका उक्त ६ मेहेराबका अगाड़ि, भित्रतिर चौतराको किनारमा अढाई-अढाई सय मंदिरका फरकमा चार थंभ लागेका छन्। यी चार थंभ पूर्व कथित चौतीस थंभदेखि अलग-फाल्टु हुन्। यी चार थंभका अगाड़ि तलाउपट्टि तीन सिंढ़ी तल चार सय कोस अथवा पाँच सय मंदिरको चौड़ी गोलावृत एउटा रौसरूप चौतरा छ। यो रौसरूप चौतराको तलाउतर्फको किनारबाट हातले लम्कन्दा तलाउको पानी भेटि्न्छ। यो सोह्र देहुरीको प्रथम भोमको बनौट-वर्णन हो।

अब दोस्रो तलाको शोभा यस प्रकारले छ। जब चौतीस थंभको चाँदनी लाग्यो अथवा चाँदनी पट्यो, तब त्यस चाँदनीमाथि भोमभर अल्गो वरिपरि गोलावृत चौरस पाल शोभायमान बन्यो। यस पालमाथि यहाँ कम्मर भर अल्गो चौतरा बनिएको छ। यस चौतरामा पाँच-पाँचका पाँच हार थंभ, जम्मा थंभ पच्चीस उठेका छन्। यी पच्चीस थंभमा (पाँच चौको बीस, पाँच चौको बीस, बीस-बीस) चालीस मेहेराव अति मनोहर शोभायमान छन्। यी चालीस मेहेराबमाथि छत

लागेको छ।यो छतमाथि चाँदनीमा चार-चार देहुरीका चार पंक्ति जम्मा सोह्र देहुरी बनेका छन्। यी देहुरीमा गुमट (गुमज), गुमटमा कलश, ध्वजा-पताकादिका अपरम्पार शोभा भइरहेको छ। यस छतको चौतर्फी छज्जा घुमेको छ। यस छज्जाको किनारमा वरिपरि कम्मर भर अल्गो कठेड़ा लागेका छन्। यहाँको शोभा अकथ्य छ। यो सोह्र देहुरीको घाटको दुइ भोम तेस्रो चाँदनी छ।

यस घाटको प्रथम भोममा चौतीस थंभ औ बीच भागमा सुमनोहर बैठक-कुण्डको शोभा आनन्दमय छ। दोस्रो भोममा पच्चीस थंभ, चालीस मेहेराब औ दुवैपट्टि पूर्व-पश्चिममा बसौं-बसौं, हेरौं-हेरौं लाग्ने आकर्षित झरोखाको सुमनोहर शोभा भरपूर छ। तेस्रो भोम चाँदनीमा सोह्र देहुरीका चारपंक्ति, किनारमा छज्जा-कठेड़ा औ देहुरीमाथि गुमट, सुवर्णमय कलश-ध्वजा-पताकादिका अकथनीय शोभा-आनन्दमय दृश्यादि जगमगाइ रहेको छ। उक्त आनन्दप्रद शोभा हेर्दै तल प्रथम भोममा झर्नु हवस्। त्यहाँ चौतीस थंभका चौतराको बीचमा सोह्र थंभ मध्येका पाँच थंभका सामुन्ने जुन पालमहलको दिवाल छ। यस दिवालका मेहेराबबाट फुत्तभित्र पसौं। भित्र पालमहल शोभायमान छ।

## पालभित्रका महल

पालमहलका मेहेराबमा भएर पालमहलभित्र जाँदा, त्यहाँ वरिपरि घुमाउदार घुमेको पड़साल छ। यस पड़सालको अगाड़ि मंदिरका

दुइ हार छन्। एक हार पड़साल संग जोडिएको छ औ अर्को पंक्ति बाहिरी किनारमा गोलावृत घुमेको छ। यी दुइ पंक्ति मंदिरका बीचमा दुइ हार थंभका पनि संग-संगै घुमेका छन्। यी थंभमा मेहेराब छन् औ मेहेराबमा हिण्डोला झुण्डिएका छन्। यहाँ एक पंक्तिमा दुइ सय छप्पन्न मंदिर छन् औ थंभ पनि एक हारमा दुइ सय छपन्न नै घुमेका छन्। पहिलो हार मंदिरमा चार-चारवटा दरबाजा देखिन्छन् तर गिन्तीमा तीन-तीन मात्र पुग्छन्। दोस्रो हार मंदिरमा तीन-तीनवटा दरबाजा देखिन्दछन् तर गिन्तीमा दुइ-दुइ मात्र छन्। दोस्रो पंक्ति मंदिरका पछाड़ि-बाहिरपट्टि दरबाजा छैनन् त्यहाँ बाहिरपट्टि वरिपरि हावा-प्रकाश मात्र प्रवेश गर्ने जालीद्वार सुन्दररूपले शोभायमान छन्। यस जालीद्वारबाट हावा-प्रकाश भित्र प्रवेश हुँदछ।

## टापू महल

हौजकोसर तलाउ ६ हजार मंदिरको चौड़ाइमा गोलावृतरूपले एक समुद्र सदृश शोभायमान छ। यो समुद्ररूप तलाउको मध्यभागमा टापू महल चौसट्ठदलका पाँखड़ीवाला ढकमक्क फक्रेको फूल झैं सुमनोहररूपले अत्याधिक शोभायुक्त भइरहेको छ। यस टापूमहलका बाहिरपट्टिका तीनैओटा रौससहित ६ हजार मंदिरको लम्बा-चौड़ा टापू -महल गोलाकाररूपमा विद्यमान छ। टापूमहलको बाहिरी हारमा साठ मंदिर छन्। यसको चौदिशामा चारवटा ठूल-ठूला दरबाजा छन्। दुइ दरबाजाका बीचमा पन्ध्र मंदिर छन्। यी महल मंदिरका बाहिर

वरिपरि चौतर्फी गहिरो तलाउ छ, तलाउमा पानी भरिएको छ। यसको बनौट-वर्णन निम्नलिखित प्रकारको छ।

यी महलका चारैपट्टि चौदिशामा ठूल-ठूला दराबाजा छन्। महल साथ-साथै गोलावृत गुर्जहरू घुमेका छन्। यहाँ साठ-साठ मंदिरका दुइ पंक्ति छन्। यी दुइ हार मंदिरका मध्यमा एक पंक्ति थंभको छ औ भित्रीहार मंदिरको पनि भित्रपट्टि पुनः अर्को हार थंभ छ। यी सबैका मध्यभागमा चौतरा छ। यो चौतराको किनारमा फेरि तेस्रो हार थंभ शोभायमान छ। चौतरा कम्मर भर अल्गो छ। यो चौतरा चार हजार एक सय मंदिर लम्बा-चौड़ा छ। चौतराको चारैतिर चौदिशामा चारवटा दरबाजा छन्। दरबाजालाई छोड़ेर कठेड़ा औ चौतरामा जानुको निमित्त तीन-तीन सिंढ़ी चारैपट्टि छन्। चौतराको मध्यभागमा जलस्थंभ चेहेबच्चा छ। यो जलस्थंभलाई घेरेर बाहिरपट्टि फूलवारीका बगैंचा छन्। यस बगैंचामा जलस्थंभरूप चेहेबच्चाबाट विभिन्न फूलाकार सदृश पानीका फुहारा छुट्दछन्। भित्रपट्टिको हारमा जो मंदिर छन्। ती मंदिरमा गिन्तीको तीन-तीन, देख्नमा चार-चार मेहेराब लागेका छन्। बाहिरी हार मंदिरमा गिन्तीमा पाँच-पाँच औ देख्नमा ६-६ मेहेराब देखिन्छन्। यी मेहेराब यसप्रकार छन्-जस्तै, एक-एक बाहिरपट्टि सामुन्ने छ। दुइ-दुइवटा गुर्जमा छन् औ दुइ-दुइटा दुइपट्टि बगलमा, दुइटा मंदिरको सन्धि-दोसाँधमा छन्। एक-एक भित्रपट्टिको दिवालमा छ। यसरी देख्नमा ६-६ देखिन्छन् तर

गणनामा पाँच-पाँच मात्र छन्।

यी टापूमहलको चौदिशाका ठूला चार दरबाजाका सामुन्ने-सामुन्नेमा चार घाट शोभायमान छन्। यी चार दिशाका चार ठूल-ठूला दरबाजाका अगाड़ि चोक-चौतरा औ चौतरामा कठेड़ा छन्। वरिपरि गुर्जका बीच-बीचमा बन छन्। गुर्जमा पाँच-पाँच दरबाजा छन्। तीन-तीनवटा बाहिरपट्टि छन्औ दुइ-दुइटा दुइपट्टिका मंदिरमा जानु-आउनुको निम्ति छ। यो टापूमहलको तीन भोम चौथो चाँदनी छ। पहिलो भोममा जलस्थंभ-चेहेबच्चा छ। माथिका दुइ भोममा चौतरा छन्। चाँदनीको चौतरा अत्यन्तै शोभनीय छ। गुर्जका बीच-बीचमा गोलावृत झरोखा छन्। गुर्जको प्रत्येक भोममा तीन -तीन छज्जा छन्। जस्तै. "**तीन-तीन छज्जे तरफ जलके, छे छज्जे बन पर**" (श्रीमुख)।। एक-एक छज्जा सामुन्ने पानीपट्टि छन्, दुइ-दुइटा छज्जा बनपट्टि (गुर्जका दायाँ-बायाँमा) छन्। एक भोममा तीन छज्जा छन् औ तीन भोममा नौ छज्जा हुन्छन्।

## टापूकी चाँदनी

यहाँ टापू महलको चाँदनीमा जो गुर्ज छन्। यी दुवैपट्टिका गुर्ज खुला छन्। चाँदनीलाई आवृत गरेर वरिपरि कम्मरभर अल्गो दिवाल घुमेको छ। यो दिवालमा रातावर्णका कांगरी वरिपरि लागेका छन्। यहाँ चाँदनीमा वरिपरि सुन्दर-सुन्दर कुर्सीहरू विभिन्न प्रकारले शोभायमान छन्। यहाँका प्रत्येक कुर्सीमा दुइ-दुइ सय सखीहरू

बस्नु सक्दछन्। मध्य भागमा कम्मर भर अल्गो चौतरा छ। यो चौतराको बीच भागमा सुन्दर रत्नजड़ित सुमनोहर सिंहासन छ। सिंहासनलाई चौतर्फीबाट घेरेर कुर्सी राखिएकाछन्। उक्त सिंहासनमा श्रीयुगलस्वरूप शुक्लपक्ष चतुर्दशीको दिन चौथो प्रहरको सैर-भ्रमणमा सखीहरू सहित यहाँ आउनु हुन्छ औ सिंहासनमा विराजमान हुनु हुन्छ, सम्पूर्ण सखीगण कुर्सीमा श्रीयुगलस्वरूपका वरिपरि मधु-मख्खी झैं शोभायमान भई बस्दछन्। उप्रान्त यहाँ एक प्रहर रात्रीसम्म विभिन्न प्रकारले सैर-लीला-भ्रमणको ब्रह्मानन्द लीला-क्रीड़ा पश्चात् श्रीरंगभवनमा शयनार्थ सवारी फर्कन्छ।

## चौबीस हाँसको महल

टापू महलका दरबाजा झैं यहाँ पनि चौदिशामा ठूल-ठूला दरबाजा छन्। यहाँ चौबीस हाँसमध्ये चार दिशाका चार हाँसमा दरबाजा औ दरबाजाका बीच-बीचमा अथवा दुइ दरबाजाका बीचमा पाँच-पाँचवटा महल छन् जम्मा बीस महल छन्। जो हाँस-हाँस भरका ठूल-ठूला छन्। एक-एक द्वारको सामुन्ने दुइ-दुइटा चौतरा छन्। दुइ चौतराका बीचमा चोक छ। चौबीस हाँसका चौबीस गुर्जमा तीन-तीन ओटा दरबाजा बाहिरपट्टि छन् औ दुइ-दुइटा महलमा आउनु-जानुको लागि छन्। यस प्रकार प्रत्येक गुर्जमा पाँच-पाँचवटा दरबाजा छन्। चौबीस-चौबीस मंदिरका दुइ हार गोलावृत घुमेका छन्। भित्रीहार मंदिरको भित्रपट्टि पुनः एक हार थंभ छ। यी सबैको मध्यभागमा चौतरा छ। यो

चौतराको चौतर्फी किनारमा पनि एक हार थंभ लागेको छ। यस प्रकार मंदिरका दुइ हार औ थंभका तीन पंक्ति गोलावृत घुमेका छन्। चौतराको वरिपरि दरबाजालाई छोड़ेर किनारमा कठेड़ा लागेका छन्। चौतराको चौदिशामा तीन-तीन सिंढ़ी छन्। यो चौतराको मध्यभागमा पानीले भरिएको एउटा जलस्थंभ छ। यो पानीले भरिएको जलस्थंभ पाँच भोमसम्म गएको छ। यसप्रकार चोक-चौतरा, गुर्ज-दरबाजा वरिपरि गोलावृत घुमेका छन्। चारदिशामा ठूल-ठूला चार दरबाजा औ वरिपरि चौबीस गुर्ज, बीस पहल (पाटादार) का बीस मंदिर देखिन्छन्। चौबीस हाँसका महलको गोलाइ चौध हजार मंदिरको फराकिलो छ। यसको पाँच भोम छट्टी चाँदनी छ। बाहिरपट्टि अढाई सय मंदिरको रौस घुमेको छ।

## चौबीस हाँसका महलको चाँदनी

चौबीस हाँसका महलको पाँच भोम छट्टी चाँदनी छ। चाँदनीको बीच भागमा जलस्थंभ-चेहेबच्चाको रूपमा यहाँ प्रकट भएको छ। यस चेहेबच्चामा पच्चीसओटा फुहारा सुशोभित छन्। जलस्थंभको वरिपरिबाट बाहिरपट्टि किनारमा गुर्जको चाँदनीमा कुण्ड बनिएका छन्। यी गुर्जरूप कुण्डमा चेहेबच्चाबाट चौबीस वटा पानीका फुहारा मेहेराबको आकारमा पर्दछन्। बीचको जुन पच्चीसवाँ फुहारा छ, त्यो जलस्थंभको बीचबाट भोमभर अल्गो गएर जलस्थंभमा नै पर्दछ। चाँदनीको किनारमा गुर्जरूप कुण्डमा परेको पानी गुर्जका चाँदनीदेखि

झर्नाकोरूपमा बाहिर ६ भोम तल जमीनमा जो चौबीस हाँसका महलको बाहिरपट्टि चौबीस ओटा कुण्ड वरिपरि छन्। ती कुण्डमा ६ भोममाथिबाट पानी झर्नाको रूपमा खस्दछ।

अब यी कुण्डका बाहिरपट्टि जमीनमा चौबीस-चौबीस कुण्डका चौबीस पंक्ति गोलावृत घुमेका छन्। ती सबै कुण्डमा नहरद्वारा कुण्डका पानी विस्तृतरूपले फैलिएका छन्। यसप्रकार सबै कुण्ड औ नहरहरूमा हुँदै-हुँदै अन्तिम हारका चौबीसवाँ तलाउमा पानी एकत्रित हुनु पुग्दछ। जस्तै- पहिलो हारको तलाउबाट नहरमा भएर पानी दोस्रो हार तलाउमा जान्छ, पुनः दोस्रो हार तलाउबाट तेस्रो पंक्तिका तलाउमा पानी नहरद्वारा पुग्छ औ तेस्रो पंक्तिका तलाउबाट चौथो पंक्तिका तलाउमा नहरबाट पानी जान्छ। एक नहरमा चौबीस कुण्ड-तलाउ छन्। यसरी नै क्रमशः पानी चौबीस-चौबीस कुण्डका चौबीस हार कुण्ड छन, ती सबैमा बिस्तार हुन्छ। सम्पूर्ण कुण्डका संख्या पाँच सय छयहत्तर छन्। तलाउ औ नहरका आस-पासमा महलहरू छन्। यी महलका दुइभोम तेस्रो चाँदनी छ। तलाउका बीच-बीचमा सुमनोहर बगैंचाहरू शोभायमान छन्। यी बाग-बगैंचामा साना-साना चेहेबच्चा नहर औ फुहारादिले भरपूर अत्यन्तै सुमनोहर देखिन्छ। ईशान कोणदेखि दुइटा ठूल-ठूला नहर निस्केर एउटा पूर्व-दक्षिणदिशा हुँदै जान्छ। अर्को उत्तर-पश्चिम दिशा हुँदै गएर उभय नहर दक्षिणदिशामा सम्मिलित हुँदछन्। यी दुइ नहर यहाँदेखि बृहत् नहरकोरूपमा भएर सम्पूर्ण

पानी यस नहरबाट जवेरको नहरमा सम्मिलित हुनु जाँदछ।

## पश्चिमको चौगान

यो पश्चिमको चौगान श्रीरंगमहलको पश्चिमदिशामा साढ़े पाँच लाख कोस टाढ़ामा (पर) विद्यमान छ। यस चौगान तथा पटमैदानमा कुनै प्रकारका बन वृक्षादि छैनन्। यो लामो फराकिलो खुला मैदानमा हीराका कण सदृश मसिना-मसिना चम्किला बालुवाका तेज राशीले भरपूर प्रकाशमान हजारौं चोक छन्। यो चौगान उत्तरदेखि दक्षिणतर्फ नौ लाख कोसको लम्बाइवाला छ औ पूर्वदेखि पश्चिमतर्फ साढे चार लाख कोसको चौड़ाइवाला छ। यस्तो फराकिलो पटमैदानमा एकाम्य कनिका सदृश रेतीकणले भरपूर अनगिन्ती चोक सुमनोहररूपले शोभायमान छन्। यहाँ पूर्णात्पूर्णस्वरूप श्रीराज-श्यामाजी समस्त ब्रह्मात्मा-सखीगण सहित कृष्णपक्ष पञ्चमी तिथिको दिन चौथो प्रहरको सैर-भ्रमणमा आउनु हुन्दछ अनि प्रहरदिन सम्मन् विभिन्न पशु एवं जानवरमाथि सवारी भई यस मैदानमा दगुरादगुर, दौड़ा-दौड़, को आनन्दमय लीला-क्रीड़ा तँछाड़-मछाड़ भावनाबद्ध भई होड़-बाजीका साथमा विभिन्न प्रकारले खेल्नु हुँदछ- खेल्दछन्।

## दूब दुलैंचा

यो दूब दुलैंचा श्रीरंगभवनको पश्चिम दिशामा चार लाख कोस टाढ़ामा सुशोभित छ। यहाँ अनेकौं प्रकारका रङ्गिन विभिन्न प्रकारका रङ्गी -चङ्गी अतिनरम दूबै-दूबोले भरिभराउ अनगिनती रंगका चोक

छन्। यी चोक जम्मा दश-दशका दश पंक्ति सय चोक छन्। यी चोकमा पानीका नहर चेहेबच्चा औ चेहेबच्चाबाट पानीका फुहारादि छुटिरहेका छन्। यहाँ सय बगैंचामा, हर बगैंचाका नौ-नौ चेहेबच्चा मध्ये बीचको चेहेबच्चामाथि चौतरा देहुरी बनेका छन्। यी देहुरीमा गुमट, गुमटमा सुर्वण कलश-ध्वजा-पताकादि फहराइरहेका छन्। यी चोकमा कैयौं रंगले रङ्गिन, विभिन्न बेल-बुट्टाले भरिभराउ, रङ्गी-चङ्गी गलैंचादि बिछ्याए झैं प्रतीत हुँदछ। यी गलैंचा स्वतः नै प्राकृतिक सजिएका छन्। यो दूब दुलैंचाको मैदान डेढ़ लाखकोसको लम्बा-चौड़ा शोभायमान छ तथा अति मनोहर शोभाले सिंगारिएको छ।

## अन्न बन

यो अन्नबन श्रीरंगमहलको पश्चिम दिशामा, रंगभवनदेखि अढाई लाख कोस पर तथा फूल-बाग र दूब-दुलैंचाको साँधमा स्थित छ। यहाँ अनन्त किसिमका अन्नका क्षेत्र सुशोभित छन्। अनेकौं प्रकारका अन्न तथा मेवा-कन्दमूलादि यहाँ विद्यमान छन्। यो क्षेत्र डेढ़ लाख कोसको लम्बा-चौड़ा समतल जमीनमा, अन्नै-अन्नका विस्तृत बिस्तार अत्यन्तै मनोहर देखिन्छ। यस क्षेत्र अन्तर्गत पानीका विभिन्न नहर-चेहेबच्चा, साना-साना, नहर-कुवा, ठाउँ-ठाउँमा बैठक, चौतरा, तथा चेहेबच्चाबाट विभिन्न प्रकारका फुहारादिका अकथनीय शोभाले भरपूर छ। यहाँ चेहेबच्चामाथि देहुरीका हार, देहुरीमा गुमट, गुमटमा सुवर्णकलश-ध्वजा पताकादि फहराइरहेका अति मनोहर शोभाले भरपूर छ।

# पुखराजपर्वत तर्फ प्रस्थान

श्रीपरमधामको पश्चिममा फूलबाग र अन्नबनको सन्धिबाट वायब्य कुनादेखि उत्तरतर्फ जाँदा लालचौतरा ताड़बन, बड़ाबन मधुबन महाबनादिका शोभा हेर्दै-हेर्दै जाँदा पुखराज पर्वतमा पुगिन्छ। यो पर्वत श्रीरंगभवनको उत्तरतर्फ साढ़े चार लाख कोस टाढ़ामा शोभायमान छ। यी तीनै बन अति सुन्दररूपले विस्तृत छन्। अल्गाईमा ताड़बन भन्दा बड़ाबन, बड़ाबन भन्दा मधुबन औ मधुबन भन्दा महाबन अल्गा छन्। महाबनको चाँदनी पुखराजको चाँदनीसंग बराबर छ औ पुखराज पर्वतलाई महाबनका वृक्षले वरिपरिबाट परिक्रमा गरी घेरेका छन्। यी त्रि-बनले पुखराज पर्वतलाई प्रदक्षिणा गर्दै उत्तरदिशापट्टि बृहत् विस्तारसंग फैलिएर घुमेका छन्। यी त्रि-बनले जवेरको नहर तथा माणिक पहाड़को हद्धलाई उल्लङ्घन गरी, बनको नहरमा भएर बृहत् अन्तरबाट श्रीरंगमहललाई परिक्रमा दिएका छन्। यी वृक्ष बनको नहरमा सम्मिलित भई, कैयौं हजारों भोम अल्गा गएका छन्। यी भोमहरूमा पशु-पंखीहरूका बाक्लै गाउँ- शहर, गाउँका गाउँ, शहरका शहर सघनरूपले विद्यमान छन। उप्रान्त यी त्रि-बन विस्तृतरूपमा चार हार हवेली तथा बड़ीरांगको जमीन सम्पूर्णमा घुमेका छन्। श्रीपरमधाम पच्चीस पक्षका किनार पर्यन्त यी बड़ाबन, मधुबन औ महाबनका अति भयङ्कर विस्तार छ।

## पुखराज पर्वत

चार लाखकोस गोलाइवाला पहलदार एक भोम अल्गो एउटा चौतरा छ। यस चौतरामाथि पुखराज पर्वत चार लाखकोस अल्गो सुशोभित छ। जुन चौतरामा पुखराजपर्वत स्थित छ। त्यस चौतराको किनारदेखि चार सयकोस चौड़ाइ जगह प्रदक्षिणाको निमित्त छोड़ेर एक भोम अल्गो पाटादार गोलावृत चौतराको दिवाल घुमेको छ। यस दिवालको एक हजार हाँस-पहल छन्। हाँस-हाँसका प्रत्येक सन्धिमा एक-एकवटा गोल गुर्ज बनेको छ। प्रत्येक हाँसको मध्यभागमा वरिपरि तल तरहटीमा तथा बाहिरपट्टि रौसमा झर्नुको लागि दरबाजा तथा दरबाजामा भोमभरको सिंढ़ी लागेका छन्। यी सिंढ़ीबाट चौतरामाथि चढ़नु तथा भित्र तल तरहटीमा जानु सकिन्छ। यस प्रकारका दरबाजा औ भोमभरका सिंढ़ी चौतराका चौतर्फी प्रत्येक हाँसमा विद्यमान छन्।

## पुखराजको तरहटी

पुखराजको तरहटी एक लाख तेत्तीस हजार तीन सय तेत्तीस कोसको लम्बा -चौड़ा छ। यसको परिक्रमा चार लाखकोस छ। पुखराजको एक हजार हाँसको जुन चौतरा छ। त्यस चौतराको प्रत्येक हाँसका बीच-बीचमा एक-एकवटा दरबाजा छ। प्रत्येक दरबाजाबाट भित्र तरहटीमा जाने सिंढ़ी लागेको छ। भित्र तरहटीको जमीनदेखि कम्मर भर अल्गोमा एउटा रौस छ। यो रौस चार सयकोसको चौड़ाइवाला छ। यहाँ सिंढ़ी उत्रिन्छ। यो रौसको अगाड़ि बगैंचाका

हार छन्। जम्मा बाउन्न हार बगैंचा छन्। यी एक हार बगैंचाको गोलाइमा एक हजार बगैंचा छन्। अतः बाउन्न हार बगैंचामा जम्मा बाउन्न हजार बगैंचा गोलावृत घुमेका छन्।

यी प्रत्येक बगैंचाको मध्यमा एक-एकवटा लोहस्थंभ पनि बगैंचाका साथ-साथै घुमेका छन्। यी बगैंचामा नहर चेहेबच्चा औ फुहाराका अपार शोभा भइरहेको छ। यी बगैंचाका भित्रपट्टि हजार-हजारको त्रिपन्न हजार महल घुमेका छन्। मध्यभागमा तथा तरहटीको तेस्रो हिस्सामा खजानेको ताल अर्थात् पानीको भण्डाररूप बृहत् तलाउ छ। तलाउको पानी बाहिरपट्टिको अथवा पानीको रौस अढाई सयकोसको छ। अरू सबै रौस चार-चार सयकोसका छन्। यो तलाउ चवालीस हजार कोस लम्बा-चौड़ा समचौरस छ। तलाउको दायाँ-बायाँ दुवै हिस्सामा पनि चवालीस-चवालीस हजार कोस जगह छ। यस तलाउमा पानीका पाँच पेड़ छन्। चार दिशामा चार पेड़ औ एक पेड़ चौदिशाका बीचमा छ। यी पेड़का वरिपरि महल छन् अर्थात् महलका नै पेड़ बनेका हुन्। यहाँ खजानेको तालदेखि चारैदिशाबाट चारवटा बृहत् नहर निस्केका छन्। यी नहरबाट पानी चौदिशामा विस्तृतरूपले फैलिएको छ। श्रीराज-श्यामाजी सहित द्वादश सहस्र सखीहरू चौथो प्रहरको दैनिक भ्रमणमा कृष्णपक्ष नवमी तिथिको दिन यहाँ सवारी हुनु हुन्छ। एक प्रहर समयसम्म लीला-भ्रमण पश्चात् श्रीधाममा फर्कनु हुँदछ। यहाँ तलाउको मध्यमा जुन पाँचवां पेड़ छ। यो पानीले भरिएको

पेड़ उपराउपर आठ लाख कोससम्म गएर, आकाशी महलको चाँदनीमा प्रकट हुन्छ। अब तरहटीमा खजानेको तालको पूर्व पेड़मा भएको पानी तरहटी-तरहटी गएर पुखराज र बंगलाको चौतराका सन्धिमा जुन भोम भरको गहिरो हाँस भरको कुण्ड छ। त्यस कुण्डमा भएर पानी बंगलाको तरहटीमा प्रवेश हुँदछ।

## बंगलाको तरहटी

बंगलाको तरहटी एक लाखकोसको लम्बा-चौड़ा बराबर छ। यसको परिक्रमा चार लाख कोस छ। एक लाखकोसको तेस्रो भाग तेत्तीस हजार तीन सय तेत्तीस कोस जगहमा तरहटीको मध्यभागमा चौतरा छ। यस चौतराको दुवैपट्टि तेत्तीस हजार तीन सय तेत्तीस, तेत्तीस हजार तीन सय तेत्तीसकोस जगह छ। चौतराको दुवैपट्टिका दुवै हिस्सामा महल र बगैंचा छन्। साढ़े सोह्र हजार कोसमा बन-बगैंचा औ साढ़े सोह्र हजार कोसमा महल छन्। यसप्रकार बन-बगैंचा र महलका हार चारैपट्टि लाइनबद्ध घुमेका छन्। एक-एक हजारका अठचालीस हार बगैंचाका जम्मा अठचालीस हजार बगैंचा छन्। प्रत्येक बगैंचाका मध्यमा एक-एकवटा ठूल-ठूला लोहस्थंभ पनि बगैंचा साथ-साथै घुमेका छन्। यी लोहस्थंभ पनि जम्मा अठचालीस हजार नै छन्।

यी बगैंचाका अगाड़ि महल छन्। हजार -हजार महलका उनन्चास हार महल घुमेका छन्। जम्मा महल उनन्चास हजार छन्। यी बगैंचा

र महलका अगाड़ि तरहटीको बीच भागमा पानीको चौतरो छ। यसको लम्बाइ-चौड़ाइ तेत्तीस हजार तीन सय तेत्तीस कोस छ। यस चौतराको बाहिरपट्टि पानीको रौस छ। यसको चौड़ाइ एक सय कोस छ। अन्य सबै रौस चार सय कोसका छन। बंगलाको पश्चिमपट्टि तरहटीको दिवालदेखि लिएर पूर्व दिवालसम्म एक लाखकोस छ। पुखराजको पूर्व पेड़को पानी बंगलाको तरहटीबाट बीचको तालमा हुँदै, तलाउको बीच भागबाट पूर्वपट्टिको नहरमा भएर तरहटी-तरहटी अधबीचको कुण्डका तरहटीमा प्रवेश हुन्छ।

## अधबीचको कुण्डको तरहटी

अधबीचका कुण्डको तरहटी तेत्तीस हजार तीन सय तेत्तीसकोस लम्बा-चौड़ा बराबर छ। यसको तेस्रो हिस्सामा कुण्ड स्थित छ। कुण्डको चौतरा एघार हजार एक सय कोसको लम्बा-चौड़ा छ। यस चौतराका दुवैपट्टि एघार हजार एक सय, एघार हजार एक सयकोसमा बगैंचा र महल छन्। एघार हजार एक सयकोसमा पनि चार हजारकोसमा दश हार महल छन् औ एघार हार बगैंचा चार हजार चार सयकोसमा वरिपरि घुमेका छन्।

कुण्डको पाल चार सयकोसको छ। पालदेखि कम्मर भर होचोमा अढाई सय कोसको रौस छ। यो रौसदेखि मुनि पचास कोसमा पानीको चौतरा छ। अरू बीचका रौस चार-चार सय कोसका छन्। तरहटीको किनारका चार सय कोसको रौसदेखि पानीको चौतरासम्म एघार

हजार एक सयकोस हुन्छ। यसरी नै तलाउको अर्कोपट्टि पनि छ। यस प्रकार अधबीचको कुण्डको पश्चिम किनारको मेहेराबमा भएर नहर कुण्डमा हुँदै पूर्व किनारको मेहेराब मुनिबाट पानीको नहर ढपा चौतराको तरहटीमा प्रवेश हुन्छ।

## ढपा चौतराको तरहटी

अधबीचको तरहटीबाट आएको पानी ढपा चौतराको पश्चिम किनारबाट नहरमा भएर ढपा चौतराको तरहटीमा आउँछ। यो पानी पूर्व नहरबाट मूलकुण्डको तरहटीमा जान्छ। ढपा चौतराको तरहटी एघार हजार एक सयकोसको लम्बा-चौड़ा बराबर छ। ढपा चौतरा तीन हजार सात सयकोसको लम्बा-चौड़ा छ। चौतराका दायाँ-बायाँ दुवैतिर तीन हजार सात सय, तीन हजार सात सयकोस जगहमा तीन हार महल र तीन हार बगैंचा बनेका छन्। यी तीन हजार सात सय कोसमा पनि बाह्र सयकोसमा बगैंचा औ बाह्र सय कोस जगहमा महल बनेका छन्। यहाँ चौबीस सयकोसमा महल र बगैंचा छन्। चौतराको पाल चार सय कोसको छ। पाल अगाड़ि कम्मर भर होचोमा अढाई सयकोसको रौस छ। यो रौसदेखि तल-होचोमा पचास कोसको चौड़ा पानीको चौतरो छ। अब चौतराको बीच भागबाट पश्चिमदेखि पूर्वतर्फ नहरमा भएर तरहटी-तरहटी पानी मूल कुण्डको तरहटीमा प्रवेश गर्दछ।

# मूल कुण्डको तरहटी

ढपा चौतराको अगाड़ि पूर्व दिशामा तीन हजार सात सय कोसको लम्बा-चौड़ा मूल कुण्डको तरहटी छ। यो तरहटी पनि तीन भागमा विभाग गरिएको छ। बीच को भागमा पानीको कोठ-कुण्ड छ। मूलकुण्ड बाह्र सयकोसको लम्बा-चौड़ा छ। मूल कुण्डका दायाँ-बायाँ साढ़े बाह्र-साढ़े बाह्र सयकोस जगह छ। यसमा एक हार महल औ एक हार बगैंचा छन्।

तीन हजार सात सयकोस लम्बा-चौड़ा तरहटीको बीच भागमा जुन बाह्र सय कोसमा मूल कुण्ड छ। यसलाई कोठ-कुण्ड पनि भनिन्छ। यसको तीन भोम छ। तल पानीको जमीनदेखि तरहटीको जमीनसम्म एक भोम, तरहटीको जमीनदेखि एक भोममाथि चौतराको छत छ। चौतराको छतदेखि पनि एक भोममाथि गएर चाँदनी लागेको छ। कोठ-कुण्डदेखि साढ़े बाह्र सय कोससम्म नहरमा पानी भित्र-भित्रै गएर तरहटीको पूर्व किनारदेखि श्रीयमुनाजी प्रकट भई; यहाँदेखि दुइ लाख चौत्तीस हजार आठ सयकोस सीधा पूर्वदिशा गएको छ।



## पुखराजको गोल चौतरा

श्रीपरमधामको जमीनदेखि जुन हजार हाँसको भोमभर अल्गो दिवाल घुमेको छ, पर्खाल फिरेको छ। यो पर्खाल-दिवाल भित्र तरहटीमा बाउन्न हजार थंभ गोलावृत घुमेका छन्। यी थंभको एक भोममाथि छतरूप भएर यो गोल चौतरा बनेको छ। यस चौतराको गोलाइ - परिक्रमा चार लाख कोसको छ औ एक लाख तेत्तीस हजार तीन सय तेत्तीसकोस लम्बा-चौड़ा बराबर छ। चौतराको किनारमा हाँस-हाँसको दोसाँधमा गोल गुर्ज बनेका छन्। यी प्रत्येक गुर्जदेखि माथि चौतरामा चढ़नु तथा तल भुइँमा झर्नुको निम्ति भोम भरका सिंढ़ी लागेका छन्। यस चौतराको तेस्रो हिस्सा, चौतराको मध्यभागमा चवालीस हजार चार सय चवालीसकोसको चौकोण भोम भरको अल्गो पुनः अर्को चौतरो छ। यो चौतराको वरिपरि कठेड़ा लागेका छन्। यसको चौदिशामा भोम भरको सिंढ़ी लागेका छन्। चौतराको किनारदेखि परिक्रमाको जगह छोड़ेर तरहटीदेखि आएका पाँच पेड़-महल प्रकट भएका छन्। यहाँदेखि यी पेड़-महल उपराउपर पाँच भोमसम्म सीधा गएका छन्। यी महलका छट्टी भोमदेखि चौतर्फी अलग-अलग छज्जा निस्केर बढ़दै-बढ़दै गएका छन्। यी पेड़ चारसय कोसका लम्बा-चौड़ा समचौरस छन्।

## पुखराजको पाँचमी भोम

पुखराजको तरहटीबाट खजानेको तालका पाँच पेड़ जो बीच भागको चौरस चौतरामा प्रकट भई, चौतरादेखि यी पाँच पेड़-महल

सीधा पाँच भोम उपराउपर गएका छन्। यी पाँच पेड़मा चार दिशामा जो चार पेड़ छन्। यी पेड़बाट मध्यको पेड़तिर एघार-एघार कोसका छज्जा बड़ेका छन्। यसरी नै मध्यका पेड़बाट पनि चारैदिशाका पेड़तर्फ एघार-एघार कोसका छज्जा निस्केका छन्। इन पेड़ले अढाई सय भोम जाँदा तल दुइ हजार सात सय पचास कोसमा छाया पार्दछ। फेरि लामो छज्जा आधादूरी सम्मन् जाँदा एकापट्टिको पेड़को एघार हजार कोस जगहमा छाया-सियाँल पार्दछ। यसरी नै दोस्रोपट्टिबाट पनि एघार हजार कोस जगहमा छाया-सियाँल पार्दा जम्मा बाइस हजार कोसमा छाया पर्दछ। अब एक दिशाको पेड़बाट अर्कोदिशाको पेड़तर्फ साढ़े सोह्र-साढ़े सोह्र कोसका छज्जा निक्लेर उपराउपर अढाई सय भोम पुग्दा, तल भुइँमा चार हजार एक सय पच्चीसकोस जगहमा छाया-सियाँल पर्दछ। उप्रान्त अढाई सय भोममाथिबाट, बाह्र हजार तीन सय पचहत्तर कोसको लामो छज्जा अगाड़ि सीधा बढ़दछ। यो लामो छज्जाले दुइ दिशाको पेड़का बीचमा भएको जगहको आधी-दूरीसम्म छाया-सियाँल पार्दछ। यसरी नै यतिनै जगहमा दोस्रोपट्टिको छज्जाले छाया पार्दा दुइदिशाका पेड़का बीचमा भएको तेत्तीस हजारकोस जगह छाया हुँदछ अथवा छज्जाले ढाक्दछ। पुनः चौदिशाका पेड़बाट पश्चिम-उत्तरका घाटीपट्टि चवालीस-चवालीस कोसका छज्जा निक्लेका छन्। यसरी नै दुवैघाटीबाट पनि पेड़पट्टि चवालीस-चवालीस कोसका छज्जा निक्लेका छन्। फेरि पूर्वको पेड़बाट बंगलापट्टिपनि

चवालीस-चवालीस कोसका नै छज्जा निक्लेका छन् औ बंगलाको चाँदनीबाटपनि पेड़तिर चवालीस-चवालीस कोसका छज्जा निक्लेका छन्।

पश्चिम -उत्तर घाटीका महल पाँच पेड़का महलको बराबर सीधा बढ़ेर जहाँबाट पेड़-महलका छज्जा निक्लनु शुरू भए। त्यसैको बराबरबाट दुवैपट्टिका घाटीका महलबाट पनि पुखराजका पेड़तर्फ छज्जा निक्लेर बराबर-बराबर बढ़दै गएका छन्। यी घाटीका महलबाट पुखराजतर्फ बढ़ेका चवालीस-चवालीस कोसका छज्जा अढाई सय भोममाथि पुग्दा, घाटीका महल औ पुखराजको चौतरा बीचको चवालीस हजार कोस जगहमध्ये एघार हजार कोस जगहमा छाया पार्दछ। उप्रान्त लामो तेत्तीस हजार कोसको छज्जाले तल-भुइँ चौतरामा भएको सम्पूर्ण चवालीस हजार कोस जगह ढाक्दछ अर्थात् छाया पार्दछ। यी छज्जामाथि भोमप्रति भोम बढ़दै-बढ़दै अढाई सय भोममाथिबाट घाटीका महल पुखराजका महलसंग एक भएर साढ़े सात सय भोम अथवा तीन लाख कोस जाँदछ। उप्रान्त पुखराजको चाँदनीसंग डोरीबन्ध मिल्दछ।

पुखराजका उत्तर-पश्चिम पेड़बाट घाटीपट्टि चवालीस-चवालीस कोसका छज्जा निक्लेर अढाई सय भोम जाँदा, तल एघार हजार कोसमा छाया पार्दछ। पुनः अढाई सय भोम माथिबाट तेत्तीस हजार कोसको लामो छज्जा बढ़ेर, तल तेत्तीस हजार कोसमा छाया पार्दा,

चवालीस हजार कोस जगह छायाले ढाक्छ। घाटीको लामो छज्जा र पुखराजको उत्तर-पश्चिम पेड़को लामो छज्जा मिलेपछि घाटी र पेड़का बीचको अठासी हजार कोस खाली जगह सर्म्पूणमा छायाले ढाक्यो। अब यी छज्जामाथि एकनास बराबर महल बनिन्दै उपराउपर साढ़े सात सय भोम अर्थात् तीन लाख कोस मिलेर जान्छन्, पश्चात् चाँदनी लाग्दछ।

यसरी नै पुखराजको पाँच पेड़मा, बीचको पेड़बाट चौतर्फी दिशाका पेड़तर्फ एघार कोसका छज्जा निक्लन्छन्। दिशाका पेड़बाट पनि बीचको पेड़तर्फ एघार कोसका नै निक्लन्छन्। यी एघार कोसका छज्जाले अढाई सय भोम बढ़दा दुइ हजार सात सय पचास कोस जगहमा छाया पार्छ। पश्चात् आठ हजार दुइ सय पचास कोसको लामो छज्जा बढ़दा तल आधी-दूरीसम्म अर्थात् एघार हजार कोसमा छाया पार्छ। उसरी नै अर्कोपट्टिबाट आधी-दूरी सम्म छाया पार्दा, एक दुस्रा पेड़का बीचको बाइस हजार कोसमा छाया पर्छ, अर्थात् छायाले ढाकिन्छ।

उसरी नै दिशाका पेड़बाट दिशाका पेड़तर्फ पनि साढ़े सोह्र, साढ़े सोह्र कोसका छज्जाले अढाई सय भोम बढ़दा तल भुँइमा दुइ दिशाका पेड़का बीचमा भएको जगह मध्ये एकापट्टिको छज्जाले चार हजार एक सय पच्चीस कोस जगहमा छाया पार्दछ। पश्चात् बाह्र हजार तीन सय पचहत्तर कोस जगहमा लामो छज्जाले छाया पार्दछ। यसप्रकार तल एक पेड़को एकापिट्टको आधी-दूरीसम्मको साढ़े सोह्र हजार

कोसमा छायाले ढाक्दछ। यसरी नै अर्को पेड़पट्टिबाट आधी-दूरीको जगहमा छाया पार्दा, दुइ पेड़ बीचको तेत्तीस हजार कोस जगह ढाकिन्छ। यसप्रकार दिशाका पेड़को दिशा कै पेड़ बीचमा भएको जगह चौतर्फीका सबै ढाकिन्छन्। अब पाँच पेड़ औ दुवै घाटीका छज्जा अढाई सय भोममाथि देखिन् आपस्तमा मिलेर उपराउपर साढ़े सात सय भोम अर्थात् तीन लाख कोससम्मन् जान्छन्। त्यसपछि दोरीबन्ध एउटै चाँदनी लाग्दछ। पुनः पुखराजको पूर्व पेड़बाट पूर्व बंगलापट्टि पनि चवालीस कोसको छज्जा अढाई सय भोम, उत्तर-पश्चिम पेड़का घाटीपट्टि बढ़े झैं बढ़दछन् औ बंगलाको छट्टी भोमबाट बढ़ेको चवालीस कोसको छज्जासंग मिलेर तल भुइँका सम्पूर्ण जगह ढाकिन्दछ।

## पश्चिम-उत्तरको घाटीका सिंढ़ी

पुखराजका पश्चिम -उत्तर घाटीमा, जसरी पुखराजका पाँच पेड़ पाँच भोमसम्म सीधा गएर छट्टी भोमदेखि घाटी-बंगलातर्फ छज्जा निक्लन्दै, भोम-भोम बढ़दै जान्छ। उसरी नै घाटीका महलबाट पनि छट्टी भोमदेखि पुखराजको गोल चौतरातिर छज्जा निक्लेर भोम-भोम बढ़दै जान्छ। यी चवालीस कोसका छज्जा अढाई सय भोमसम्म बढ़दा तल घाटीको महलदेखि गोल चौतरापट्टि एघार हजार कोस जगहमा छाया-सिंयाँल पार्दछ। अढाई सय भोम पश्चात् एउटै तेत्तीस हजार कोसको लामो छज्जाले तल भुइँमा चौतराको सम्पूर्ण चवालीस

हजार कोसमा सियाँल-छाया पार्दछ-अर्थात् ढाक्दछ। अब यसप्रकार घाटीका महल र पुखराजको गोल चौतराको बीचका जगह ढाकिन्छ। अढाई सय भोममाथिदेखि पुखराजका महल र घाटीका महल डोरीबन्ध एक समान भएर भोम प्रति भोम उपराउपर तीन लाख कोस पर्यन्त जान्छन्।

अब घाटीको चौतराका उत्तर-पश्चिम किनारमा, जहाँदेखि सिंढ़ी बढ़्न शुरूआत हुन्छ। यो सिंढ़ी चोड़ाइमा एक सय कोस छ, सीधा अल्गाइमा चार लाख कोसको छ औ सिंढ़ीको चढ़ाउ (अल्गाइको डेढ़ा) ६ लाख कोस चढ़्नु-ओर्लनु पर्छ। एक सय कोसको चौड़ाइ लिएर जसरी सिंढ़ीको चढ़ाउ बढ़्दै जान्छ। उसरी नै सिंढ़ीका दुवै बगलका सय-सय कोस चौड़ाइमा बनेका महलपनि भोम प्रतिभोम सिंढ़ी साथ-साथै उपराउपर बढ़्दै जान्छन्। यी सिंढ़ीका दुवै किनारमा लाइनबद्ध दुइ बगलका महलमाथि सयकोसी गुमट-कलश ध्वजा-पताकादि सिंढ़ी साथ-साथै बढ़्दै-बढ़्दै गएका छन्। सिंढ़ीको प्रयेक चाँदाबाट दुवै बगलका महलका प्रत्येक भोममा जानु-आउनु सकिन्छ। यी सिंढीको बनौट क्रम यसप्रकारको छ।

घाटीको उत्तर-पश्चिम चौतराको किनारदेखि पुखराजको उत्तर-पश्चिम चाँदनीसम्म घाटी-सिंढ़ीको चढ़ाउ ६ लाख कोस छ। ६ लाख कोसमा हाँसको हिसाबले एक हजार हाँस हुन्छ। अब एक हाँस भित्रको बनौट क्रममा यस्तो छ-सिंढ़ीको शुरूआतमा एक सय कोसको चौड़ाइ लिएर चौतराको किनारदेखि सय सिंढ़ी (खुट्किला) चढ़ेर पुगेपछि

सीधा समतल चाँदा आउँछ। यो चाँदा एक मंदिर भरको समतल छ। चाँदा पार गरेपछि पुनः सय सिंढ़ी पूर्ववत् नै चढ़नु पर्छ। फेरि मंदिर भरको चाँदा आउँछ। यो मंदिर भरको समतल चाँदालाई मंदिरी चाँदा भन्दछन्-भनिएको छ। यसप्रकार कमशः पचास पल्ट सय-सय सिंढ़ी आउँदा, मंदिरी चाँदा पचासवटा पार हुन्छ। अब एकाउन्न मंदिरी चाँदाको ठाउँमा एककोस समतल चाँदा हिड़नु पर्छ। यो एक कोस समतल भएको चाँदालाई 'एककोसी' चाँदा भनिन्छ।

पुनः एककोसी चाँदा हिड़ेर पार गरेपछि सय सिंढ़ी र पचास मंदिरी चाँदा हिड़ेर पार गर्नु पर्छ तब अर्को पचासपल्ट सय सिंढ़ी र पचासओटा मंदिरी चाँदा पछि दोस्रो एककोसी चाँदा आउँछ। यसरीत क्रमले सय सिंढ़ी, मंदिरी चाँदा हुँदै-हुँदै जब दुइ सयवटा एककोसी चाँदा पार हुन्छ, तब अर्को एककोसी चाँदाको ठाउँमा दुइसय कोस समतलको लामो चाँदा आउँछ। यो चाँदालाई 'दुइसयकोसी' चाँदा भनिन्छ। यो दुइसयकोसी चाँदा हिड़ेर पार गरे पछि एक हाँसको हद्ध पुरा हुन्छ। पश्चात् अर्को हाँसमा पूर्ववत् नै सिंढ़ी-मंदिरी चाँद्दा, एककोसी चाँदा, दुइसयकोसी चाँदा दोहोरिदै-दोहोरिदै जान्छ। यही रीतक्रमले जब एक हजार हाँसका चढ़ाउ पार भए पश्चात् चार लाख कोस अल्गो पुखराजी चाँदनीको उत्तर-पश्चिमका बृहत् ढोका सामु पुगिन्दछ। अब अन्तिम दुइ सयकोसको लामो समतल चाँदा हिड़ेर जाँदा बृहत् ढोकामा पुगिन्दछ अर्थात् पुखराजी चाँदनीको हद्ध टेकिन्दछ। यी दुइसय कोसको लामो समतल चाँदा प्रत्येक हाँसका अन्तिममा तथा

दुइ हाँसको दोसाँधमा जम्मा एक हजार वटा छन्। यसप्रकार घाटीको ६ लाख कोसको चढ़ाउवाला सिंढी-भऱ्याङ पार हुन्छ।

अब यी ६ लाख कोस चढ़ाउवाला सिंढ़ीका दुवैपट्टिका किनारमा तथा सिंढ़ीका बगलमा बनिएका महल पनि सिंढ़ी साथ-साथै भोम प्रतिभोम बढ़दै गएका छन्। यी महलका चाँदनीमाथि एक सय कोसका लम्बा-चौड़ा गुमट सिंढ़ीका दुवै बगलमा लाइनबद्ध शोभायमान छन्। ६ लाख कोसको चढ़ाउ-उतार सिंढ़ीमा भएका तीन प्रकारका चाँदाबाट, जुनसुकै ठाउँदेखिपनि तथा प्रत्येक भोममा दुवैपट्टि घाटीका महलभित्र, जानु-आउनु सकिन्छ। सिंढ़ीका सय कोसको चौड़ाइ भित्र सिंढ़ीको सीधामुनि जत्ति-जत्ति सिंढ़ी बढ़दै जान्छ, सिंढ़ी मुनिका महल उत्ति-उत्ति नै सिंढ़ीपट्टि साँघुरिदै-साँघुरिदै औ भोमप्रतिभोम बढ़दै जान्छ। सिंढ़ी मुनिका महलहरूमा गुमट-कलशादि छैनन्।

जब भुइँदेखि एक हजार हाँस तथा ६ लाख कोसको सिंढ़ी चढ़ेर अन्तिमको दुइ सय कोसी चाँदामा पुगिन्छ। तब पुखराजको चाँदनीका बृहत् दरबाजाका सयकोसका गुर्ज डोरीबन्ध सामुन्ने देखिन्छन्। घाटीका आखरी सयकोसका गुमट र यी सय कोसका गुर्ज बराबर दुइ सयकोसको अन्तरमा द्वारपालरूपले स्थित छन्। अब दुइ सय कोसको अन्तिम चाँदा पार गरेपछि पुखराजको बृहत् द्वारबाट चाँदनी भित्र पस्नु-प्रवेश गर्नु सकिन्दछ। उक्त प्रकार पुखराजको चाँदनीदेखि उत्तर-पश्चिम घाटीबाट चार लाखकोस तल, ६ लाख कोसको सिंढ़ी ओर्ल्हनु-चढ़नु पर्दछन्।

# बंगलाको चौतरा

पुखराजको गोल चौतराको पूर्व किनार औ बंगलाको चौतराको पश्चिम किनारका सन्धिमा, तल जमीनमा हाँसभरका लम्बा-चौड़ा भोमभर गहिरो एउटा जलाशय-चेहेबच्चा छ। यो चेहेबच्चादेखि पूर्व एक लाखकोसका लम्बा-चौड़ा भोमभर अल्गो बंगलाको चौतरो छ। यस चौतराको बाहिरी दिवालबाट, भित्र तरहटीमा जानुको निमित्त सुविधाजनक वरिपरि चौतर्फी जम्मा एक हजार दरबाजा छन्। चौतराको एक दिशामा अढाई सय दरबाजा छन्। जसबाट तरहटीमा जानु सकिन्छ। जमीनदेखि भोम भर अल्गो बंगलाको चौतरो छ। चौतराको किनारमा चौतर्फ कठेड़ा लागेका छन् औ चौतरामाथि जानुको निम्ति पनि वरिपरी भोमभरका सिंढ़ी लागेका छन्। यो एक लाख कोसको लम्बा-चौड़ा चौतरा तीन भागमा विभाग गरिएको छ। यी तीन भाग मध्ये चौतराका बीच भागको तेत्तीस हजार तीन सय तेत्तीसकोस लम्बा-चौड़ा जगहमा जम्मा तेइस सय चार बंगला र तेइस सय चार चेहेबच्चा स्थित छन्। यसको चौतर्फी आस-पास दुवै भागमा तेत्तीस हजार तीन सय तेत्तीस कोस जगह छ। यसको बीच भागको हिस्सा एघार हजार एक सय एघार कोस जगहमा जवेरका ठूल-ठूला थंभका चार पंक्ति घुमेका छन् औ आस-पासका दुवै बगलमा पाँच-पाँच पंक्ति बड़ेबनका लाइनबद्ध थंभ साथ-साथै घुमेका छन्।

चौतराको मध्यभागमा जुन तेत्तीस हजार तीन सय तेत्तीसकोस

लम्बा-चौड़ा जगह छ। त्यसमा बंगला र चेहेबच्चा छन्। यी बंगला औ चेहेबच्चा चौतरादेखि पनि भोमभर अल्गा चौतरामाथि छन्। प्रत्येक बंगला र चेहेबच्चा अलग-अलग भोम भरका चौतरामाथि शोभायमान छन्। यी चौतरा पुखराजको चौरस चौतराको बराबरमा छ। यहाँ अठचालीस -अठचालीसका, अठचालीस हार बंगला र चेहेबच्चा क्रमशः हुनाले दृश्य यस्तो देखिन्छ कि-चार चेहेबच्चाका बीचमा एक बंगला औ चार बंगलाका बीचमा एक चेहेबच्चाको दृश्य अतिसुहावना देखिन्छ। जम्मा चेहेबच्चा र बंगलाका संख्या चार हजार ६ सय आठ छन्। यस प्रकारको सुमनोहर दृश्यको रूपमा बंगला औ चेहेबच्चा बीच भागको तेत्तीस हजार तीन सय तेत्तीसकोस जगहमा अत्यन्तै सुन्दररूपले शोभायमान छ।

प्रत्येक बंगला र चेहेबच्चाका चौतराको चारैदिशामा भोम भरका सिंढ़ी लागेका छन्। यी सिंढ़ीद्वारा बंगला र चेहेबच्चामा जानु-आउनु सकिन्छ। चौतराको किनारमा कठेड़ा छन्। प्रत्येक बंगलालाई घेरेर चौतराको किनारमा लोहस्थंभका एक हार छ। यी लोहस्थंभ बंगलाको चाँदनीसंग जोड़िएका छन्। यी बंगलाका चौदिशामा ठूल-ठूला चार दरबाजा छन्। यी दरबाजाका दायाँ-बायाँ तीन-तीन सय मंदिर छन्। बंगलाको एक दिशामा ६ सय मंदिर छन्, चौतर्फीका जम्मा चौबीस सय मंदिर छन्। यिनका पाँच भोम छन्, पाँच भोमका जम्मा मंदिर बाह्र हजार हुन्छन्। बंगलाको पाँच भोममा मंदिरका पच्चीस भोम

हुन्छन्। पच्चीस भोमका जम्मा मंदिर साठ हजार छन्। भित्रपट्टि थंभका पुनःएक हार छ औ बीच भागमा चौरस चौतरा छ। यो चौतरा कम्मर भर अल्गो चारैपट्टि तीन-तीन सिंढ़ी तथा वरिपरि कठेड़ा लागेको छ। चौतराको किनारमा पनि एक हार थंभ छ। चौतरामा गलैंचा बिछ्याएको छ। चौतराको बीच भागमा सुमनोहर सिंहासन तथा सिंहासनलाई चौतर्फीबाट घेरेर कुर्सी, आराम-कुर्सी, मेच, चौकी राखिएका छन्। यहाँ प्रकार-प्रकारका, विभिन्न किसिमका हिण्डोलाका अपार शोभा भइरहेका छन्। एक-एक सखीका अनेकौं सहेली-सँगिनी, सेविका-सुसारे छन्। यी सेविकाहरू यहाँ बस्दछन्। प्रत्येक बंगलालाई घेरेर बाहिरपट्टि रौस घुमेको छ। यो रौसको चौदिशाबाट भोम भर तल बगैंचामा ओर्ल्हनुको लागि भोमभरका सिंढ़ी लागेका छन्।

प्रत्येक बंगलालाई घेरेर आठौंदिशामा आठवटा चेहेबच्चा छन्। यी आठ चेहेबच्चा मध्ये चार दिशाका चार चेहेबच्चा भोम भर अल्गा चौतरामाथि छन्। यी चेहेबच्चाबाट पानीका मेहेराबी फुहारा छुट्दछन्। यहाँ पानीका मेहेराबी फुहाराका दृश्य यस्तो मनोहर देखिन्छ, मानो एक चेहेबच्चादेखि चार चेहेबच्चामा औ चार चेहेबच्चाबाट एक चेहेबच्चामा पानीका फुहारा इन्द्र धनुषाकारले पर्दछन्। यी फुहारा पाँच भोम अल्गोसम्म गएर चेहेबच्चामा खस्दछन्। जुन-जुन चेहेबच्चा भोम भर अल्गा चौतरामाथि छन्। ती चौतरामा कठेड़ा बैठक एवं चारैपट्टि भोमभरका सिंढ़ी लागेका छन्। यी प्रत्येक बंगलामा बाह्र

हजार मंदिर छन्। प्रत्येक बंगलालाई बाहिरपट्टिबाट बाह्र-बाह्र बगैंचाले घेरेका छन्। यी बगैंचाका पाँच भोम छन्। बगैंचाको जमीन र चौतराको जमीन बराबर छ। बंगलापट्टि बगैंचाको छत-भोम बराबर-बराबर आएका छन्। बंगला सहित बाह्र बगैंचालाई घेरेर बाहिर चौतर्फी रौस औ पानीका नहर घुमेका छन्। यी बगैंचा भित्र बेशुमार साना-साना चेहेबच्चा छन्। यहाँ बीच-बीचमा कैयौं चेहेबच्चा फुहारादार छन् त कैयौं चक्रदार छन्। ठूल-ठूला नहर बीच-बीचमा आमुन्ने-सामुन्ने खजुराकार-साँकलदार सदृश गतिले ओहोर-दोहोर गर्दछन्। यी नहरले बंगलाको ठूलो चौतरालाई परिक्रमा गरी बंगलाको तरहटीमा पुग्दछ। यसको शोभा अवर्णनीय छ। यहाँ श्रीराज-श्यामाजी समस्त सखीगण सहित चौथो प्रहरको सैल-बिहारको निम्ति कृष्णपक्ष द्वादशी तिथिको दिन भ्रमणमा सवारी हुनु हुन्छ।

अब पुखराजको तरहटी जस्तो छ, त्यस्तै बंगलाको तरहटी छ। पुखराज र बंगलाका चौतराका दोसाँधमा भोम भर तल जुन हाँस भरका लम्बा-चौड़ा कुण्ड छ। त्यसमा एउटा नहर पुखराजको मध्यस्थ खजानेको तालबाट पूर्व पेड़को पानी नहरबाट यस कुण्डमा आउँछ, अर्को नहर बंगलाको चौतराबाट यहाँ कुण्डमा खस्दछ। यी दुइटै नहर यहाँ मिल्दछन् पश्चात् तरहटी-तरहटी भएर पूर्वदिशातिर जाँदछन्। यी नहरका दुवैपट्टि किनारमा थंभका पंक्ति-कठेड़ा औ बैठकादि बनेका छन्। यहाँ डेढ़ पेड़को पानी नहरमा भएर तरहटी-

तरहटी अधबीचको कुण्डको तरहटीमा प्रवेश हुँदछ।

## बंगलाको छट्टी चाँदनी

बंगलाको पाँच भोम छट्टी चाँदनी छ। चाँदनीको परिक्रमा चार लाख कोसको छ। यस चाँदनीमा भोम भरको चेहेबच्चा तथा तलाउ-जलाशय छ। सम्पूर्ण चाँदनीमा पानीका नहरको दुवैपट्टि किनारमा भोम भरका अल्गा महलहरू लाइनबद्ध पंक्तिका पंक्ति छन्। मध्य भागमा जुन तेत्तीस हजार तीन सय तेत्तीस कोस जगह छ, यसको बीच भागमा तलाउ छ। यस तलाउको उपराउपर प्रत्येक भोममा चौतर्फी गोलाइ-गिर्द बढ़दै-बढ़दै गएको छ। यसप्रकार तलाउका बाहिर चारैपट्टिका महलहरू बाहिरपट्टि फैलिन्दै-फैलिन्दै गएका छन्। बंगलाको चाँदनीदेखि तलाउ-तालको छज्जा पनि पुखराजको पाँच पेड़तर्फ बढ़ेका छन्। बंगलाको छट्टी चाँदनीदेखि चौतर्फी चवालीस-चवालीस कोसका छज्जा उपराउपर आढाई सय भोमसम्म अढाई सय छज्जा निक्लेका छन्। यी छज्जाले चेहेबच्चा-तलाउको मुनि चौतर्फी एघार-एघार हजारकोस जगह बंगलाको ढाकेका छन् एवं छाया पारेका छन्। चौतर्फ बंगलाको साँधसम्म छज्जा बढ़ेका छन्। यसदेखि उप्रान्त तेत्तीस हजारकोस जगह पुखराजपट्टि बंगलाको चौतरामा छ। यसको बीचमा चार पंक्ति लोहस्थंभ औ लोहस्थंभका दुवैपट्टि पाँच-पाँच वृक्षका हार घुमेका छन्। यिनैका शिरमाथि एकलाख

कोसको अल्गोमा तेत्तीस हजार कोसको लामो छज्जा पुखराजतर्फबाट आएको तेत्तीस हजार कोसको लामो छज्जासंग जोड़िएको छ। यसप्रकार बंगलाको चौतराका सम्पूर्ण जगहमा छज्जाले छाया-सियाँल पारेर ढाकेको छ। उसैगरी पुखराजको गोल चौतराको पूर्व पेड़बाट बंगलातर्फ भएको चवालीस हजार चार सय चवालीस कोस जगह मध्ये एघार हजार कोस जगहमा अढाई सय छज्जाले छाया पारेको छ। उप्रान्त तेत्तीस हजार कोस बाँकी रहन्छ। त्यसमा पनि जसरी बंगलापट्टिबाट तेत्तीस हजार कोसको लामो छज्जा पुखराजको पूर्वपेड़तर्फ आएको छ। उसरी नै पुखराजको पूर्व पेड़बाट पनि तेत्तीस हजार कोसको लामो छज्जा बंगलाको छज्जासंग गएर मिलेको छ। यो लामो छज्जाले बाँकी रहेको तेत्तीस हजार कोस पनि ढाक्यो। यस प्रकारसंग बंगलाको चौरस चौतरामा र पुखराजको गोल चौतरामा भएको जगह एक लाख कोसमाथिबाट छज्जाले सम्पूर्ण ढाक्यो।

उक्त प्रकार जसरी बंगला र पुखराजको चौतरा दुइतिरका छज्जाद्वारा ढाकिए, उसरी नै उत्तर-पश्चिमका घाटी र पुखराजको गोल चौतराका बीचमा भएका जगह पनि अढाई सय भोममाथिका छज्जाहरूद्वारा ढाकिएका छन्।

अब पुखराजका पाँचपेड़, उत्तर-पश्चिम दुवै घाटी औ पुखराजी ताल, यी 'आठ निशान' हुन्। यी आठौं निशानका छज्जा छट्टी भोमदेखि बढ़न शुरू गरेका छन्। यिनका प्रत्येक भोममा महल छज्जा कटेड़ा

सिंढ़ी यी सबै भोम प्रतिभोम उपराउपर अढाई सय भोम अर्थात् एक लाखकोस अल्गोसम्मन् अलग-अलग गएका छन्। यी प्रत्येक भोम चार-चार सयकोसका अल्गा छन्। यी आठ निशान (पहाड़) मा चौध मेहेराब छन्। आठ मेहेराब पाँच पेड़का, यी आठ मेहेराबमा, पाँच पेड़ मध्ये बीचको पेड़बाट दिशाका पेड़पट्टि गएका चार मेहेराब औ चौदिशाका पेड़बाट दिशाकै पेड़ पट्टि (ईशान नैत्रऋत्य वायब्य अग्नि) चौकोणका चार मेहेराब जम्मा पाँच पेड़का आठ मेहेराब यी हुन्। उप्रान्त दुइटा मेहेराब पश्चिम घाटीका, दुइटा उत्तर-घाटीका औ दुइटा बंगलापट्टिबाट आएका, यी ६ मेहेराब हुन्। यसप्रकार आठ निशान (पर्वत) का चौध मेहेराब एक लाख कोस अल्गामा छन्। एक लाख कोससम्म यी आठ निशान अलग-अलग गए। उप्रान्त आठौं पहाड़ आपस्तमा मिलेर उपराउपर साढ़े सात सय भोम अथवा तीन लाखकोस पुग्दा, तल चौतरादेखिन् चार लाखकोसको अल्गो हुन्छ। तत्पश्चात् पुखराजको चाँदनी लाग्छ। पुखराजीताल हजारभोम पुग्नुमा बीसभोम कमसम्म जान्छ, अनि तालको पालमाथि जबेरको महल बीस भोम जान्छ। तब पुखराजको चाँदनी र बंगलाको चाँदनी डोरीबन्ध बराबरमा एउटै चाँदनी लाग्दछ। यसप्रकार चार लाख कोस अल्गाइसम्म एकनासले मिलेका छन् औ आठौं निशानका एउटै चाँदनी छ।

# पुखराजी तलाउ

यो तलाउ पुखराज पर्वतको पूर्वदिशामा छ। 'ताल' बंगलाको छट्टी चाँदनीदेखि भोम-भोम बढ्दै गएको छ। बंगलाको चाँदनीदेखि 'पुखराजी ताल' को चौतर्फी छज्जा बढ्दै-बढ्दै अढाई सय भोम गए पछि, उप्रान्त सीधा तीन लाख कोसमा बीस भोम कमसम्म तलाउ बढ्दछ अर्थात् सात सय तीस भोम सीधा जान्छ। पश्चात् पुखराजको चाँदनीदेखि बीस भोम तल अथवा नौ सय असी भोमसम्म बढेको छ औ गिर्द बढ्दै-बढ्दै चार लाख कोसको छ। तालको पालमाथि जवेरको महल बीस भोम गएको छ। जवेरको महलको चाँदनी औ पुखराजको चाँदनी बराबर डोरीबन्ध छ। पुखराजपट्टिको जवेरको महलका जुन छज्जा छन्। ती बीस भोमका छज्जा तालको पानीपट्टि बढेका छन् अन्य तीनैपट्टि तालका महलहरू छन्। यी महलका बीस भोम छन्। यी महलका चाँदनी र पुखराजको चाँदनीका छज्जा दुवै आपस्तमा एक भएर मिलेका छन्। पुखराजको पूर्वदिशापट्टिको ठूलो दरबाजा यहाँ आएको छ। यस दरबाजाको अगाड़ि दुइटा चौतरा छन्। यी चौतराका गुर्ज उपराउपर भोम-भोम हुँदै आसमानसम्म पुगेका छन्। यसको बीचमा सात देहलान छन्। यी प्रत्येक देहलानमा दुवैपट्टि कठेड़ा लागेका छन् औ अगाड़ि सिंढ़ी झरेको छ। चारैपट्टिका छज्जा बराबर छन् तथा तालको पाललाई घेरेर रौसको चौतरा पानीमाथि आएको छ। यो चौतराका दुवैपट्टि बन छन्। मध्यभागमा जवेरको

महल बनेका छन् । यी तीनै हिस्सा बराबर छन् । दुइ हिस्सामा दुवैपट्टि बन छन् । बीचको हिस्सामा महल बनेका छन् । अधबीचको कुण्डपट्टि ठूलो दरबाजाको सामुन्ने देहलान आएका छन् । यी देहलानका सामुन्ने तालपट्टि दुइटा चौतरा छन् । यी प्रत्येक चौतरामा गुर्ज लागेका छन् । यी गुर्ज भोममाथि भोम हुँदै छज्जा-कठेड़ा हुँदै-हुँदै आसमान तक अल्गा गएका छन् । यी गुर्जका बीचमा सात देहलान छन् । यिनै देहलानमा सात मेहेराब छन् । चार मेहराबका बीचमा तीन नहर सीधा पूर्वदिशातिर गएका छन् । यी चार मेहेराबका बीचमा तीन देहलान पर्दछन् । तीन देहलानमा तीन मेहेराब छन् । यी देहलानमा आठ-आठ थंभका चौध हार तथा चौध-चौधका आठ हार छन् तथा देहलानका किनारमा कठेड़ा लागेका छन् औ ठाउँ-ठाउँमा बैठकादि शोभायमान छन् । यी देहलानका उपराउपर उन्नाइस भोम बीसमी चाँदनी छ । जसरी देहलानका गुर्ज औ मेहराब यसपट्टि छन् उसरी नै सात मेहेराब औ दुइ गुर्ज अधबीचको कुण्डपट्टि पनि छन् एवं तीनैपट्टि बन आएका छन्; अर्थात् गुर्जका बीचमा एघार हजार कोसमा बन छैनन् देहलान छन् । बनका दुवैपट्टि झरोखा छन् औ बनमा हिण्डोला, चौक तथा मेहेराबादिका बेशुमार शोभाले परिपूर्ण भएरहेको छ । तालको पालका महलमा कैयौं हार मंदिरका छन् औ जवेरका महलको दुवैपट्टिका छज्जा कठेड़ा औ बनका महलका मेहेराब छज्जा-कठेड़ा दुवैपट्टि आमुन्ने-सामुन्ने पर्दछन् । यी जवेरका महलका छज्जा कठेड़ा र

पुखराजका महलका छज्जा-कठेड़ा चौतर्फीका डोरीबन्ध छन्। यी दुवैका चाँदनी बराबर डोरीबन्ध एक समान तथा एउटै छ।

अब तलाउदेखि चार घड़नाला -नहरमा भएर पानी अधवीचको कुण्डपट्टि आउँछ। यो पानी दुइटा गुर्जका बीचमा जो सात देहलान छन्। यिनमा चार मेहेराबका मुनि चार नहर छन् औ तीन मेहेराब मुनि तीन देहलान बीच-बीचमा पर्दछन्। यी देहलानमा बैठक छन् तथा देहलानका किनारमा थंभका हार औ कठेड़ा लागेका छन्। जुन मेहेराब मुनिबाट चार नहरमा भएर पानी जादँछ, ती नहरका पानी स्रोतको रूपमा अधबीचको कुण्डमा 'सोह्र -धारा' को रूपमा पर्दछ। यी 'सोह्र -धारा' को वर्णन निम्नलिखित प्रकारले छ -

अधबीचको कुण्डमाथि चार भोमका छज्जा सिंढ़ीवत् बढ़दै-बढ़दै उपराउपर गएका छन्। सबै भन्दा माथिको छज्जा पानीपट्टि चार भोमको लामो निक्लेको छ। यी छज्जामा चार-चार थंभका तीन हार पोला-प्वाल छन्। जुन पुखराजी तालपट्टिबाट चारोटा नहर आएका छन्। ती नहरका पानी प्रथमहारका पोला-प्वालमा चार थंभ (पाइप) छन्। यी पाइपरूप थंभमा भएर पहिलो छज्जाबाट चार चादरें-धारा कुण्डमा खस्छन्। फेरि दोस्रो हार थंभका चार पोलाद्वारा चार चादरें -धारा दोस्रो छज्जाबाट खस्दछन्। पुनः यसदेखि अगाड़िको हारबाट उसरी नै चार चादरें तेस्रो छज्जाबाट खस्दछन्। अब थंभका पोलाबाट खसेको पानीदेखि उप्रान्त पानी चौथो छज्जा पारगरी चार नहरद्वारा

नै खस्दछन्। यसप्रकार उपराउपर चार छज्जाबाट सोह्र-चादरें-सोह्र धाराकोरूपमा सम्पूर्ण नहरका पानी अधबीचको कुण्डमा पर्दछन्। पुखराजी तालपट्टिबाट चार घड़नालामा भएर पानीको पूर-वेग आउँदछ औ सोह्र -चादरें-धाराद्वारा चार सय असी भोम माथिबाट तल अधबीचको कुण्डमा पानी पर्दछ। यहाँ पानीको अत्यन्तै मनमोहक कर्णप्रिय विशाल आवाज हुँदछ।

तल शुरुआतमा जमीनदेखि एकभोम अल्गोमा बंगलाको चौतरा छ। त्यस चौतरामा चारहार फीलपाय लोहस्थंभ घुमेका छन्। तलाउको चारैपट्टि कम्मर भर अल्गो जुन चौतरामाथि जवेरका महल आएका छन्। ती महल यिनै लोहस्थंभका शिरमाथि पर्दछन, औ महलका दुवैपट्टि बन आएका छन्। मतलब जहाँ दुइटा गुर्जका बीचबाट सोह्र-चादरें खस्दछन्। त्यस देहलानका जगहमा बन छैनन्, यहाँ बनको औ महलको एवं पुखराजको चाँदनी डोरीबन्ध बराबर छ।



# पुखराजको चाँदनी

पुखराजको चाँदनी चार लाख कोसको गोलाइ-गिर्द छ। तल प्रथम गोल चौतराको बराबरमा यहाँ चाँदनीको किनारमा वरिपरि घेरेर छज्जा लागेको छ। यस छज्जाको किनारमा चौतर्फी कम्मर भर अल्गा कठेड़ा गोलावृत घुमेका छन्। यसको अगाड़ि ढालदार-भिरालो छज्जा छ। चाँदनीको किनारलाई घेरेर अलग-अलग हाँस भरका लम्बा चौड़ा कम्मर भरका अल्गा चौतरा छन्। यी चौतरामाथि हजार हाँसका महल छन्, हजार हाँसका सन्धिमा हजारवटा नै गोल गुर्ज पनि घुमेका छन्। यसरी हजार गुर्जका दोसाँधमा वरिपरि हजार हवेली शोभायमान छन्। जहाँ-जहाँ दुइ हवेलीको सन्धि पर्दछ, त्यहाँ-त्यहाँ गोल गुर्ज छन्। यी हजार हवेलीमा ठूला दरबाजा पनि बाहिरपट्टि वरिपरि हजारवटा नै घुमेका छन्। यी चौतराका बीच-बीचमा चोक औ चौतरासँगै जोड़िएका साना छज्जा पनि साथ-साथै घुमेका छन्। यी चौतरामा वरिपरि चौखुट्टे गुर्ज दुइ हजार छन्। प्रत्येक हवेलीका दरबाजादेखि छज्जापट्टि तीन-तीन सिंढ़ी ओर्लेर ठूलो छज्जामा जानु सकिन्छ। यो ठूलो छज्जाको चौड़ाइ चार सय कोस छ।

यी हवेलीका पाँच भोम छट्ठी चाँदनी छ। पाँच भोमका उपराउपर पाँचवटा दरबाजा छन्, यी प्रत्येक भोममा छज्जा लागेका छन्। जहाँ दुइ हवेलीको दोसाँध पर्दछ, त्यहाँ त्रिपोलिया-त्रिमार्ग छन्। यी त्रिपोलियाका पाँच भोमका पन्ध्र-पन्ध्र मेहेराब ठूला गुर्जमा पर्दछन्।

यहाँ यी त्रिपोलियाका अगाड़ि चौरस चौतरा छ। यी चौतराका किनारमा चार-चार थंभ छन्। यसप्रकारको बनौट-शोभा जसरी बाहिरपट्टि छ, उसरी नै उस्तै शोभा-दृश्ययुक्त बनौट भित्रपट्टि पनि यथावत् छ। त्रिपोलिया छज्जा-कठेड़ा जस्तो प्रकारसँग बाहिरपट्टि छन्, उस्तै भित्रपट्टि पनि छन्। जुन प्रकारले बाहिरपट्टि पनि तीन-तीन सिंढ़ी छन्, उस्तै उही ठाउँमा भित्रपट्टि पनि तीन-तीन सिंढ़ी छन्। परन्तु चाँदनीको किनारमा दुइ हाँसका दोसाँध-कुनामा जसरी गोल गुर्ज बाहिरपट्टि छन्। यी गोल गुर्ज भित्रपट्टि छैनन्। अरू सम्पूर्ण बनौट-सामग्री तथा शोभा भित्र-बाहिर बराबर छन्। उप्रान्त यहाँ चार-चार हवेलीका बीच-बीचमा तीन-तीनवटा गल्ली छन्। यी एक-एक गल्लीमा तीन-तीन गल्ली छन्। यी गल्लीहरूमा दुइ हार थंभ घुमेका छन्। जहाँ-जहाँ हवेलीका सामुन्ने दरबाजा पर्दछन्। त्यहाँ-त्यहाँ चौबीस मेहेराब शोभायमान छन्। पुनः जहाँ-जहाँ चार हवेलीका चौकुना जुट्दछन्, त्यहाँ-त्यहाँ पनि चौबीस-चौबीस मेहेराब विद्यमान छन्। यसरी नै तीन हार त्रिपोलियाका चार हार हवेलीका बीच-बीचमा घुमेका छन् एवं सामुन्ने पर्दछन्।

चौदिशामा जो चार दरबाजा छन्। ती हजार हाँसका महलका दरबाजा भन्दा बृहत्रूपमा छन्। यी चार दरबाजाका अगाड़ि आठवटा चौतरा छन्। यी चौतरामा ठूल-ठूला आठवटा चौखुट्टे गुर्ज छन्। ती चारदिशाको ठूला दरबाजाको मेहेराबका पाँच भोम अल्गोमा एउटै

छत लागेको छ। यो छत र हवेलीको छट्टी चाँदनी यी दुवै बराबर छन्। हवेलीको छट्टी चाँदनीदेखि उपराउपर दरबाजाका पाँच भोम गएर छट्टी चाँदनी लागेको छ। हवेलीको प्रथम भोमदेखि गिनती गर्दा, दरबाजाको दशभोम एघारमी चाँदनी हुन्छ। चौदिशामा चारैपिट्टका ठूला चार दरबाजा यस प्रकारका बनौट-शोभावाला छन्।

यी ठूला चार दरबाजाका दायाँ-बायाँ दुवैपट्टि चार-हार हवेलीको एकापट्टिका चार दरबाजा पर्दछन्। यी ढोका पाँच भोमका बीसवटा एकतर्फ छन्। दुवैपट्टिका दरबाजा चालीसवटा हुन्छन्। एक-एक हवेलीका पाँच भोमका पाँच-पाँच दरबाजा उपराउपर बनेका छन्। यी चार हवेलीका बीच-बीचमा तीन-तीन त्रिपोलिया (त्रिगल्ली) छन्। दुवैतिरका मिलाउँदा ६ त्रिपोलिया हुन्छन्। एक त्रिपोलियाको पाँच भोममा पन्ध्र मेहेराब छन्। यसरी तीन त्रिपोलियाको पैंतालीस मेहेराब छन्। दुवैतिरका मिलाउँदा नब्बे मेहेराब हुन्छन्। एक त्रिपोलियाको अगाड़ि चौरस चौतरा छ। यस चौतरामा चार थंभ छन्। प्रत्येक हवेलीको अगाड़ि दुइ-दुइटा चौतरा छन्। चार हवेलीका आठ चौतरा भए। यसरी नै आठवटा चौतरा हवेलीका अगाड़ि अर्कापट्टि पनि छन्। दुवैपट्टिका मिलाउँदा सोह्र चौतरा हुन्छन्। प्रत्येक चौतरामा चार-चार थंभ औ तीन-तीनवटा छज्जा छन्। दुइटा छज्जा दुइ चौतराका औ एउटा छज्जा दरबाजाको बीचमा छ। यसरी एक हवेलीको अगाड़ि दुइटा चौतरा छन्। यी दुइटा चौतरामा आठ थंभ छन्।

उपराउपर पाँच भोमका चालीस थंभ भए। चार हवेलीका एक सय साठ थंभ हुन्छन् औ अर्कापट्टिका एक सय साठ गर्दा दुवैतिरका जम्मा तीन सय बीस थंभ हुन्छन्।

प्रत्येक हवेलीको अगाड़ि दुइटा चौतरा छन्। यी चौतरामा आठ थंभ छन्। आठ थंभमा दश मेहेराब लागेका छन्। आठ मेहेराब दुइटा चौतरामा छन् औ दुइटा मेहेराब दरबाजाका अगाड़ि छन्। यसरी एक-एक दरबाजाका अगाड़ि दश-दश मेहेराब शोभायमान छन्। पाँच भोमका पचास मेहेराब हुन्छन्। यसरी नै भित्रपट्टि पनि प्रत्येक हवेलीमा छन्। प्रत्येक हवेलीका चार दरबाजा, दुइ चौतरा, हवेलीको अगाड़ि दुइ हार थंभ छन्। यी थंभका पंक्ति पनि भित्र सबैमा एकसमान विद्यमान छन्। यसरी नै यस्तै प्रकारको बनौट-शोभा भित्रका सबै मंदिरमा पनि छ। यी सबैका अगाड़ि कम्मर भर अल्गो चौतरा औ चौतराको किनारमा थंभ, कठेड़ा तथा थंभमा मेहेराब, मेहेराबमा हिण्डोला लागेका छन्। यी सबै मंदिरमा सुन्दर झरोखाका पंक्ति गोलावृत घुमेका छन् तथा भित्रपट्टि बगैंचा, बगैंचामा विभिन्न प्रकारका नहर-चेहेबच्चा औ फुहारादिका अनन्त शोभा भरपूर भइरहेका छन्। यसप्रकारको अपार शोभाले परिपूर्ण एवं सहसा यहाँ आत्म-आकर्षित हुँदछ। यस चाँदनीमा श्रीयुगलस्वरूप सहित सखी समूहका सवारी कृष्णपक्ष दशमी तिथिको दिन चौथो प्रहरको शुरूआतमा हुँदछ। पश्चात् विभिन्न प्रकारले लीला-बिहारमा एक प्रहर समय व्यतीत भए

पछि सवारी श्रीधाममा फर्कन्छ।

## हजार हाँसको चाँदनी

हजार हाँस हवेलीका पाँच भोम छट्टी चाँदनीमाथि दुवैपट्टि प्रदक्षिणाको निमित्त भोमभर अल्गो औ हाँस भरको चौड़ो दिवाल घुमेको छ। यो दिवालमा दुवैपट्टि वरिपरि कांगरी शोभायमान छन्। यसको अगाड़ि दुवैपट्टि छज्जा-कठेड़ा एवं ठूल-ठूला हजार गोल गुर्ज-चाँदनीदेखि एक भोम अल्गो निक्लेका छन्। यी गुर्जका चाँदनी दिवालको बराबरमा मिलेर गोलाकाररूपमा घुमेका छन्, यहाँ चाँदनीमा वरिपरि कठेड़ा लागेका छन्। यी कठेड़ादेखि बाहिरपट्टि वरिपरि गोलावृत छज्जा घुमेको छ औ दुइ हजार चौरस गुर्ज वरिपरि शोभायमान छन्। यी गुर्जहरूमा गुमट (गुमज) गुमटमाथि कलश-ध्वजादिका अपार शोभा भइरहेको छ। यी दुइ गुर्जका बीच-बीचमा वरिपरि धनुषाकारका मेहेराब लागेका छन्। यिनका अगाड़ि छज्जा छ तथा बाहिरपट्टि दुइ हजार गुर्ज वरिपरि घुमेका छन्।

जसरी गुर्ज, मेहेराब, छज्जा बाहिरपट्टि छन्, त्यसरी नै दुइ हजार चौरस गुर्ज भित्रपट्टि पनि छन्। भित्रपट्टिका पाँच भोममा जो पन्ध्र त्रिपोलिया छन्। त्यसमा सुमनोहर बैठक बनेका छन्। यी बैठकका किनारमा आठ थंभ औ आठ थंभमा आठ मेहेराब छन्। यी थंभहरूमा तीन थंभ बाहिरपट्टि तीन भित्रपट्टि औ एक दायाँपट्टि त एक बायाँपट्टि छन्। यी मेहेराबमाथि कलश-कंगुरा-ध्वजा-पताकादि शोभायमान

छन् औ तीनैपट्टि कठेड़ा लागेका छन्। यी बैठक अत्यन्तै सुशोभनीय तथा बैठकबाट पुखराजी चाँदनीको सुमनोहर शोभा अत्यन्तै मनमोहक देखिन्छ। यसप्रकारको यहाँ अपार शोभाले भरपूर दृश्य अत्यधिक शोभायमान भइरहेको छ।

## चौदिशाका बृहत् दरबाजाका चाँदनी

पुखराजको चाँदनीमा चारदिशाका चार दरबाजा पुखराज पर्वतको माफक नै विशाल छन्। यी दरबाजा एक सय कोसका फराकिला छन्। यी चार दरबाजामा, दरबाजा सदृश नै आठोटा चौतरा औ चौतरामा आठ गुर्ज पनि छन्। यी आठ गुर्ज सर्वोच्चरूपमा अति नै अल्गोसम्मन् गएका छन्। प्रत्येक दरबाजाको अगाड़ि दुइटा चौतरा औ चौतराका बीचमा सुन्दर चोक छ। चौतरामा, चौतरा माफकका नै चार-चार थंभ छन्। प्रत्येक चौतरामा छत- कठेड़ा, बैठकादि शोभायमान छन्। यी गुर्ज उपराउपर आसमानसम्म, गगनचुम्बितरूपले गएका छन्। बाहिरपट्टि किनारमा जुन प्रकारले गुर्जहरू छन् उसरी नै यस्ता आठ गुर्ज भित्रपट्टि पनि शोभायमान छन्। यी चारै दरबाजाका चाँदनी हाँस-हाँस भरका लम्बा-चौड़ा छन्। हजार हाँसका महलातको चाँदनी बाट बृहत् दरबाजाको पहिलो भोममा जाइन्छ औ यी सिंढ़ीबाट चढ़ेर ठूला दरबाजाका दुस्रो भोममा जान सकिन्छ। यिनका दुवैपट्टि छज्जा-कठेड़ा बनेका छन्। यी चारौं दरबाजाका बनौट-शोभा यसप्रकार शोभायमान छ। आकाशी महल अनि हजार हाँसको महलका बीचमा

जुन बृहत् विस्तारवाला चाँदनी छ। त्यस चाँदनीमा हजारौं प्रकारका विभिन्न पुष्पबाटिका बन-बगैंचादि छन्। यी बन-बगैंचा, नहर, चेहेबच्चा औ फुहारादिका अपार शोभा श्रृंगारले भरपूर छ। यी अकथनीय अवर्णनीय बगैंचादिका बीचमा आकाशी महल स्थित छ।

## आकाशी महल

तल पुखराजका गोल चौतराको मध्यभागमा जुन चौरस चौतरो छ। त्यो चौतरामा पाँच पेड़ प्रकट भई उपराउपर गएका छन्। त्यस चौतराको सीधामाथि चाँदनीमा कम्मर भर अल्गो चवालीस हजार कोस लम्बा-चौड़ा चौतरो छ। त्यस चौतराको किनारमा परिक्रमाको जगह छोड़ेर आकाशी महलका तेह्र-तेह्र हवेलीका तेह्र हार छन्। यी हवेली जम्मा एक सय उनहत्तर छन्। हजार हाँसका चार हार हवेलीको जमीन र यी आकाशी महलको जमीन कम्मर भर अल्गो चौतरामाथि हुनाले दुवै बराबर अल्गामा छन्। परन्तु चार हार हवेलीका पाँच भोम छट्टी चाँदनी छ तर आकाशी महलको एक हजार भोम उपराउपर गएको छ। यी आकाशी महलका तेह्र-तेह्र दरबाजा बाहिर चौतर्फी छन्। चारैपट्टिका जम्मा बाउन्न दरबाजा बाहिरपट्टि छन्। यी दरबाजामा दुइ-दुइवटा चौतरा छन्। यी चौतरामाथि चार-चार थंभ औ थंभमाथि वरिपरिजम्मा एक सय चार गुर्ज लागेका छन्। बाहिरपट्टि चारैतिरका जुन बाउन्न दरबाजा छन्। ती बाउन्न मध्ये चार दिशाका बीच-बीचका चार दरबाजा ठूला छन्। यी चार दरबाजामा सुवर्णका किवाँड़-पल्ला

छन्। जो एक सय चार गुर्ज छन्, यी गुर्ज चौरस छन् औ चार कोण - सुरका चार गुर्ज गोल पाटादार पाँच पहलदार पाटावाला छन्। सम्पूर्ण गुर्जका संख्या एक सय आठ छन्। अतः –

**आठों खांचोंके गुर्ज जो, छ्यानब्बो गुर्ज भये।**
**बारे गुर्ज अबल कहे, सब एक सय आठ कहे।।**

-(श्रीमुख)।

आठौं खाँच (खण्ड)-दरबाजादेखि सुरको कुनासम्म एक खण्ड, यस्ता चौदिशामा आठ खण्ड छन्। एक खाँचमा बाह्र गुर्ज छन्। आठ खाँचका छ्यानब्बे गुर्ज हुन्छन्। चार दरबाजाका आठ औ चार कुनाका चारवटा गर्दा जम्मा एक सय आठ छन्। यी गुर्ज औ चौतरा, दरबाजाअनुसारका नै छन्। मतलब ठूल-ठूला दरबाजाका आसपासमा ठूला छन् त साना दरबाजाका आस-पासमा सान-साना छन्। प्रत्येक दरबाजाको अगाड़ि चोक छ। यी चोकमा तीन-तीन सिंढ़ी लागेका छन्। प्रत्येक दरबाजाको चोकबाट उपराउपर भोम चढ़नको निम्ति भोम भरको सिंढ़ी लागेको छ। यी प्रत्येक हवेलीलाई घेरेर रौस घुमेको छ। जहाँ-जहाँ हवेलीका दरबाजा आमुन्ने-सामुन्ने पर्दछन्, त्यहाँ-त्यहाँ चौबीस मेहेराब बनेका छन्। पुनःजहाँ-जहाँ चार हवेलीका चौकोण पर्दछ, त्यहाँ-त्यहाँ पनि चौबीस मेहेराब शोभायमान छन्। तेह्र हवेलीका बीचमा बाह्र त्रिपोलिया छन्। चौतर्फीका त्रिपोलियाका संख्या जम्मा अठचालीस छन्।

अब जहाँ आकाशी महलको चाँदनी छ। त्यहाँ यी अठचालीस त्रिपोलियाको शिरमाथि अठचालीस गुर्जाकारका बैठक बनेका छन्। यी बैठकका सीधा मुनि प्रत्येक भोममा बाह्र-बाह्र मेहेराब लागेका छन्। यी बाह्र मेहेराबमा तीन मेहेराब दिवालपट्टि तीन बाहिरपट्टि तीन दाहिनेतिर औ तीन देब्रेतिर छन्। यी हवेली भित्र वेशुमार मंदिरहरू छन् तथा भित्र बन-बगैंचा नहर -चेहेबच्चा औ फुहारादिका अपार शोभाले परिपूर्ण छ। यी सबैका बीच भागमा कम्मर भर अल्गो चौतरा छ। यस चौतराको किनारमा थंभ औ थंभमा मेहेराब तथा मेहेराबमा हिण्डोला-झुलनाका अकथनीय शोभा भइरहेको छ। प्रत्येक भोममा छज्जा-कठेड़ा उपराउपर गएका छन् तथा भोममाथि भोम आसमानसम्म एवं पुखराजी चाँदनीदेखिन् चार लाख कोसमाथिसम्म गएका छन्। यिनका चारैपट्टि तेह्र -तेह्र दरबाजा छन्। यिनका बीचमा चार ठूला दरबाजा छन्। यी ठूला दरबाजाका दुवैपट्टि ६- ६वटा दरबाजा पर्दछन्। चारैपट्टि किनारका दरबाजा बाउन्नवटा छन्। जो पच्चीस हवेली छन्, तिनका दुवैपट्टिका दरबाजा साना-साना छन्, औ अगाड़ि-पछाड़िका दुवै दरबाजा ठूला छन्। यी पच्चीस हवेलीका दुवै बगलका दुइ-दुइवटा दरबाजा साना छन्। पच्चीस हवेलीमा छ-छवटा हवेली चौतर्फीका औ एउटा बीच केन्द्रका हवेली हुन्। यी पच्चीस हवेलीका शोभा अत्यन्तै सुन्दर मनमोहक अकथनीय छ।

# आकाशी महलको चाँदनी

यहाँ आकाशी महलको चाँदनीमा नहर-चेहेबच्चा औ फुहारादि छुटिरहेका छन्। यहाँका बन-बगैंचादिमा अपार शोभा भइरहेको छ। यी बन-बगैंचामा सर्वत्र पानी परिभ्रमण गर्दछ। यो त्यही पानी हो, जुन पुखराजको तरहटीमा जल-भण्डारदेखि पाँच पेड़ मध्ये बीचको पाँचवां पेड़द्वारा उपराउपर आएको थियो। यहाँ आठ लाख कोसमाथि यो चाँदनीको बीचमा चौतराको चौकुनाबाट पानी प्रकट भएको छ। यस चौतराको चारै सुरमा पानीका प्रवाह निक्लने जालीद्वार छन्। यी जालीद्वारदेखि पानी बाहिर प्रकट हुँदछ। जुन पानीद्वारा यहाँका सम्पूर्ण बन-बगैंचादि परिसिञ्चित भएका छन्।

यो चाँदनीको बीच भागमा कम्मर भर अल्गो चौतरो छ। यहाँ चौतरामाथि सिंहासन तथा कुर्सीहरू छन्। जब श्रीराज श्रीश्यामाजी तथा सम्पूर्ण सखी समूह यहाँ आएर बिराजमान हुनु हुन्छ तब आसमानमा यिनका विशाल तेजमंडलका मनमोहक शोभा दृश्यमान हुँदछ।

चाँदनीको किनारमा जो चौरस गुर्जहरू छन्। ती गुर्जहरूमाथि गुमट तथा गुमटमाथि कलश-ध्वजादि फहराइरहेका छन्। यस चाँदनीको चौकुनामा जो गोलगुर्ज छन्, यी गुर्जमाथि खुला चाँदनी छ औ वरिपरि दिवालमा कलश-कांगरी तथा छज्जा कठेड़ा लागेका छन्। यी कठेड़ाका अगाड़ि ढालदार छज्जा वरिपरि घुमेको छ।

हवेलीका किनारमा चौतर्फ दरबाजा तथा दरबाजामा मेहेराब छ। यहाँ चाँदनीदेखिमाथि एक भोम अल्गो चौड़ाइदार दिवाल परिक्रमा निम्ति वरिपरि घुमेको छ।

अब आकाशी चाँदनीदेखि तेज-प्रवाहका साथमा पानी प्रत्येक भोममा परिभ्रमण गर्दै भोमप्रतिभोम क्रमशः तल भोम-भोम हुँदै झर्दछ। यो पानीले सम्पूर्ण हवेलीलाई प्रदक्षिणा दिइँदै प्रत्येक भोमका बगैंचादि सिञ्चन गर्दै भोमप्रतिभोम हुँदै हजार भोम तल पुखराजको चाँदनीमा पानी आउँदछ। यहाँ चाँदनीका बन-बगैंचादिमा चौतर्फी घुमेर हजार हाँसका महलमा पानी जाँदछ। हजार हाँसका महलादि सम्पूर्णमा परिभ्रमण गरे पश्चात् पश्चिम-उत्तरका दुवै घाटी घुमेर पुखराजको पूर्व दरबाजाबाट देहलानमा प्रवेश हुँदछ। यसपछि देहलानबाट पुखराजीताल तर्फ आधा पानी जाँदछ औ पुखराजी ताल (तलाउ) मा चार चादरें-धारा-प्रवाहको रूपमा खस्दछ। अर्धपानी दुइ पर्वतका सन्धिबाट पोलाकार लोहस्थंभद्वारा भोमप्रतिभोम ओर्ल्हदै सर्वत्र परिभ्रमण गर्दै-गर्दै तल गोल चौतरा औ बंगलाको चौरस चौतराका दोसाँधमा जो भोमभरको चेहेबच्चा छ। यस चेहेबच्चामा यो पानी खस्दछ औ तरहटी-तरहटी पूर्वतर्फ जाँदछ।

# अधबीचको कुण्ड

अधबीचको कुण्ड तेत्तीस हजार कोसको लम्बा-चौड़ा छ। कुण्डको अगल-बगलमा एघार-एघार हजार कोस जगह छ। यी जगहमा फीलपाय-लोहस्थंभका चार हार फिरेका छन् औ पाँच -पाँच पेड़का हार छन्। चौतराको बीच भागको एघार हजार कोस जगहमा कुण्ड छ। यहाँ कुण्डमुनिबाट फीलपाय-लोहस्थंभका चार पंक्ति घुमेका छन्। पश्चिमपट्टि बंगलासँग जोड़िएको छ। उप्रान्त पूर्व, उत्तर-दक्षिण तीनैपट्टि खुला छ। यी चार हार लोहस्थंभका बीच-बीचमा साना-साना कैयौं हार थंभ घुमेका छन्। यी सम्पूर्ण फीलपाय-लोहस्थंभमा मेहेराब लागेका छन्। यहाँ कैयौं महल, कैयौं सिंढ़ी नहर चेहेबच्चा, बगैंचा, चोक, चौतरा एवं हिण्डोलादिका शोभा प्रथम भोमदेखिन् उपराउपर विद्यमान छन्। यस कुण्डका महलको चाँदनी बंगलाको पाँच भोम छट्टी चाँदनी बराबर छन्। यहाँसम्म कुण्डको बनौट-शोभा यसप्रकारको छ। यहाँदेखि उपराउपर चार सय नब्बे भोमसम्म अलगै अनौठो-शोभायुक्त महलादि गएका छन्। यहाँदेखि प्रत्येक भोममा कुण्डको बाहिर चौतर्फी जलको चौतरामा पानी भरिभराउ छ। चार सय नब्बे भोम उप्रान्त कुण्डका चौतर्फी खास महलका उपराउपर चार भोम पाँचमी चाँदनी गएको छ। कुण्डका चौतर्फ जुन खास महल छन्। ती महल एकापट्टि अर्थात् पश्चिमपट्टि पुखराजी तालका महलसँग मिलेका जोड़िएका छन्।

अब, तल-चौतरादेखि चार भोम पाँचमी चाँदनीसम्मका, बीचका चार सय नब्बे भोम सम्मका औ माथिका चार भोम पाँचमी चाँदनीवाला खास महलका बनौट शोभा अलग-अलग छ। यी तीनै प्रकारका महलहरूको तीनैपट्टिका छज्जा -कठेड़ा तथा पुखराजी ताल महलका छज्जा-कठेड़ा भोमप्रति भोम डोरीबन्ध मिलेका छन्। यी आपस्तमा मिलेर भोम-भोम हुँदै बराबर उचाइमा उपराउपर बढ़ेका छन्। कुण्डका पूर्व-पश्चिम चार कोणका चार गुर्ज तलदेखि माथि सिरानको छज्जासम्म आएका छन्। जुन छज्जादेखि सोह्र चादरें-धारा कुण्डमा खस्छन्। यिनका मुकाबिला दुइटा गोल गुर्ज आएका छन्। यी गुर्जमा गुमटको ठाउँमा खुला चाँदनी छ। चाँदनीको वरिपरि कठेड़ा लागेका छन्। यिनका चौतर्फी महल बढ़ेर आएका छन्।

प्रत्येक भोम अर्थात् बीचका चार सय नब्बे भोमका कुण्डलाई घेरेर चारैपट्टि चौतरा छ। चौतराको किनारमा कठेड़ा छन्। यस चौतराबाट चारैपट्टि तीन सिंढ़ी लागेका छन्। यी सिंढ़ीबाट कुण्डको पानीमा जानु सकिन्छ। बंगलाको चाँदनी बराबरमा कुण्डको पनि पाँच भोम छट्टी चाँदनी छ। यहाँ देखि उपराउपर भोम -भोम हुँदै चार सय नब्बे भोमसम्म बीचको कुण्डबाट बाहिर वरिपरि पानीको चौतरामा पानीको लहर-भेल निक्लन्छ, पुनः कुण्डमा नै फर्कन्छ। यी चौतरामा बंगलाको चाँदनीबाट सीधा आएर कम्मर भर पानीको चौतरामा स्नान गर्नु-नुहाउनु सकिन्छ। यस्तै प्रकारले उपराउपर प्रत्येक भोममा पानीको

चौतरा बनिएका छन्। यस चौतराको तीनैपट्टि (पूर्व-उत्तर-दक्षिण) महल छन्। पश्चिमपट्टिका महल ताल महलसँग जोड़िएका छन्। यहाँदेखिन् उपराउपर पाँच छज्जा पानीमाथि बढ़ेका छन्। यसमाथि चाँदनी लागेको छ। चाँदनीको बाहिरी किनारमा तीनपट्टि कठेड़ा लागेका छन् औ चौथोपट्टि ताल-महल आएको हुनाले कठेड़ा छैनन्। भोम-भोम हुँदै उपराउपर बढ़ेका मात्र छन्। जब यहाँ पानीपट्टिको चौतरामा बसिन्छ तथा बस्दछौं, तब (कुण्डको चाँदनीदेखि चार सय नब्बे भोमको सिरानको चौतरामा) सोह्र चादरें-धाराप्रवाहबाट छुटेका तथा उड़ेका मसिनु-मिहीन जलबिन्दुका बर्साद भइरहेको देखिन्छ। यहाँ सुमनोहर कर्णप्रिय गर्जनाको अकथनीय आनन्द अनुभव हुन्छ।

यहाँको अवर्णनीय सुखानन्दमा श्रीराज-श्यामाजी सखी समुदाय सहित कृष्णपक्ष त्रयोदशी तिथिको दिन चौथो प्रहरको शुरूआतमा सवारी हुनु हुन्छ। यहाँ एक प्रहर समयसम्म विभिन्न लीला-क्रीडा, आनन्द-बिहार गरी श्रीरंगभवनमा सवारी फिर्दछ।

यो अधबीचको कुण्ड जम्मा पाँच सय भोम अल्गो तथा दुइ लाख कोस अल्गो छ। यसको लम्बाइ-चौड़ाइमा, पुखराजी तालको तेस्रो हिस्सा अर्थात् तेत्तीस हजार तीन सय तेत्तीस कोस छ। जहाँ दुइ पहाड़, पुखराज र बंगलाको चाँदनीमा पुखराजको पूर्व दरबाजा अगाड़ि दुइ पहाड़को सन्धि छ। त्यहाँदेखि पुखराजपट्टिबाट आएको पानी दुइभागमा विभाग हुन्छ। तब एक भाग पानी चाँदनी-चाँदनी देहलानका

नहरद्वारा पुखराजी तालमा पानीका चार-चादरें (धारा) खस्दछ। अर्कोभागपानी पर्वतका दोसाँधबाट फीलपाय-पोलाकार लोहस्थंभमा भएर तल्लो भोममा खस्दछ पुनः दुइ नहरमा विभाग भई दुवै दिशा दक्षिण-उत्तरबाट चौतर्फी घुमेर फेरि दुवै नहर मिल्दछन्। तब यी पानी प्रत्येक भोममा सिञ्चन गर्दै पोलाकार-लोहस्थंभबाट भोम प्रतिभोम झर्दै चारैपट्टि सम्पूर्ण ठाउँमा परिभ्रमण गर्दै भोम-भोम हुँदै पानी झर्दै-झर्दै बंगलाको चाँदनीमा आइ पुग्छ। यहाँबाट बंगलाको वरिपरिका फीलपायद्वारा बंगलाको चौतरामा जुन फीलपायमा जानवरोंका मुखाकार थंभ छन्। यी थंभका मुखबाट अत्यन्तै वेगले पानी तेजिलो मेहेराबकोरूपमा भएर सर्वत्र थंभमा एवं जानवराकार मुखवाला थंभका मुख-मुखमा परिभ्रमण गरी चौतरा तथा बगैंचादिमा पुग्दछ। यस पछि पुखराजको गोल चौतरा र बंगलाको चौरस चौतराका सन्धिमा तल हाँस भरको लम्बा-चौड़ा तरहटीसम्मको गहिरो कुण्ड छ। यसकुण्डमा यी सबै पानीबृहत् झर्नाकोरूपमा झर्दछ। यहाँबाट पुखराजको पूर्व पेड़को पानीमा सम्मिलित भई तरहटी-तरहटी अधबीचको तरहटीमा फेरि सोह्र चादरें-(धारा)-द्वारा आएको पानीसँग मिलेर दुइ पेड़को पानी ढपा-चौतराको तरहटीबाट मूलकुण्डको तरहटीमा प्रवेश गर्दछ।

## ढपा चौतरा

यस चौतरामुनि तरहटीमा महल-बगैंचा नहर चेहेबच्चा तथा फुहारादिका अपार शोभा भरपूर छ। बाहिर दुवैपट्टि बड़ाबनका वृक्षका शाखा-प्रशाखा, हाँगाबिंगादिले चौतरालाई छत्रीवत् ढाकेको छ। यसमाथि चाँदनीको किनारमा तीनैपट्टि कठेड़ा लागेका छन्। पश्चिमपट्टि अधबीचको कुण्डका महल़ जोड़िएका हुनाले कठेड़ा छैनन्। चौतराको तीनैपट्टिका दिवालमा दरबाजा छन्। यी दरबाजाबाट भित्र तरहटीमा जानु-आउनु सकिन्छ। यो चौतराको पूर्वपट्टि मूलकुण्डको चौतरो जोड़िएको छ। यहाँको शोभनीय भ्रमण गर्नु श्रीराजश्यामाजी सखी समूहका साथमा कृष्णपक्ष चतुर्दशीको दिन चौथो प्रहरमा सवारी हुनु हुन्छ। एक प्रहर समय व्यतीत नभइञ्जेल यहाँ विभिन्न लीला-क्रीड़ा हुन्छ, पछि सवारी श्रीनिजधाम वापस फर्कन्दछ। यस चौतराको तरहटीबाट पानी मूलकुण्डको तरहटीमा जान्छ।

## मूल कुण्ड

मूल कुण्ड छत्तीस सयकोसको लम्बा-चौड़ा छ। यसको तरहटीमा चौतर्फी महल-बगैंचा छन्। बगैंचामा नहर चेहेबच्चा फुहारादिका भरपूर शोभायुक्त दृश्य भइरहेको छ। जहाँ कुण्ड छ, त्यहाँनिर तरहटीदेखि दुइ भोम अल्गो दिवाल उठेको छ। कुण्ड बाह्र सयकोसको लम्बा-चौड़ा समचौरस छ। यसलाई कोठ-कुण्ड पनि भन्दछन्। यसको माथि चाँदनी लागेको छ। चाँदनीमा कुण्डको चौतर्फी कठेड़ा लागेका

छन् औ चौतराको बाहिर किनारमा तीन पट्टिमात्र कठेड़ा छन्। पश्चिमपट्टि ढपा चौतराको कठेड़ा छ। माथिबाट उत्तर-दक्षिण दुवैपट्टिका वृक्षले छाया-सियाँल पारेको छ। यस चौतराको भोम भर तल पूर्वपट्टिको चौड़ाइलाई तीन भाग गरी बीच भागबाट चार सयकोसको चौड़ाइमा, चार घड़नालामा भएर पानीको अति तेजिलो प्रवाह प्रकट भएको छ। यी चार घड़नालाद्वारा प्रकट भएको पानीको प्रवाहलाई यहाँदेखिन् श्रीयमुनाजी भनिन्छ। यसप्रकार यहाँबाट दुइपेड़को पानी श्रीयमुनाजीको रूपमा प्रकट भई सीधा पूर्वतर्फ गएको छ।

## श्रीयमुनाजी प्रकट

मूल कुण्डको पूर्व किनारमा चार सयकोसको चौड़ाइमा श्रीयमुनाजीको प्रवाह पानीको तेजिलो वेग चल्दछ। श्रीयमुनाजीको पानीले चार सयकोस चौड़ाइ जगह लिएको छ। मूल कुण्डको पूर्वकिनारदेखि एक लाख सत्र हजार चार सय कोससम्म श्रीयमुनाजीलाई ढपी यमुनाजी भनिन्छ। श्रीयमुनाजीको पानीको चौड़ाइ भाग चार सय कोस छ। यसको अगल-बगल दुवैतिर चार-चार सय कोसका दुवैपट्टि किनारमा दुइटा रौस गएका छन्। यी दुइटा रौसमा एउटा पाल औ अर्कोरौसको नाम यमुनाजीको रौस भनिन्छ। यस रौसदेखि कम्मर भर अल्गोमा दुवैपट्टि पाल छन्। यसपालदेखि बाहिर कम्मर भर होचोमा पुनः एक-एकवटा रौस दुवैपट्टि छन्। यी रौसलाई

पालको रौस पनि भन्दछन्। यी रौसदेखि बाहिरपट्टि चार-चार सय कोसका चौड़ाइवाला पुखराजी रौस छन्। यी रौसमा दुइ-दुइ हार बड़ाबनका वृक्ष पुखराजको पश्चिम घाटीदेखिन् आएका छन्। यी पाल औ पालका दुवै बगलका दुइटा रौस, हौजकोसर तलाउमा गएर संक्रमणिका सिंढ़ीको रूपमा परिवर्तन हुन्छ। चार सयकोस अर्थात् पाँच सय मंदिरको जुन रौस छ। त्यस रौसले पुखराजलाई झैं हौजकोसर तलाउलाई पनि बाहिरबाट आवृत गरेको छ। श्रीयमुनाजीका दुवैपट्टि बगलका जुन पाल छन्। यी पालमा मूलकुण्डको पूर्व किनारदेखि नै दुइ हार थंभ आएका छन्। यी थंभमाथि चाँदनीमा पाँच-पाँच देहुरीका पंक्ति छन्। यी देहुरीमा गुमट, कलश-ध्वजादि शोभायमान छन्। श्रीयमुनाजी दुवैपट्टिका पालमाथिका थंभद्वारा लागेका मेहेराबादिले ढाकिएको छ। यी मेहेराबीद्वारमाथि छत पटेको छ औ छतमाथि पुनः ठूल-ठूला पाँच देहुरीका एक लाइन श्रीयमुनाजीको बीचभाग पानीमाथि पर्दछ। यसप्रकार श्रीयमुनाजी मेहेराबी छत एवं देहुरीद्वारा ढाकिएको हुनाले श्रीयमुनाजीलाई यहाँसम्म ''ढपी यमुनाजी'' भनिएको छ।

यहाँदेखि उप्रान्त पाँच देहुरीपछि, श्रीयमुनाजीलाई खुली-यमुनाजी भनिन्छ। कारण यहाँदेखि दुवैपालमा पाँच-पाँच देहुरी मात्र छन्, बीचमा श्रीयमुनाजीमाथि देहुरी छैनन्। यसकारण ढाकिएको छैन् तब खुली यमुनाजी भनियो। अब यसको अगाड़ि एक लाख सत्र हजार चार सयकोस सीधा पूर्व गएर ईशान कोणदेखि श्रीयमुनाजी घुमेर दक्षिण

दिशा गएको छ। यहाँ ईशान कोणमा (घुमेको ठाउँमा) चार हिण्डोलाको ताली पर्दछ। यो घुमाउ-स्थानमा (मरोड़-मोड़िएको ठाउँको) दुवै पालमाथि दुइ-दुइवटा महल छन्। यी चार महलका मेहेराबमा चार हिण्डोला लागेका छन्। दुइटा हिण्डोला पानीमाथि पर्दछन् औ दुइटा पालमाथि स्थित छन्। यी चार हिण्डोलाका ताली पानीमाथि पर्दछ।

यहाँदेखि श्रीयमुनाजी धाम-परमधामको चौध घाटका सन्धिमा भएर औ दुवै पुलमुनिबाट नौ लाखकोस उत्तरदेखि दक्षिण गएको छ। नौ लाखकोस पुगेपछि अग्निकोणदेखि घुमेर सीधा पश्चिमतर्फ साढ़े चार लाखकोसमा 'मदीयं सरः' - हौजकोसर तलाउमा समावेश हुन्छ। श्रीयमुनाजीको दुवैपालका ईशान कोण र अग्निकोण देखिन् दुवै पुल महल तर्फ पालमाथि पाँच महल -चार चौतरा सुशोभित छन्। श्रीयमुनाजीको बाहिरी रौसमा दुवैपट्टि दुइ-दुइ हार वृक्ष आएका छन्। यी वृक्ष बड़ाबनका वृक्ष हुन्। यस प्रकार श्रीयमुनाजी अग्निकोणबाट घुमेर हौजकोसर तलाउको सोह्र देहुरीको घाटमुनिबाट तलाउमा प्रवेश हुन्छ। यस तलाउबाट श्रीयमुनाजीको पानीले अदृश्यरूपमा आठ सागर मध्ये नीर सागरसँग सम्बन्ध राखेको छ।

## केलको पुल

केल-केराबनको सामुन्ने यो पुल भएको हुनाले यस पुललाई केलको पुल भनिएको हो। यहाँ श्रीयमुनाजीको पानी भित्र जमीन-भुइँदेखि एघार-एघार थंभका एघार हार एक भोमभरमाथि आएर पटेका अर्थात्

छत लागेका छन्। यो छत श्रीयमुनाजीको वल्लो किनारदेखि पल्लो किनार, पारिपट्टि जानु-आउनुलाई पुलको रूपमा छ तथा यसलाई पुल भनिन्छ। उप्रान्तभोम-भोम पट्दै पाँच भोममाथि चाँदनी लागेको छ। यी थंभका हारको बीच-बीचमा दश घड़नालामा भएर श्रीयमुनाजीको सम्पूर्ण पानीका प्रवाह पार हुँदछ। श्रीयमुनाजीको उत्तर-दक्षिण लम्बाइका बीच भागमा जुन पाट घाट छ। यी दुवै वल्लो-पल्लो किनारका उभय पाट-घाटमा तीन-तीन घड़नाला छन्। यी ६ घड़नालामा भएर ६ नहर पार हुँदछन् औ चार नहर दुवै पाट-घाटका बीच भागबाट पार हुँदछन् । यसरी पुलमुनि दश घड़नालाद्वारा विभाग भएका पानी यहीरूपमा आएर पुनः बटको पुलका दश घड़नालाद्वारा पार भएर जाँदछन्।

श्रीयमुनाजीमाथि केलको पुल र बटको पुल आमुन्ने-सामुन्ने महल सदृश झल्झलाकाररूपले झल्किरहेका छन्। यी दुइ पुल र दुइपट्टिका पालमा भएका बड़ाबनका वृक्षले श्रीयमुनाजीलाई ''चार दिवालले घेरेको'' विशाल तलाउको सुन्दर अति नै सुहावनारूप दिएको छ। पुलको क्रमशः वर्णन बटको पुलमा विस्तरशः गरिएको छ, यी दुइ पुलमा रत्तीभर फरक छैन् यावत् वस्तु समान छन्। यहाँको सुहावना सुन्दरताको सुखानन्दमा श्रीराजश्यामाजी सखी समूह सहित अमावश्य-औंसीको दिन चौथो प्रहरमा सवारी हुनु हुन्छ। तब एक प्रहर समयसम्म लीला-भ्रमण पश्चात् श्रीमूलधाममा सवारी फिर्दछ।

# केलको घाट

केलको घाट नाम केराको बनलाई भनिएको हो। श्रीयमुनाजीको मूलदेखि दुवैपट्टि पाल आएको छ। यसलाई चौतरा पनि भन्दछन्। जुन हौजकोसर तलाउमा गएर उभय पाल मिलेका छन्। यी दुवै पालका दुवैपट्टि कम्मर भर होचोमा दुइ-दुइवटा रौस पनि पालको साथ-साथै सुरुदेखि नै आएका छन्। यी दुवै पालका बाहिरपट्टिको जुन रौस पाँच सय-पाँच सय मंदिरको चौड़ाइवाला आएका छन्। यसमा बड़ाबनका दुइ हार वृक्ष आएका छन्। यी दुवैपट्टिका उभय पालमाथि पनि बड़ाबनका पाँच पंक्ति वृक्ष विद्यमान छन्। जुन लाल-चौतरा र मधुबनका बीचबाट बड़ाबनका पाँच वृक्ष केलघाट-केराको बन भित्र भएर पालमा प्रवेश गरेका छन्। यसरी उभय पालमाथि यी वृक्ष पाँच भोम छद्गी चाँदनीको रूपमा शोभायमान छन्। यी वृक्षका तल भुइँमा पालमाथि चार हार चोक विद्यमान छन्। यी चोकभित्र केराका बगैंचा आएका छन्। यो बनमा दिवाल, गल्ली, थंभ, मेहेराब वृक्षका नै बनिएका छन् एवं चोक पत्तादिले छत्रीवत् ढाकिएका छन्। भुइँमा मोती सदृश बालुवा-रेतीका कण झल्किरहेका छन्। श्रीयमुनाजीको पानीमा पाँच सय मंदिरको चौड़ाइसम्म काँचा-पाकेका-कटमिरा केराका घरीका-घरी झुण्डिरहेका छन्। उप्रान्त पाँच सय मंदिरसम्म लिबोईका झुप्पाका-झुप्पा, लटरम्म टल्किरहेका छन्। लिबोईबन पछि अनार बन आउँछ। अनार बनमा अनारका दाना,

झुप्पाका-झुप्पा कांगरी सदृश शोभायमान भैरहेका छन्। यसरी नै प्रत्येक बन, फल-फूल पत्तादिले आफ्नो शोभा-सुन्दरताको महत्त्व राखेका छन्। यसप्रकार प्रत्येक बनमा विभिन्न सुमनोहर सुगन्ध औ सुन्दरताले बगैंचा ढकमक्क महकाइरहेका छन्।

यहाँ पालको चोकमा पाँच भोमसम्म हिण्डोला लागेका छन्। जहाँ-जहाँ दुइ बनका दोसाँध आउँदछ। त्यस ठाउँमा एउटा चौतरो छ। यहाँका यी चौतरामाथि देहुरी गुमट, कलश, ध्वजा-पत्ताकादि विद्यमान छन्। यी देहुरी श्रीयमुनाजीपट्टिको भित्रीरौसमा तथा पालको किनारमा बनेका छन्। यसरी चौक, देहुरी-चौतरा सातौं बनमा शोभायमान छन्। केलघाटको चौड़ाइ पाँच सय मंदिरभर छ औ लम्बाइ श्रीधामदिवालदेखि श्रीयमुनाजीको पालसम्म छ। श्रीयमुनाजीका दुवै किनार रमणीय रेतिला जरी-मणिद्वारा जड़िएको छ। श्रीयमुनाजीको दुवैपट्टिका किनारमा वारपार कठेड़ा लागेका छन् औ ठाउँ-ठाउँमा सुमनोहर शोभायुक्त बैठकादि शोभायमान छन्।

## लिबोई घाट

कागतीको बनलाई लिबोईको घाट भनिएको छ। यस बगैंचा भित्र कागती-निम्बुका वृक्ष डोरीबन्ध अत्यधिक शोभायमान भइरहेका छन् औ वृक्षका नै ढोका-झयाल मेहेराब बनेका छन्। तल भुइँमा वृक्ष अलग-अलग छन् औ माथि भोम-छत सबै हाँगा-पत्तादिले चोकमाथि चँदुवा झैं सुमनोहर शोभायमान गराएका छन्। यस बनमा कैयौं प्रकारका

फलका कतार, हारका-हार, झुप्पाका-झुप्पा विद्यमान छन्। बगैंचामा सीतल सुगन्धित हावाले मनमोहित गर्दछ। चोक विभिन्न रंगका रत्नजड़ित चँदुवाले सजाए झैं शोभायमान भइरहेका छन्।

पालको चौतराबाट सिंढ़ी झरेको छ। श्रीयमुनाजी पट्टिको रौसको किनारमा जो सिंढ़ी छ। त्यस सिंढ़ीबाट तीन सिंढ़ी ओर्ल्हेर यमुना-जलमा क्रीड़ा गर्दछन्। जसरी पालको रौस यमुनाजीपट्टि छ, उसरी नै उस रौसको अर्ध चौड़ाइवाला रौस श्रीयमुनाजीका दुवै किनारमा पानीभित्र पनि छ। यस रौसमाथि पानी भरिएको छ। त्यसै रौसमा कम्मरभर पानी आउँदछ। यी दुवैपट्टिका रौसमा जल-क्रीड़ा गर्दै किनारै-किनार श्रीयमुनाजीको मूलकुण्डदेखि सोह्र देहुरीको घाटसम्म कम्मर भर पानीमा खेल्नु-घुम्नु सकिन्छ। अतः श्रीयमुनाजीको रौसदेखि तीन सिंढ़ी अल्गोमा पाल छ। पालमा बड़ाबनको वृक्षका पाँच पंक्ति छन्। यी वृक्षका पाँच भोम छट्टी चाँदनी छ। यो निंबू-कागतीको बन ताड़बनको सामुन्ने पर्दछ। यो घाट-बनको दुइ भोम तेस्रो चाँदनी छ। पाँच सय मंदिरको चौड़ाइ औ श्रीधाम दिवालदेखि श्रीयमुनाजीको पाल पर्यन्त लम्बाइ छ।

## अनारको घाट

श्रीयमुनाजीको पाल हीराको बिस्कुन लगाए झैं एकनासका सुरम्य रेतीद्वारा सुशोभित छ। यहाँ पालमाथि पाँच हार बड़ाबनका वृक्ष छन् एवं वृक्षका साथ-साथै चोकका पनि पंक्ति गएका छन्। यी प्रत्येक

चोकमा चौबीस-चौबीस हार अनारका (दारिम) वृक्ष छन्। यी वृक्षमा पनि साना-साना चोक छन् तथा चोकमा स- साना बिरूवाका लाइनका-लाइन डोरीबन्ध शोभायमान छन्। यी वृक्षका दुइ भोम तेस्रो चाँदनी छ। यिनका माथि बड़ाबनको तीन भोम गएको छ। यस पालदेखि श्रीयमुनाजीको रौसपट्टि तीन-तीन सिंढ़ी लागेका छन्। यस घाटको चौड़ाइ पाँच सय मंदिर र लम्बाइ श्रीरंगमहलको दिवालदेखि श्रीयमुनाजीको पालसम्म छ। यस घाटको सामुन्ने श्रीरंगमहलको दिवालका प्रत्येक भोममा पाँच सय-पाँच सय झरोखा र हजार - हजार मेहेराब शोभायमान छन्। जब यी मेहेराब-झरोखामा बसिन्छ, तब तल सामुन्ने घाटको दृश्य अत्यन्तै शोभायुक्त नजर आउँदछ।

यी बनका दोस्रो भोम बराबर रंगमहलको प्रथम भोम छ। रंगमहलको प्रथम भोमबाट बगैंचाको दोस्रो भोममा जानु आउनु सकिन्छ। श्रीरंगमहलको दोस्रो भोमको बराबरमा पाँचौंघाट- बगैंचाको चाँदनी एउटै हरियो-रंङ्गीन दरी बिछ्याएको किन नहोस जस्तो एकसमान देखिन्छ। बगैंचा भित्र वृक्षका चार थंभ, चार थंभरूपवृक्षका बीचमा चोक छन्। यी चोकमा अनेकौं रंगका रंगिन रत्न जड़ित मणि सदृश चम्किला रेतीकणले भरपूर तथा चोकमाथिका हाँगा-पत्ता-फलादिले चँदुवा लागे झैं छ। उक्त प्रकारका विभिन्न रीतले सजाएको श्रृंगारिएको मण्डप सदृश प्रत्येक चोक अति नै सुन्दररूपले शोभायमान छन्। तल जमीनमा यी सातैबनका वृक्ष दुइ-दुइ मंदिरका फरकमा लाइनका-


लाइन सीधा डोरीबन्ध एक समान शोभायमान छन्।

## पाटको घाट

यो घाट श्रीयमुनाजीको उत्तर-दक्षिण लम्बाइको बीच भागमा तथा श्रीरंगमहल र अक्षरधामको पनि मध्यभागमा सीधा डोरीबन्ध स्थित छ। यस घाटमा सोह्र थंभ श्रीयमुनाजीको पानी भित्र जमीनदेखि आएर यमुनाजी भित्रको रौस, जुन रौसको कम्मरभर पानीमा जल-क्रीड़ा गर्नु सकिन्छ। यस रौसको बराबरमा यी सोह्र थंभको चाँदनी पटेर छत लागेको छ, यो छत रौससँग एक समान भएर मिलेको छ। यी सोह्र थंभको चाँदनी-छत नै पाट-घाटको चौतरो भयो। यस चौतरामा कम्मर भर पानी आउँछ। यस घाटको पानीदेखि तथा सोह्र थंभको भुइँदेखि दुइ भोम तेस्रो चाँदनी छ। यसको क्रमशः वर्णन पूर्वमा नै गरिएको छ। यो घाटको सामुन्ने हुना कारण अमृत-आँपको बनलाई पाटको घाट पनि भनिएको छ। आम्र -बन तथा आँपको बन-बगैंचासँग जोड़िएर जामुनको बगैंचा छ। जामुनको बगैंचादेखि नारंगी-सुन्तलाको छ, औ सुन्तलाको बनदेखि बटबन आउँछ। बट (बरको) बन (बगैंचा) सामुन्ने बटको पुल छ। यी दुवै पुलमहल आमुन्ने-सामुन्ने बराबर अल्गोमा शोभायमान छन्। यी दुइ पुलका मध्यमा सातौं बनका विभिन्न शोभा अत्यधिक मनमोहक छ। यस्तै सातौंघाट श्रीयमुनाजी पारि अक्षरधामपट्टि पनि छन्। श्रीयमुनाजीको दुवै किनारको अति आनन्द प्रवर्धक शोभा हेर्दै-हेर्दै पाटघाटबाट नै सीधा पश्चिम

श्रीरंगभवनको दर्शन एवं प्रणाम् गर्नु सकिन्छ।

यहाँबाट नै श्रीधामको दर्शनगरी प्रणाम् पश्चात् श्रीयमुनाजीको पालै-पाल दक्षिणतर्फ जाँदा बट-पुल पार गर्ने बित्तिकै पाँच महल चार चौतरा, कुञ्ज-निकुञ्ज बन हेर्दै-हेर्दै हौजकोसर तलाउमा पुगिन्छ। हौजकोसर तलाउको पश्चिम दिशामा झुण्डको घाट छ। यो घाटमा हुँदै अगाडि दक्षिणतर्फ जाँदा चौबीस हाँसका महल आउँदछ। यस महलदेखिपनि अगाडि सीधा दक्षिणतिर साढे चार लाख कोस बढ्दा जवेरको नहरमा पुग्न सकिन्छ।



# जवेरको नहर

यो जवेरको नहरका महल पूर्वमा अक्षरधाम, पश्चिममा-पश्चिमको चौगान-मैदान, दक्षिणमा कुञ्ज-निकुञ्ज औ उत्तरमा पुखराज पर्वतको उत्तरघाटीदेखि पनि अगाड़ि अति टाड़ामा, साढ़े चार लाख कोसको चौड़ाइ लिएर गोलावृत घुमेको छ। अतः श्रीपरमधामदेखि लगभग साढ़े तेह्र लाखकोस (योजन) टाड़ामा गोलावृताकाररूपले यो जवेरको नहर घुमेको छ। यसको भित्रपट्टि, श्रीपरमधामपट्टिको चार पहलका महलदेखि लिएर बाहिर महानदपट्टिका चार पहलका महल सम्मन् नौ महल शोभायमान छन्। प्रत्येक महल दुवैपट्टिका बन-बगैंचा सहित पूर्वको मध्य नहरदेखि पश्चिमको मध्य नहर औ उत्तरको मध्य नहरदेखि दक्षिणको मध्य नहरसम्म पचास हजार कोस लम्बा-चौड़ा स्थित छ।

उक्त पचास हजारकोस जगहलाई तीनभागमा विभाजन गरिएको छ। दुवैपट्टिका एक-एक हिस्सामा सुन्दर बगैंचा छन्। बीचको हिस्सामा जमीनदेखि भोम भर अल्गो चौतरो छ। त्यस चौतरामाथि जवेरका महल शोभायमान छन्। चौतराको किनारमा कठेड़ा लागेकाछन्। चौतराभित्र प्रदक्षिणाकोलागि जगह छोड़ेर चौसट्ठ-चौसट्ठ महलका दुइ हार घुमेकाछन्। यी प्रत्येक महल नौ-नौ सय कोसका छन्। एक महलका चौतर्फ अट्ठाइस मंदिर छन्। यी प्रत्येक महलका चारैदिशामा बृहद चार दरबाजाको अपार शोभा छ तथा थंभका तीन हार वरिपरि

घुमेका छन्। यी तीन हार थंभ मध्ये एकं हार थंभ बीचमा कम्मर भर अल्गो चौतराको किनारमा छ। प्रत्येक हारमा चौसठ-चौसठ थंभ छन्। यस चौतराको चारै-दिशामा तीन-तीन सिंढ़ी लागेका छन्। यो चौतराभित्र सुमनोहर बन-बगैंचादि छन्। चौतराको मध्य भागमा पानीले भरिएको जलस्थंभ तल जमीनदेखि आएको छ। यो जलस्थंभ चाँदनीमाथि चेहेबच्चाको रूपमा प्रकट हुन्छ। यसबाट चाँदनीमा पानीका फुहारा छुट्दछन्। यी फुहारादिबाट प्रकट भएको पानी चाँदनीको बाहिरी किनारमा जो गुर्जरूप कुण्ड छन्। यस कुण्डदेखि पानी झर्नाको रूपमा तल जमीनको रौसदेखि कम्मर भर अल्गोमा जो वरिपरि कुण्ड छन्। ती कुण्डमा पानी पर्दछ। त्यसपछि यी कुण्डहरूका वरिपरि जो नहर संकलित छन् ती कुण्डमा आएको पानी यी नहरमा प्रवेश हुँदछ तब यत्र-तत्र सर्वत्र बगैंचा, नहर, चेहेबच्चा फुहारादिका रूपमा पानी परिभ्रमण गर्दछ।

साढ़े चार लाखकोसको चौड़ाइमा जवेरका जो नौवटा महल छन्। यी सबै महलका रचना-बनौट यस प्रकार छ। जस्तै-वल्लो किनारदेखि चार पहल, आठ पहल, सोह्र पहल, बत्तीस पहल औ चौसट्ठ पहल फेरि क्रमशः चौसट्ठ पहल, बत्तीस पहल, सोह्र पहल, आठ पहल औ चार पहल, छन्। यसप्रकार चौड़ाइमा नौ महल छन् औ सर्वोच्च चौसठपहलका महल छन्। यी महलका बनौट-शोभा निम्नलिखित प्रकारका शोभायमान छन्। अतः

**चार पहलका महलमा -**

चार पहल, चार भोम अल्गो, चार नै गुर्ज, चाँदनीमाथि चारवटा फुहारा छन्। यी फुहाराबाट चार नै धारा खस्छन्। बाहिर किनारमा चार कुण्ड छन् औ कुण्डबाट चार नहर गएका छन् तथा महलका बाहिर चौदिशामा चार बगैंचाका अपार शोभा भइरहेको छ।

**आठ पहलका महलमा -**

आठ पाटादार महलमा पाटा आठोटा छन्। यी महलका भोमपनि आठ भोमको अल्गो, आठ गुर्ज, चाँदनीमाथि आठ फुहारा, आठवटा नै झर्ना, बाहिर आठओटा कुण्ड, कुण्डबाट आठवटा नहर निक्लन्छन्। वरिपरि आठै दिशामा आठवटा बगैंचाको अत्यन्तै शोभा भइरहेको छ।

**सोह्र पहलका महलमा -**

सोह्र पाटादार, सोह्र भोम अल्गो, सोह्र गुर्ज, चाँदनीमाथि सोह्र फुहारा, सोह्रवटा नै झर्ना, बाहिर वरिपरि सोह्र ओटा कुण्ड, कुण्डबाट सोह्रवटा नहर निक्लेका छन् तथा वरिपरि सोह्रवटा नै बगैंचाले यस महललाई घेरेको छ। महल-बगैंचाको शोभा अकथनीय भरपूर छ।

**बत्तीस पहलको महलमा -**

यी महलमा बत्तीस पहल (पाटा) छन्। बत्तीस भोम नै अल्गो, बत्तीसवटा नै गुर्ज पनि छन्। चाँदनीमा बत्तीसवटा फुहारा छुट्छन्।

चाँदनीबाट बत्तीसवटा धारा बत्तीस भोम तल कुण्डमा खस्छन्। बाहिरपट्टि किनारमा बत्तीसवटा नै कुण्ड छन् औ कुण्डबाट बत्तीस नहर वरिपरि फैलिएका छन्। महलका वरिपरि बत्तीसवटा नै बगैंचा अपाररूपले शोभायमान भइरहेका छन्।

## चौसट्ठ पहलको महलमा -

यी महल चौसट्ठ पाटादार छन्। यिनका भोम उपराउपरा चौसट्ठ तला छन्। चाँदनीको किनारमा वरिपरि चौसट्ठ कुण्ड छन्। यी गुर्जबाट चौसट्ठ भोम तल चौसट्ठ नै धारा पनि खस्छन्। तल चौतराको बाहिरी किनारमा वरिपरि चौसट्ठ कुण्ड छन्। यी कुण्डमा चौसट्ठ धारा खस्छन्। यी कुण्डबाट चौसट्ठ नै नहर निक्लेर चौतर्फी फैलिएका छन्। यी नहरका बीच-बीचमा चौसट्ठ नै बन-बगैंचा अत्यन्तै शोभायमान भइरहेका छन्। पुनः कमशः ६४ पहलको महलदेखि ३२ पहल, १६ पहल, ८ पहल औ ४ पहल, पहिलाका जस्तै महलहरू शोभायमान छन्।

उक्त प्रकार चारैपट्टि असंख्य कुण्ड तथा नहर विस्तृतरूपले चलिरहेका छन्। यी नहरहरूमध्ये कतिपय नहर ढाकिएका छन् त कतिपय खुला छन्। यी बगैंचा, नहर-चेहेबच्चादिमा पानी विस्तृतरूपमा फैलिरहेका छन्। जसबाट विभिन्न प्रकारका फुहारादि चेहेबच्चाबाट छुटिरहेका छन्। यहाँ कैयौं प्रकारका चित्रकारी, विभिन्नकलादिले सर्वत्र श्रृंगारिएको छ। यी नहरमा विभिन्न पशु-जानवारादिका पुरका-

पुर, नगरका–नगर भरपूर छन्। अगणित खुब-खुशाली-पशु-जानवर-पङ्क्षीका बच्चा-बच्चीका गाउँका -गाउँ, बस्तीका–बस्ती बसेका छन्। यहाँ श्रीराजश्यामाजी द्वादश सहस्र सखी समुदाय सहित शुक्लपक्ष द्वादशी तिथिको दिन चौथो प्रहरको तीन घण्टा समय यहाँको लीला -भ्रमण गर्नु सवारी हुनु हुन्छ। पश्चात् प्रहर रात्री व्यतीत भएपछि सवारी निजधाम फर्कन्छ। यहाँ जवेरका नहरमा भएको सम्पूर्ण पानी विशाल नदीकोरूपमा परिवर्तन भई माणिक पहाड़मा जान्छ।



# माणिक पहाड़

श्रीपरमधाम रंगमहलको सीधा दक्षिण दिशामा साढ़े तेह्र लाख कोस टाड़ामा जवेरको नहर अनि बनको नहर, यी उभय नहरका सन्धिमा लगभग एक करोड़ छब्बीस लाख योजनको दूरीमा अत्यन्तै शोभनीयरूपले माणिक पहाड़ स्थित छ। श्रीपरमधामको समतल जमीनदेखिन् भोमभर अल्गो चौतरामाथि यो माणिक पहाड़ बाह्र लाख योजन अर्थात् अठचालीस लाखकोस अल्गो छ। यसको गिर्द-गोलाइ पनि अठचालीस लाख कोस छ। जमीनदेखि भोमभर अल्गो चौतराको किनारमा वरिपरि कठेड़ा लागेका छन्। यस चौतराको बाह्र हजार हाँस (पहल-पाटादार) गोलावृत छ। प्रत्येक हाँस चार-चार सय कोसका छन्। चौतराको किनारमा चार सय कोसको चौड़ा जगह परिक्रमाको निम्ति छोड़ेर भित्रपट्टि बाह्र हजार हवेलीका बाह्र हजार नै कतार छन्। यी हवेलीका उपराउपर बाह्र हजार नै भोम-तला पनि गएका छन्। प्रत्येक भोम चार-चार सयकोसका अल्गा छन्।

उक्त चौतराको बाह्र हजार हाँस छन्। यी बाह्र हजार हाँसका सन्धिमा वरिपरि बाह्र हजार नै गोल गुर्ज पनि छन्। यी बाह्र हजार हाँसमा बाह्र हजार हवेलीका बाह्र हजार नै ठूल-ठूला दरबाजा पनि सुशोभित छन्। प्रत्येक दरबाजाका दायाँ-बायाँ दुइ-दुइवटा चौतरा छन्। यसप्रकार बाह्र हजार दरबाजाका चौबीस हजार चौतरा हुन्छन्। यी चौतरामाथि वरिपरि चौबीस हजार चौखुट्टे गुर्ज शोभायमान छन्।

पुनः भित्रपट्टि बाह्र हजार हवेलीका बाह्र हजार पंक्ति जगमगाइरहेका छन्। यसप्रकार प्रथम भूमिका (भोम) मा बाह्र हजार हवेलीका बाह्र हजार हार तथा जम्मा चौध करोड़ चालीस लाख हवेली छन्। यसरी नै यत्ति नै संख्या प्रत्येक भोममा उपराउपर बाह्र हजार भोमसम्म गएका छन्।

यी हवेलीका बनौट यसप्रकार छ कि - एक हवेली चौरस, एक गोल, एक चौरस-एक गोल गर्दै चौड़ाइ र गोलाइ क्रमशः मिलेका छन्। यसप्रकारले एक हारको गोलाइमा ६ हजार चौरस हवेली औ ६ हजार गोल हवेली छन्। यसरी नै चौड़ाइमा पनि ६ हजार गोल हवेली औ ६ हजार चौरस हवेली शोभायमान छन्। यी हवेलीका बनौट-शोभा चार चौरस हवेलीका बीचमा एक गोल हवेली औ चार गोल हवेलीका बीचमा एक चौरस हवेलीको शोभा-सुन्दरताले भरपूर छ। यसप्रकार एक समूह शोभायुक्त देदीप्यमान भइरहेको छ। पुनः यी हवेलीहरूका भित्रपट्टिको रचना-बनौट, यस्तो छ कि- एक-एक हवेली भित्र बाह्र  हजार महल छन्। यी बाह्र हजार महल मध्ये एक महल भित्र बाह्र हजार मंदिर छन् अनि यी मंदिर मध्ये एक मंदिर भित्र बाह्र हजार कोठरी छन्। यी कोठरीहरूका पनि मध्यभागमा कम्मर भर अल्गो चौतरो छ। यो चौतराको किनारमा वरिपरि बाह्र हजार थंभ शोभायमान छन्। यी थंभहरूमा मेहेराब लागेका छन् तथा मेहेराबमा हिण्डोला छन्। यसप्रकार हवेली, महल, मंदिर औ कोठरीका बीच-

बीचमा कम्मर भर अल्गो चौतरा अनि चौतराको चौतर्फी बगैंचादिले शोभा-सुन्दरता अधिकाधिक बढ़ाइरहेका छन्। प्रत्येक चौतराको किनारमा बाह्र हजार थंभ औ थंभमा हिण्डोला लागेका छन्। चौतरालाई बगैंचाले घेरेका छन् तथा बगैंचामा नहर, चेहेबच्चा, फुहारादिका भरपूर शोभा भरिभराउ छ एवं वेशुमार अपार शोभादिले परिपूर्ण छ। जस्तो वर्णन-बनौट एक हवेलीको छ, त्यस्तै सम्पूर्ण हवेलीका औ सम्पूर्ण भूमिकामा एक समान छ। दुइ हवेलीका बीचको प्रत्येक गल्लीमा थंभका दुइ हार औ जहाँ-जहाँ दुइ हवेलीका दरबाजा आमुन्ने-सामुन्ने पर्दछन् त्यहाँ-त्यहाँ चौबीस-चौबीस मेहेराब लागेका छन्। चार हवेलीका कोण जहाँ-जहाँ पर्दछन्, त्यहाँ-त्यहाँ पनि चौबीस मेहेराब, चौतरा, सिंढ़ी, चोक वेशुमार अणगिनती यथास्थान शोभायमान छन्।

उक्त प्रकारले अकथ्य शोभनीय स्थानमा शुक्ल पक्ष एकादशी तिथिको दिन, श्रीयुगलस्वरूप सहित सखी समुदायको सवारी हुँदछ। दुइ प्रहर समय व्यतीत हुइञ्जेल यहाँ विभिन्न प्रकारले सैर-लीला, जल-क्रीड़ा, नाच-गानादि हुन्छ। तत्पश्चात् एक प्रहर रात्री व्यतीत भए पछि सवारी सीधा श्रीनिजधाम मूल मंदिरमा फिर्दछ।

## माणिक महल

यो भन्दा पूर्व जुन माणिक पहाड़को हवेलीका वर्णन गरेर आइयो। ती हवेलीका चौतरोदेखि तीन सिढ़ी तल ओर्ह्ले पछि गोलावृत एउटा चोक आउँदछ। त्यस चोकदेखि तीन सिंढ़ी अल्गोमा एउटा परिक्रमाको

सड़क आउँछ। यो सड़कदेखि भोम भर अल्गोमा बाह्र हजार हाँसको गोलावृत चौतरो छ। चौतराको किनारमा कटेड़ा लागेका छन्। यस चौतराको किनारमा परिक्रमाको जगह छोड़ेर बाह्र हजार माणिक महलको एक पंक्ति शोभायमान छ। यी महलका बीच-बीचमा त्रिपोलिया (त्रि-गल्ली) छन् औ हाँस-हाँसमा गोल गुर्ज विद्यमान छन्। माणिक महलको चौतरादेखि भोमभरको सिंढ़ी ओहर्लिन्दा-झर्दा एउटा ठूलो महोद्यान आउँछ। जुन महोद्यान -बगैंचा गोलावृत घुमेको छ। यो बगैंचाको जमीनदेखि फेरि भोमभरको सिंढ़ी चढ़ेर बीचको चौतरोमा जानु पर्छ। जुन चौतराको मध्यमा एउटा पानीले भरिएको जलस्थंभ विद्यमान छ। यो जलस्थंभ बाह्र हजार भोम अल्गोसम्म सीधा गएको छ। यो जलस्थंभको माणिक महलका झैं बीच-बीचमा भोम पटेको छैन्। तल चौतरामा जलस्थंभको चारैपट्टि आश्चर्यजनक नाना प्रकारका फूलवारी छन्। यी फूलवारीका शोभा-सुन्दरतायुक्त बगैंचाले सुन्दर मण्डप सदृश सहसा आत्मा आकर्षित गर्दछ। यी बगैंचामा जलस्थंभबाट अत्यन्तै सुमधुर साना-साना पानीका फुहारा पिचकारी सदृश छुट्दछ। यसप्रकार यहाँ वेशुमार-अथाह आनन्दप्रद अमृतमय नहर, चेहेबच्चा औ फुहारा सहित विभिन्न प्रकारका फूलहरुको मनमोहक सुगन्ध महकाइरहेको छ।

यस चौतराको किनारमा वरिपरि बाह्र हजार थंभ, बाह्र हजारमा बीस भोम कम अर्थात् एघार हजार नौ सय असी भोमसम्म सीधा

गएका छन्। यी थंभमाथि मेहेराब लागेका छन्, जुन मेहेराबमा वरिपरि बाह्र हजार हिण्डोला सुमनोहर शोभायमान छन्। यी हिण्डोलाका जंजीर-साँकलले मनलाई आकर्षित गर्ने गरी हिण्डोलामा लागेका छन्। यहाँ हिण्डोलाको संख्या बाह्र हजार छन् तर श्रीयुगलस्वरूप सहित सम्पूर्ण बाह्रहजार ब्रह्मप्रिया-सखी समुदाय एउटै हिण्डोलामा बसेर एकै साथ झुल्झुला खेल्नु तथा झुलनाको सुखानन्द लिइँन् सक्दछन्।

जुन माणिक महलको वर्णन गरियो। ती महलहरू बाह्र हजार भोममा बीस भोम कमसम्म अथवा एघार हजार नौ सय असी भोमका झरोखा, भित्रपट्टिबाट लाइनबद्ध गोलावृत घुमेका छन्। यो शोभा अत्यन्तै शोभनीय देखिन्छ। यो चौतरादेखि तल बगैंचामा उभिएर हेर्दा त्रितालीस लाख बयानब्बे हजारकोस तेजोमय पोलाकार (खालीभाग) देखिन्छ। बाह्र हजार भोममा बीस भोम कमसम्म बीचको जलस्थंभ अनि माणिक महल अलग-अलग गएका छन्। यी आपस्तमा नमिलेका हुनाले एघार हजार नौ सय असी भोमसम्मन् एक-अर्कामा जानु-आउनु सकिन्दैन्। जब बाह्र हजार भोम पुग्नु बीस भोम कम हुन्छ, तब जलस्थंभबाट वरिपरि माणिक महलतर्फ छज्जा निक्लन्छ औ माणिक महलबाट पनि जलस्थंभतर्फ वरिपरि छज्जा निक्लन्छन्। यी दुवैतिरका छज्जा एक भोममाथि गएर आपस्तमा जोड़िन्छन्। तब यस छज्जादेखि अथवा एघार हजार नौ सय बयासीवाँ भोमदेखि उपराउपर बीस भोम सम्मन् जलस्थंभबाट माणिक महलमा औ माणिक महलबाट जलस्थंभमा

आवन-जावन तथा जलस्थंभको चौतर्फ घुम्नु-परिक्रमा गर्नु सकिन्छ। जलस्थंभबाट पनि माणिक महलमा आवत-जावत गर्नु सकिन्छ। जब बाह्र हजार भोम पुरा हुन्छ, तब जलस्थंभ, माणिकमहल औ माणिक पहाड़ समूहको एउटै चाँदनी लाग्दछ।

## टापू महल

जुन चौतराबाट जलस्थंभ उपराउपर आएको छ अनि जसको किनारमा बाह्र हजार थंभ औ थंभमा हिण्डोला लागेका छन्। त्यस चौतराको चाँदनीमा भोमभरको अल्गो चौतरा बनिएको छ। यस चौतराको किनारमा परिक्रमाको जगह छोड़ेर टापू महलका बाह्र हजारको एक हार गोलावृत घुमेको छ। यी महलका चौदिशामा चार ठूल-ठूला दरबाजा सुशोभित छन्। महलको भित्रपट्टि मध्यस्थानमा चौतरो छ। यस चौतरालाई चारैपट्टिबाट सुमनोहर बगैंचाले घेरेका छन्। यी बगैंचाभित्र वेशुमार नहर चेहेबच्चा तथा विभिन्न प्रकारका फुहारादिका आनन्दप्रद शोभाले भरपूर छ। यी टापूमहलका उपराउपर बीस भोम एक्काइसवीं चाँदनी छ। चाँदनीमाथि बीचभागमा कम्मर भर अल्गो चौतरो छ। यसको चारैपट्टि तीन-तीन सिंढ़ी तथा चौतराको चौतर्फी कठेड़ा शोभायमान छन्। चौतरालाई वरिपरिबाट बगैंचादिले घेरेका छन् तथा बगैंचामा नहर चेहेबच्चा फुहारादिका अपार शोभा भरपूर भइरहेको छ। यस चौतराको मध्यभागमा रत्न-जड़ित सिंहासन

देदीप्यमान भइरहेको छ औ सिंहासनका वरिपरि कुर्शी शोभायमान छन्। यहाँ जब श्रीयुगलस्वरूप सखी समुदाय सहित सवारी हुनु हुन्छ तब युगलस्वरूप सिंहासनमा औ सखीगण कुर्शी आदिमा विराजमान हुँदछन्।

माथि जुन टापूमहलको चौतरा बताइयो, त्यस चौतरामुनि बाह्र हजार जालीद्वार छन्। ती जालीद्वारमा भएर बाहिरपट्टि जुन तलाउ छ, त्यस तलाउमा जलस्थंभबाट आएको पानीका धारा खस्दछन्। तल माणिक महल अनि जलस्थंभका सन्धिमा दुवै चौतरादेखि भोम भर तल जमीनमा जुन बगैंचा गोलावृत घुमेको थियो। त्यसै बगैंचाको सीधामाथि यहाँ चाँदनीमा यो तलाउ बनेको छ। यस तलाउभित्र नाना प्रकारका विभिन्न रंगका जल-कमलादि सुशोभित छन्। यो तलाउमा चैतन्य जहाज पानीमा तरिरहेका छन्।

यस तलाउको बाहिरपट्टि किनारमा तलाउको पालरूप एउटा चौतरो गोलावृत घुमेको छ। यो चौतराको दुवैपट्टिका किनारमा कठेड़ा लागेका छन्। यो पालरूप चौतरामाथि थंभका चार हार गोलावृत घुमेका छन्। यी चार थंभमाथि तीन देहेलान छन्। दुइपट्टि किनारमा दुइ देहेलान छन् औ एउटा देहेलान दुइ देहेलानका बीचमा छ। दुइपट्टिका दुवै देहेलान एक भोम दोस्रो चाँदनीवाला छन् औ बीचको देहेलानको दुइ भोम तेस्रो चाँदनी छ। अब जुन पालरूप चौतरामाथि देहेलान छन्। यस चौतराको तलाउपट्टिको दिवालमा वरिपरि जालीद्वार लागेका

छन्। यी जालीद्वारका सीधा टापूमहलको चौतराको बाहिरपट्टि पनि बाह्र हजार जालीद्वार वरिपरि छन्। यी जालीद्वारबाट टापूमहलतिरबाट आएको पानीका धारा तलाउमा खस्दछन्। यसको सामुन्ने पालरूप दिवालको जालीद्वारबाट तलाउको पानी देहेलान मुनिबाट पाइपद्वारा देहेलानको बाहिरपट्टि भोम भर तल बाह्र हजार कुण्ड वरिपरि घुमेका छन्। ती कुण्डमा बाह्र हजार पानीका धारा-प्रवाह खस्दछन्। जुन देहेलान मुनि पाइपद्वारा पानीको प्रवाह बाहिरपट्टि निक्लन्छ। यो देहेलान तल जुन चौतरामाथि माणिक महल छन्, ती माणिक महलका सीधामाथि यहाँ चाँदनीमा यो देहेलान छ।

जुन देहेलान मुनिबाट वरिपरि पानीका धारा खस्दछन्। अनि यो देहेलानको बाहिरपट्टिको दिवालसँग जोड़िएर एउटा सड़क घुमेको छ। यो सड़कको किनारमा वरिपरि बाह्र हजार कुण्ड पनि घुमेका छन्। ती बाह्र हजार पानीका धारा यिनै कुण्डमा पर्दछन्। अब यी कुण्डबाट सामुन्ने चाँदनीमा बाह्र हजार कुण्डका बाह्र हजार नै हार विद्यमान छन्। यी सम्पूर्ण कुण्डमा नहरद्वारा पानी परिभ्रमण गर्दछ। यी प्रत्येक कुण्डका चौकुनामा चार थंभ छन् अनि कुण्डको चार दिशाका चार मेहेराबमा चार हिण्डोला लागेका छन्। यी चार थंभका मेहेराबमाथि थंभ आपस्तमा पटेका छन्। यसकारण यसलाई पुल पनि भनिएको छ। यहाँ यी पुल जम्मा चौध करोड़ चालीस लाख छन्। तल जहाँ-जहाँ चार हवेलीको कोण पर्दछ, त्यस्को सीधामाथि

यहाँ यी कुण्ड पर्दछन् अनि जहाँ हवेलीका आस-पासमा गल्लीहरू छन्, ती गल्लीका सीधामाथि यहाँ चाँदनीमा नहर कुदेका छन्। फेरि तल जुन ठाउँमा हवेली छन्। ती हवेलीका सीधामाथि यहाँ चौध करोड़ चालीस लाख बगैंचा सुशोभित छन्। यी बगैंचामा नहर चेहेबच्चा फुहारादिका अपार शोभाले भरपूर छ। यहाँ यी नहरका पानी एक कुण्डबाट नहरमा भएर दोस्रो कुण्डमा, दोस्रो कुण्डदेखि नहरमा भएर तेस्रो कुण्डमा हुँदै-हुँदै क्रमशः बाह्र हजार नहर औ बाह्र हजार कुण्डका बाह्र हजार नै हार सम्पूर्णमा पानी परिभ्रमण गर्दै-गर्दै चाँदनीको किनारका अन्तिम हारका कुण्डमा पानी आइपुग्दछ। तत्पश्चात् यहाँ बाट चाँदनीको किनारमा जुन ठूल-ठूला गोल गुर्ज बाह्र हजार भोम तलदेखि आएर चाँदनीमा कुण्ड बनेका छन्, ती गुर्जका कुण्डमा भएर बाहिरपट्टिबाट सड़क बाहिरपट्टि जुन बाह्र हजार कुण्ड गोलावृत घुमेका छन्। ती कुण्डमा यी पानीका धारा खस्दछन्। अब यो पानी यी कुण्डदेखि पनि वरिपरिका बाह्र हजार नहर र बाह्र हजार तलाउका बाह्र हजार नै हार चौतर्फी विस्तारवत् फैलिएका छन्। यी सम्पूर्ण नहर-तलाउमा पानी परिभ्रमण गर्दै-गर्दै अन्तिम नहर-तलाउमा भएर एकमुस्ट एकत्रित पानीका बृहद नहर महानदमा गएर समावेश हुन्छ।

यहाँ माणिक पहाड़को चौतरो बाहिरपट्टि जमीनमा बाह्र हजार तलाउका बाह्र हजार पंक्ति विस्तृत छन्। यी तलाउका किनारमा महल सुशोभित छन्। यी महलका पाँच भोम छट्टी चाँदनीमाथि ठूल-

ठूला अति सुमनोहर हिण्डोला लागेका छन्। यहाँ जुन तलाउका महलको वर्णन गरियो। यी महलहरूमा माणिक पहाड़पट्टिका जुन पहिलो हार तलाउका महल छन्। यी तलाउका महलमध्ये तलाउको चौकुनाका चार महल छट्टी चाँदनीदेखि उपराउपर बाह्र हजार भोममा एक भोम कम सम्म गएर चारैवटा महल आपस्तमा पटेका छन्। अतः चार कोणका चार महल पटेर एउटै छत हुन्छ, यो छतमाथि कुण्ड बनेको छ। छतको मुनिपट्टि साँकल लागेको छ, जस्मा हिण्डोला झुण्डिएको छ। यी चार महलका हिण्डोला ठूल-ठूला जंजिर-साँकलमा संकलित छन्। यी हिण्डोला तल-पाँच भोम छट्टी चाँदनीमाथि झुल्दछन्। यसरी नै दोस्रो हार तलाउका चारकुनाका महल छट्टी चाँदनीदेखि बाह्र हजार भोममा दुइ भोम कमसम्म गएर आपस्तमा पटेका छन्। यस हारको हिण्डोला पनि तल छट्टी चाँदनीमाथि नै झुल्दछन्। त्यसरी नै तेस्रो हार तलाउको चौकोणका महल बाह्र हजार भोममा तीन भोमकम सम्म गएका छन् औ छट्टी चाँदनीमा नै झुल्दछन्। यसप्रकार क्रमशः एक-एक भोम कम हुँदै हुँदै बाह्र हजारवाँ तलाउको चौकुनाका चार महलका हिण्डोला जमीनदेखि एक भोम अल्गो चाँदनीमा नै झुल्दछन्। अर्थात् -बाह्र हजारवाँ महल जुन महानदपट्टिका छन्, ती महलदेखि क्रमैसंग पहिलो हारका महल एक भोम दोस्रो चाँदनी, दोस्रो पंक्तिका महल दुइ भोम तेस्रो चाँदनी, तेस्रो कतारका महल तीन भोम चौथो चाँदनी, चौथो हारका महल चार भोम पाँचमी चाँदनी

और पाँचमी पंक्तिका महल पाँच भोम छट्टी चाँदनी छ। उप्रान्त एघार हजार नौ सय छ्यानब्बे हारका महलको पाँच भोम छट्टी चाँदनी छ औ छट्टी चाँदनीमा हिण्डोला-झुलना झुल्दछन्।

उक्त कथित तलाउका आस-पासमा ठूल-ठूला सुमनोहर बगैंचा शोभायमान छन्। यी बगैंचामा वेशुमार हिण्डोला, नहर, चेहेबच्चा औ फुहारादि छुटिरहेका छन्। माणिक पहाड़को चारैपट्टि बाहिर विस्तृतरूपले फैलिएका यी नहर, तलाउ, हिण्डोला तथा बगैंचादिले माणिक गिरीलाई अत्यन्तै शोभायुक्त गराएको छ। यहाँ चार तलाउका बीचमा एक बगैंचा औ चार बगैंचाका बीचमा एक तलाउको दृश्य अत्यन्त मनमोहक देखिन्छ। साथ-साथै हिण्डोलादिका अपार शोभाले सहसा मन आकर्षित गर्दछ। यहाँ ईशान कोणबाट एउटा विशाल नहरको पानी दुइ भागमा विभाजित भई, एक भाग पानीको नहर पूर्वदिशा हुँदै अग्निकोणदेखि दक्षिणदिशा गएको छ औ दोस्रो भाग पानीको नहर उत्तर-पश्चिम हुँदै दक्षिण दिशामा उभय नहर एक भएर मिलेका छन्। यसप्रकार महानदको सम्पूर्ण पानीले बृहत्‌रूप धारण गरी दक्षिण दिशाबाट बनको नहरमा प्रवेश गर्दछ अर्थात् मिल्दछ।



# बनको नहर

चार हार हवेली (छोटी रांग) औ माणिक पहाड़ यी दुइटाका सन्धिमा बनको नहर गोलावृत घुमेको छ। यसको चौड़ाइ एक करोड़ योजन छ। यो बनको नहर श्रीरंगमहल देखिन् लगभग अढाई करोड़ योजनको दूरीमा स्थित छ। यसमा बड़ाबन, मधुबन औ महाबन नामक वृक्षका पंक्तिका-पंक्ति शोभायमान छन्। यहाँ यी त्रि-बनका सघनातिसघन बन विद्यमान छन्। यी बन हाँसभरका लम्बा-चौड़ा, कम्मरभरका अल्गा चौतरामाथि चौतर्फी लाइनबद्ध सुशोभित छन्। यिनका चौदिशामा बृहत् नहर आवत-जावत गर्दछन्। यी चारैपट्टिका नहरकाबीच भागमा भोमभर अल्गो चौतरो छ। यस चौतरामाथि बृहत्रूपले मूल बृहत् वृक्ष शोभायमान छ। यो बृहत् वृक्ष नीलगिरीको वृक्ष हो। यो मूल वृक्षको चौतर्फ अन्य त्रि-बनका तीन-तीन पंक्ति चौतर्फी चौतरामाथि छन्। यो बीचको मूल वृक्षलाई चौतर्फीबाट परिक्रमावत् घेरेर जमीनका आठ खण्ड छन्। यी आठौं खण्डका बीचमा मूल चौतरो छ। चौतराको चार दिशामा चार खण्ड औ चौकुनामा चार खण्ड यी आठ खण्ड छन्। प्रत्येक खण्डका चौतर्फी ठूल-ठूला सड़क छन्। मध्यको चौतरामा जानु-आवनुको निमित्त चारैदिशामा चौरस्तारूपले मूल सड़क छन्। मूल चौतराको मूल वृक्षलाई वरिपरिका आठ खण्डले आवृत तथा भोमभरअल्गो चौतरामाथि सुशोभ्यरूपले स्थित छ। यस चौतराको किनारमा कठेड़ा शोभायमान छन्। यो

मूलवृक्ष साठ हजार भोम अल्गो छ। यस वृक्षको शोभा अकथित एवं शब्दातीत छ।

बनको नहर जवेरको नहर सदृश समानरूपले शोभायमान छन्। मूल चौतराको बृहत् वृक्षलाई चारैपट्टिबाट त्रि-बन, बड़ाबन, मधुबन औ महाबनका वृक्षले अल्गाइमा चार-आठ-सोह्र र सोह्र, आठ, चार पहल सदृश बड़ाबनका उचाई-अल्गाई साढ़े सात हजार भोम, मधुबनका उचाई-अल्गाई पध्र हजार भोम औ महाबनका उचाई-अल्गाई तीस हजार भोमको उचाईमा चौदिशाका नहरदेखि क्रमशः घेरेका छन्। बनका नहरको वल्लो किनारदेखिन् पल्लो किनारसम्म एक पहलमा एउटै बृहत् वृक्ष छ। यस प्रकार बत्तीस पहल-खाँचमा वरिपरि घुमेका छन्। प्रत्येक हाँस-पहलमा बृहत् वृक्षको चारैपट्टि त्रि-बन बड़ाबन, मधुबन औ महाबन सिंढ़ीवत् चढ़दै गएर उतर्दै गएका छन्। बृहत् वृक्ष बत्तीस पहलमा बत्तीस वटा छन्। जुन प्रकार जवेरका महलको बनौट-शोभा छ, त्यही प्रकारको बनौट-शोभा यहाँ पनि समानरूपले छ। यी प्रत्येक वृक्षका चौतराभित्र अन्य प्रकारका साना-साना वृक्ष, बगैंचा, नहर, चेहेबच्चा औ फुहारादि अनेकानेक वेशुमार लाइनका लाइन, कतारका कतार गोलावृत शोभायमान छन्। यहाँ पशु-पङ्क्षी, जानवरादिका सघन शहरका शहर, गाउँका गाउँ निवास गर्दछन्।

# छोटी रांग-चार हार हवेली

छोटी रांग (सानो किल्ला) का गोलावृत हवेलीले श्रीपरमधाम-अक्षरधाम, माणिक पहाड़-पुखराज पर्वत, जवेरका नहर औ बनका नहर सम्पूर्णलाई  घेरेर श्रीरंगमहलदेखि लगभग साढ़े तीन करोड़ योजन टाढ़ामा स्थित छ।यी हवेली बड़ी रांगको हद्ध र बनका नहरको हद्धका बीचमा नौ करोड़ योजनको चौड़ाइ लिएर चार हार हवेली गोलावृतरूपले घुमेका छन्। यी हवेली बड़ी रांग सँग-सँगै घुमेका छन् तथा बड़ी रांग सँग जोड़िएका छन्। यी हवेली जमीनदेखि भोम भर अल्गो चौतरामाथि विद्यमान छन्। प्रत्येक हवेलीको चारैपट्टि प्रदक्षिणाको निम्ति रौस घुमेको छ। यहाँ रौसको किनारमा कठेड़ा लागेका छन्। हरेक हवेलीका चारै दिशामा ठूल-ठूला चार दरबाजा छन् अनि प्रत्येक दरबाजाको अगाड़ि चाँदनी चोक (आँगन) तथा प्रत्येक चाँदनी चोकमा चौतरा सहित हरा-लाल वृक्ष सुशोभित छन्। हवेलीमा प्रवेश गर्दा दाहिनेपट्टि लाल-वृक्ष औ देब्रेपट्टि हरा-वृक्ष छन्। हवेलीको दिवाल सँगै जोड़िएर भोम भर अल्गो दरबाजाका दुवैपट्टि दुइटा चौतरा छन्। यी चौतरामा थंभ-कठेड़ा-मेहेराब शोभायमान छन्।

अब चाँदनी चोकदेखि भोम भरको सिंढ़ी चढ़ेर दरबाजामा जाँदा यी सिंढ़ीका दुवैपट्टि परकोटा-रेलिङ्ग तथा परकोटामा सुन्दर कांगरी शोभायमान छन्। सिंढ़ीदेखि अगाड़ि गएर हेर्दा बाह्र हजार हवेलीका

बाह्र हजार हार देखिन्छन्। यस प्रकार प्रथम भोममा चौध करोड़ चालीस लाख हवेली जगमगाइरहेका छन्। यी हवेलीका उपराउपर भोम पनि बाह्र हजार नै गएका छन्। यहाँका यी हवेली एक भोममा बाह्र हजार भोमका हिसाबले हवेलीका पाँच भोममा जम्मा साठ हजार भोमका अल्गा छन्। यी प्रत्येक हवेलीमा कैयौं महल, एक महलमा कैयौं मंदिर, एक मंदिरमा कैयौं कोठरी, कैयौं चोक, चौतरा, थंभ, मेहेराब, हिण्डोला, बन-बगैंचा, नहर-चेहेबच्चा तथा अनन्त फुहारादिले भरपूर जाज्वल्यमान भइरहेका छन्। यस प्रकारको शोभा प्रत्येक भोममा अपरम्पार शोभायमान छन्। उक्त प्रकारका शोभायुक्त बनौट-वर्णन सम्पूर्ण हवेलीका सम्पूर्ण भोमादिमा एकछत्र-एकाम्यरूपले विद्यमान छ।

प्रत्येक हवेलीको चौकुनामा (कोण) चार बगैंचा शोभायमान छन्। प्रत्येक बगैंचामा कैयौं प्रकारका वृक्ष, बन-बगैंचा, साना-ठूला नहर, चेहेबच्चा तथा तरह -तरहका फुहारादि छुटिरहेका छन्। यहाँको अकथनीय शोभायुक्त स्थानमा शुक्लपक्ष नवमी तिथिको दिन, दुइ प्रहर समयसम्म सैर-लीला-भ्रमणको निम्ति समस्त सखीगण सहित श्रीयुगलस्वरूपका सवारी आउँदछ। एक प्रहर रात्री व्यतीत भए पछि मूल मंदिर निजधाममा सवारी फर्कन्दछ। यस प्रकारसँग यहाँ बन-बगैंचा सहित हवेलीका चौड़ाइमा चार-चार हार हवेली छन् तथा वरिपरि गोलाइमा बत्तीस खाँच-खण्ड छन्। चार हारका जम्मा एक

सय अट्ठाइस खाँच (पहल) छन्। यी प्रत्येक हवेलीका चारैपट्टि बगैंचा, नहर-चेहेबच्चा फुहारादिका विचित्र कलादिले भरपूर सड़कादि विद्यमान छन्। यहाँ अकथनीय शोभा-सामग्रीका अपरम्पार विस्तृत विस्तार छ।

## बड़ी रांग - असीसन्धि

यो बड़ी रांग नामको किल्ला तथा दुर्ग हो। यसले पच्चीस पक्ष श्रीपरमधामलाई बाहिरपट्टिबाट किल्लारूपमा घेरेको हुनाले नै यसलाई बड़ी रांग भनिएको हो। यसको चौड़ाइ साढ़े बाह्र करोड़ योजनको छ औ अल्गो पनि साढ़े बाह्र करोड़ योजन नै छ। यहाँका महल-इमारतहरू, जमीनदेखि भोम भरको अल्गो गोलावृत चौतरामाथि झल्झलाकाररूपले जगमगाइरहेका छन्। यो रांगको गोलाइमा जम्मा बत्तीस पहल-पाटा छन्। प्रत्येक पाटाका दोसाँधमा गगनचुम्बित अति नै विशाल गोलपाटादार गुर्जहरू जाज्वल्यमान भइरहेका छन्। जसरी बत्तीस पहल भित्रपट्टि जाज्वल्यमान छन् उसरी नै सामुन्ने बाहिरपट्टिपनि प्रकाशमान छन्। यसका भित्र-बाहिर दुवैपट्टिका किनारमा आसमानसम्मका अल्गा गुर्जहरू डोरीबन्ध लाइनबद्ध आमुन्ने-सामुन्ने गोलावृत घुमेका अति नै सुमनोहर लाग्दछन्। यिनका शोभा-सुन्दरता अकथनीय छन्। यी गुर्जहरूका बीच-बीचमा महल-इमारतका बत्तीस पहल स्थित छन्। यी प्रत्येक पहलमा बाह्र-बाह्र हजारका बाह्र हजार हार लाइनका लाइन, पंक्तिका पंक्ति शोभायमान छन्। एक भोममा

चौध करोड़ चालीस लाख हवेली छन्। यी हवेलीका भोम-तलापनि उपराउपर बाह्रहजार भोम नै गएका छन् अर्थात् यहाँ महाकोसको हिसाबले, एक-एक कोशको ऊचाइ-अल्गाइमा बाह्र हजार भोम हुन्छन्। यस्ता भोम बाह्र हजार भोम अल्गो बड़ी रांगका हवेली छन्।

उक्त प्रत्येक हवेली भित्र अनन्त महल, एक-एक महलभित्र अनन्त मंदिर, एक-एक मंदिरभित्र अनन्त कोठरी छन् तथा प्रयेक हवेली, महल, मंदिर तथा कोठरीका मध्यभागमा चौतरा सुशोभित छन्। प्रत्येक चौतराको चौतर्फी किनारमा थंभ, थंभमा मेहेराब औ मेहेराबमा हिण्डोलादिका अपार-अकथनीय शोभा भइरहेकाछन्।यी हवेली महलादिका साथ-सथै अनन्त बन-बगैंचा, अनन्त नहर, अनन्त चेहेबच्चा, फुहारादिले यहाँ यत्र-तत्र सर्वत्र पूर्णात्पूर्णका पूर्ण शोभा विद्यमान गराइरहेकाछन्।

यो रांग हवेलीका बत्तीस खाँचा-पाटा तथा खण्डका बीच-बीचमा आठ सागर र आठ क्षिति-भूखण्ड विद्यमान छन्। आठ दिशामा आठ सागर उर्लिरहेकाछन् त आठ सागरका बीच-बीचमा अष्ट क्षिति सुशोभ्यरूपले प्रकाशमानछन्। यस प्रकार बत्तीस पहलमध्ये सोह्र पहलमा रांगका हवेली जगमगाइरहेका छन् औ सोह्र पाटामा सागर र क्षिति अपाररूपले शोभायमान छन्। उक्त सोह्र पहलमा स्थित सागर र क्षिति यसप्रकार छन्। जस्तै दुइटा सागरका बीचमा एउटा क्षिति औ दुइटा क्षितिका बीचमा एउटा सागर उर्लिरहेको छ। पुनः समुद्र-

क्षितिका बीच-बीचका सोह्र पहलमा रांग हवेली अपार शोभायुक्त घुमेका छन्। यसरी आठ पहलमा सागर, आठ पहलमा क्षिति औ सोह्र पहलमा हवेलीका अपरम्पार शोभाले पूर्णत्पूर्ण शोभायमानछन्।

## असी सन्धि तथा दिवाल-पर्खाल

बड़ी रांग अन्तर्गत असी सन्धिमध्ये बत्तीस सन्धि-पर्खाल भित्रपट्टि छन् औ बत्तीस सन्धि बाहिरपट्टिका तथा सोह्र दिवाल मध्यमा जम्मा असी सन्धि-पर्खालभित्र हवेली छन्। यी प्रत्येक दिवाल-पर्खाल भित्र बाह्र-बाह्र हजार हवेलीका बाह्र-बाह्र हजार पङ्क्ति अकथनीयरूपले सुशोभित छन्। भित्रपट्टिका जो बत्तीस सन्धि छन्, यी प्रत्येक सन्धिमा बाह्र हजार चाँदनी चोक (आँगन) छन् औ प्रत्येक चाँदनी चोकमा हरा-लाल वृक्ष छन्। यी वृक्ष प्रत्येक हवेलीको पहरेदारका रूपमा चौकीदार गरिरहेका झैं देखिन्छन्। यसरी नै बाहिरपट्टि पनि बत्तीस सन्धि गोलावृत घुमेका छन्। अर्थात् उक्त कथितरूपले प्रत्येक सन्धिमा बाह्र-बाह्र हजार चाँदनी चोक तथा प्रत्येक चाँदनी चोकमा हरा-लाल वृक्षका अवर्णनीय शोभा भरपूर भइरहेको छ।

## मध्य भागको सन्धि (टापू महल)

बत्तीस पहलयुक्त बड़ी राँगको हद्ध भित्र बीचभागमा यहाँ अष्ट-समुद्र औ अष्ट-क्षिति जुन गोलावृताकारमा घुमेका छन्। यी प्रत्येक समुद्रको तेस्रो बीच भागमा अथाह गहिरो समुद्र भित्रबाट बाह्र हजार

टापूमहलका बाह्र हजार पङ्क्ति जलजवत् जलकमल सदृश सुन्दरता बढ़ाइरहेका छन्। यहाँ प्रत्येक टापूमहलको चारैपट्टि अति गैह्रो साथै विस्तृतरूपले सागरमा पानी भरपूर छ। चौतर्फी भरपूर गहिस्याइको साथमा सागर भएको तथा सागरको मध्यभागमा महल हुनाले यी महललाई टापू महल भनिन्छ। यहाँ एक महलदेखि दोस्रो महलमा तथा एक टापूदेखि दोस्रो टापूमा ओहोर-दोहोर, आउनु-जानुको निमित्त अप्राकृतिक कलायुक्त विभिन्न शोभाले भरपूर अन्तर्यामी एवं चैतन्य तरणी-नावादि छन् त अकाशीमार्गबाट आउनु-जानुलाई पनि जहाज-सुखपालादि साधन सेवामा सदैव समुपस्थित छन्। यी टापूमहलका उपराउपर बाह्र हजार भोम-तला शोभायमान छन्। यहाँका महल एक दोस्रोमा मिलेका छैनन् अलग-अलग छन्। यी महलकामाथि चाँदनी पनि अगल-अलग नै छन्। प्रत्येक टापूमहल अथवा चौध करोड़ चालीस लाख टापू महलका चाँदनी पनि चौध करोड़ चालीस लाख नै छन्। एक-दोस्रो चाँदनीमा जानु-आउनुको निम्ति आकाशीमार्गका चैतन्य जहाज-सुखपालादि साधन तयार छन्।

यहाँ टापूमहलका चाँदनीबाट तल हेर्दा, महलका चारैतर्फ समुद्रमा सुमनोहर पानीका लहरी-बाढ़का बाढ़ तथा विभिन्न प्रकारका छाल छचल्किदै उर्लिरहेका देखिन्दछन्। यो दृश्य अत्यन्तै सुमनोहर लाग्दछ। उसै गरी माथि चाँदनीमा पनि विभिन्न प्रकारका महोद्यानमा अनन्त पुष्प-परागको सौरभमण्डलले सहसा सजिलै सँग मन आकर्षित

गर्दछ। यहाँ यावत् प्रकारका सुमनोहर आनन्दप्रद शोभा-श्रृंगारपूर्ण सामग्रीहरू अवर्णनीय छन्। यी टापूमहलका चौदिशामा हरा-लाल वृक्षसहित चाँदनी चोक अति शोभायमान छन्। यहाँ टापूमहलका चाँदनीमा उभिएर चारैतिर नजर लगाउँदा छ्यानब्बे हजार हरा-लाल वृक्षका सहित अठचालीस हजार चाँदनी चोकले चारैतिरबाट टापूमहललाई जाज्वल्यमान गराइरहेको मनोहर शोभा देखिन्दछ। यहीं भोम भर अल्गोमा दिवालसँग जोड़िएका प्रत्येक दरबाजाका दुवैपट्टि दुइटा चौतरा छन्। अठचालीस हजार दरबाजाका छ्यानब्बे हजार चौतरा सुदिव्यरूपले सुशोभित छन् औ चाँदनी चोकदेखि भोम भरको अल्गो सिंढ़ीद्वारा माथि चौतरानेर पुगेर हेर्दा बाह्र हजार महलका बाह्र हजार हार जगमगाइरहेकाछन्। यी प्रत्येक महलभित्र '**कयौं सूर्य एकैचोटी उदय भइरहेका छन्**' भन्ने श्रृति देवीको भनाइ साकाररूपमा प्रतक्ष भएको पाइन्दछ। उक्त विषय श्रीमुख वचनमा पनि यसप्रकार स्पष्ट गर्नु भएको छ कि - ''**अरस सूर कै एक महल में**'' यहाँका एक-एक महल मंदिरमा अनन्त कोटि सूर्यका प्रकाशपुञ्जले पूर्णात्पूर्ण शोभायमान छन्।

## अष्ट क्षिति -भूखण्डका समूह वर्णन

बड़ी दुर्गका दुइपट्टि किनारका बत्तीस-बत्तीस सन्धिका बीचमा जो सोह्र दिवाल (सन्धि) छन्। यी सोह्रका पनि बीच-बीचमा आठ

प्रकारका भूखण्ड आठैदिशामा विद्यमान छन्। यी प्रत्येक क्षिति खण्ड दुइपट्टिका समुद्रको भिन्ना-भिन्नै रंगले रंगिएर दुइभागमा विभाजित भएका छन्। आठै भूखण्डमा चैतन्य बनका कैयौं प्रकारका महलहरू शोभायमान छन्। यी प्रत्येक खण्डमा विभिन्न जानवर, पशु-पङ्खीका निवास स्थान तथा विहार स्थान छन्। यी स्थानहरूमा असंख्य पशु-पङ्खीगण आफ्तो-आफ्तो भाषामा श्रीराजश्यामाजीका भजन-कीर्तन, गुणानुबादका गान गरिरहँदछन् अर्थात् परस्परमा प्रेमको सौदा आदान-प्रदान गर्दछन्। यी प्रत्येक क्षितिका आठै दिशामा अनन्त अपार आनन्दप्रद आश्चर्य लाग्दा पदार्थहरू विद्यमान छन्। यी प्रत्येक क्षितिका चौदिशामा बाह्र-बाह्र हजार हवेलीका हरा-लाल वृक्ष सहितका बाह्र-बाह्र हजार चाँदनी चोक छन्। अर्थात् चौदिशाका जम्मा अठचालीस हजार चाँदनीचोक जगमग-जगमग जगमगाइरहेकाछन्।

उक्त प्रत्येक हवेलीका चारैदिशामा चार ठूल-ठूला द्वार शोभायमान छन्। यहाँ साना-साना पार्श्वद्वारका त हिसाब नै छैन् वेसुमार छन्। यहाँका हवेलीभित्रको विवरण विषय पहिल्यै संकेत गरिएको छ। जस्तो एक हवेलीको वर्णन छ उस्तै असी सन्धि औ टापूमहलका हवेलीको छ। यहाँ रांग महलातका दरबाजाको दुवैपट्टि दुइ-दुइवटा चौखुट्टे गुर्ज औ प्रत्येक दरबाजामा अनन्त आश्चर्य लाग्दो, विभिन्न श्रृंगारले सिंगारिएका मेहेराबादि शोभायमान छन्। यहाँ गुर्ज, मेहेराब, गुमट, स्वर्ण कलशादिका गोलावृत शोभा-श्रृंगारले अनौठो आश्चर्यमय

आनन्दप्रदान गरिरहेका छन्। यसप्रकार असी सन्धि-पर्खाल मध्ये रांगको बारिहपट्टि बत्तीस सन्धिका किनारको र भित्रपट्टिका बत्तीस सन्धिका किनारको यी दुवै किनारका हवेलीहरूमा भएका चौरस गुर्जहरूमाथि विभिन्न रत्न-मणिमय गुमट छन् यी गुमटहरूमा सुवर्णमय कलश, ध्वजा-पताकादि फहराइरहेका छन्। यहाँका यी गुर्ज, गुमट, कलश -ध्वाजादि अथाहरूपका अल्गा-अल्गा छन् कि- मान आकाशचुम्बित,गगनलाई नै अंगालिरहेका छन् जस्तो देखिन्दछन्। यहाँका यी आनन्दमयी शोभा आश्चर्यमय श्रृंगार तथा बनौट-वर्णन अगम्य अद्भूत यथातथ्य वर्णन हुन् अति नै असम्भव छ। यी शोभा, श्रृंगारयुक्त महल गुर्ज, मेहेराब, गुमट, कलश, ध्वजा-पताकादिका लाइनका लाइन, पङ्क्तिका पङ्क्ति अति नै मनाकर्षक-मनमोहकरूपले बत्तीस पहलमा गोलावृत गगनचुम्बित अल्गाइमा घुमेका छन्। यी श्रीपच्चीसपक्ष ब्रह्मपुरका असंख्य सैनिकरूपमा शोभायुक्त रक्षक नै किन् न होलान् भन्ने अनुभव हुन् कुनै असम्भव होइन्। यहाँको उक्त प्रकारका शोभा-सुन्दरता बनौट-वर्णनादि अकाट्य असम्भव * अवर्णनीय छ। यत्किंचित अनुभवगम्य मात्र सम्भव छ।

* माथि कथित पचास करोड़ जोजन विस्तारवाला अखण्ड-मण्डलाकार पच्चीस पक्ष श्री परमधामादि आठ-सागर जो छन्। यी आठ सागरको वर्णन अत्यन्तै गहिरो, भावनादेखिन् परेका, शब्द देखिन् पनि पर शब्दातीत-अगम्य-अथाह-अपार एवं बेजोड़ छ। यसै कारण

## अष्ट सागर-अष्ट क्षितिका क्रमशः वर्णन

बड़ी रांग-किल्ला अन्तर्गतको बीचभागका सोह्र दिवाल-पर्खालका बीच-बीचमा आठ सागर औ आठ भूखण्ड-क्षिति क्रमशः गोलावृत घुमेका छन्। यहाँ आठै दिशामा आठ सागर उर्लिरहेका छन् त अष्ट पहलमा आठ-क्षिति सुशोभ्यरूपले प्रकाशमान छन्। अत -

---

उपरोक्त विषयको वर्णन अकथ्य-अवर्णनीय तथा शक्ति-सामर्थ्य-क्षमतादेखिन् रहित छ। यस विषयमा अन्य साधारण जनहरूका तो वार्ता-कुराकानी नै के गरुं ? मुख्यतः ब्रह्मधामका अग्रगण्य आत्मा श्रीइन्द्रावतीज्यूलाई माध्यम बनाएर स्वयं महामति श्रीप्राणनाथजीको श्रीमुखका साङ्केतिक वचनमा यस प्रकारले इङ्गित-संकेतवत् आह्वान् गरिएको छ। जस्तो -

**अरस मता अपार है, दिल में न आवे बिना सुमार।**
**तार्थे ल्याऊं हिसाबके, ज्यों रुहें करें विचार।।**

- (सागर प्र. १ चौ.५६)।

अर्थ - श्रीपरमधामका यावत् साधन-सामग्री जो जति छन् अथाह-अपार-अगम्य छन्। उसको शब्दादिमा अङ्कित-चित्रित गरी औ गिनती-हिसाब-लेखोजोखोमा सीमित गरे बिना अथवा हिसाबमा बाँधे सिवाय धामका आत्माहरूका हृदयमा तथा दिल-दिमागमा कसरी धारणीय बनाउनु सकिने ? यसरी यो कार्य यस प्रकार अशक्त अथवा असाध्य हुन् कारण नै अपार-अथाह-असाध्यको साध्यमा तथा हिसाबमा

## नूरसागर

यो नूर (तेजोमय)सागर पूर्व अनि दक्षिणका बीचअग्नि कोणमा विद्यमान छ। यसको रंग श्वेत (सेतो-स्फटिक) छ। जस्तै-सेता वर्णका पशु-पङ्क्षी, श्वेत बन-वृक्षादि, सेता महलादि, पाँच तत्त्वादि सम्पूर्ण सेता वर्गका छन्। श्रीयुगलस्वरूप सखी समुदाय सहित दुइ प्रहर समयसम्म सैर-भ्रमणार्थ शुक्लपक्ष प्रतिपदाको दिन चौथो प्रहरमा यहाँ सवारी हुनु हुन्छ। दुइ प्रहर समय व्यतीत भए पछि पुनः श्रीनिजधाम मूल मंदिरमा सवारी वापस फर्किन्दछ।

## नूर-नीर मध्यस्थ क्षिति खण्ड

नूर सागर श्वेत स्फटिक रङ्गका र नीर सागर रातोरङ्ग (लालवर्ण) को हुनाले यी दुइ सागरका बीचको क्षितिको आधा खण्ड स्फटिक सेतो औ आधा खण्ड लालवर्णको छ। नूर सागरतर्फको अर्धभागमा पाँच तत्त्वादि सहित रूख-पात, पशु-पङ्क्षी यावत् पदार्थ सेतै-सेता

---

शब्दांकित गरी शब्द-अंकरूपी बन्धनमा बाँधेर अक्षरातीत धामको वर्णन व्यक्त गरिरहेको छु। जस्मा कि मेरा धामका आत्माहरू यो अमूल्य-अगम्य-अपार निधि-आत्मीय धन प्रति विचार-विवेक गरी अपनाउन तथा ग्रहण गर्नु सकून। अतः-

**अरस नहीं सुमारमें, सो हक ल्याये माहें दिल मोमन।**
**बेसुमार ल्याये सुमारमें, माहें आवने दिल रूहन।।**

-(सागर प्र.१ चौ. ५७)।

छन् त नीर सागरपट्टिका आधाभाग भूखण्डमा पाँच तत्त्वादि सहित बन-वृक्ष, पशु-पङ्खी सम्पूर्ण पदार्थ लालै-लाल शोभायमान छन्। यहाँका पशु-पङ्खी आफ्तो-आफ्तो भाषामा श्रीयुगलस्वरूप राजश्यामाजीका गुणानुबाद गाउँदछन्।

## नीरसागर

श्रीरंगभवनको सीधा दक्षिण दिशामा यो नीर सागर शोभायमान छ। यो सागरको रंग रातो (लाल) छ। यहाँ लालवर्णका पाँच तत्त्वादि महल, बन-वृक्ष राता, राता रंगले रङ्गित पशु-पङ्खी, यावत् पदार्थ लालै-लाल, छन्। यहाँ यो सागरमा श्रीयुगल स्वरूपका सवारी शुक्लपक्ष

---

अर्थ - श्रीपरमधाम पच्चीस पक्षको कुनै न सीमा छ न साँध नै छ। त्यो भूमिका नै असीम-अपार-अगम्य-अथाहरूपमा अवर्णनीय एवं अकथ्य छ। यस्तो ब्रह्मधाम-परमधामको यथार्थ ज्ञान धामधनीले स्व. ब्रह्मात्मा-प्रियतमाहरूका हृदय अन्तःकरणमा अङ्कित-धारण गराउने हेतु स्वयं ब्रह्मात्माहरूमा अग्रगण्य श्री इन्द्रावतीज्यूको हृदय-धामका स्वयं विराजमान भई, असाध्य-अपार वस्तुको सीमित साध्यमा अथवा हिसाब गिन्तीबद्ध गरी यथाशक्य प्रगट गरी बक्सनु भयो। यस प्रकारको असीम-अपार ब्रह्मधाम-स्वधामको वर्णनरूप अपार-अथाह तत्त्वको शब्द एवं अङ्कांकितमा अङ्कबद्ध-शब्दांकित गरेर हिसाबमा, गिन्तीमा लेखाजोखाको आधारमा सम्झाउनु भएको हो।

पुनः उक्त धामका बासिन्दा मुख्य ब्रह्मात्माहरूमा पनि विदूषी

द्वितीया तिथिको दिन आउँदछ। समस्त सखी समूहका साथमा श्रीराजश्यामाजी यहाँ दुइ प्रहर समय व्यतीत हुइञ्जेलसम्म अनेकौं प्रकारका लीला-बिहार गरी श्रीनिजधाम मूल मंदिरमा शयनार्थ फर्कनु हुन्छ।

## नीर-क्षीर बीचको क्षिति-भूखण्ड

नीर सागरपट्टिको अर्धभाग क्षिति खण्ड रातो वर्णको छ औ क्षीरसागरको वर्ण पहेंलो हुनाले क्षीर सागरतर्फको आधाभाग क्षितिखण्डको वर्ण पहेंलो छ। लाल वर्णवाला खण्डमा पाँचतत्त्व सहित सम्पूर्ण पशु-पङ्क्षी, रूख-पात, बन-वृक्षादि रातै-राता रङ्गका छन् त पहेंलो वर्णको भूखण्डका यावत् पदार्थ पहेंलै-पहेंला रंगमा रंगिएका सुशोभनीय छन्।

## क्षीरसागर

यो सागर दक्षिण अनि पश्चिम दिशाका बीच नैऋत्य कोणमा विद्यमान छ। यसको वर्ण पहेंलो छ। यहाँ पहेंला रङ्गले रङ्गित बन-वृक्षादि, पहेंला रंगका नै पशु-पङ्क्षी, पहेंलावर्णमा सिंगारिएका महलादि, पहेंलो

---

नवरंगबाईले पनि यस जटिल विषयको निम्नोक्त प्रकार आफ्नो विचार-विमर्श तथा स्व-अनुभव व्यक्त गर्नु भएको छ। जस्तो -

**अपार अपार करी जो कहे, तो आवे नहिं बुद्धि माहे।**
**तो गिनती करी सबे, कही धनीने आंहे।।**

- (नवरंग)।

आकाश, पहेंलो वायु, पहेंलो अग्नि, पहेंलो पानी, पहेंलो नै पृथ्वी सम्पूर्ण पदार्थ पहेंलै-पहेंला शोभायमान छन्। यहाँ शुक्लपक्ष तृतीया तिथिको दिन चौथो प्रहरमा श्रीराजश्यामाजी समस्त सखी समूह सहित दुइ प्रहर समयसम्म यहाँ लीला-बिहारको निमित्त सवारी आउँदछ। एक प्रहर रात व्यतीत भए पछि सवारी श्रीमूलमंदिरमा वापस फिर्दछ।

## क्षीर-दधि मध्यको भूभाग

क्षीर सागर पहेंलो वर्णको औ दधि सागर हरियो रंगको छ। यसकारण यी दुइटा सागरका बीचको क्षिति पहेंलो र हरियो दुइ रंगले रंगित छ। क्षीर सागरतर्फको आधाभाग भूखण्ड सहित यहाँका बन-वृक्ष, पशु-

---

अर्थ - श्रीपरमधाम पच्चीस पक्षको वास्तविक विवरणादि सम्झाउनुको निमित्त यदि कोही-कुनै व्यक्ति त्यो धाम त अपार छ, अपार छ, असीम बेजोड़ छ, अपार बेसुमार छ, भन्दै-दोहराउँदै गयो भने, सम्झनेवाला व्यक्तिको दिमाग तथा दिलले के सम्झिन्छ औ धारण गर्नु लिइँन सक्दछ ? किनभने श्रीपरमधाम पच्चीसपक्षको वर्णन अगम्य-अपार-अथाह एवं शब्दातीत-भावातीत, अपरम्पार तत्त्व विषय वस्तुको वहाँ कै ब्रह्मात्माहरुका दिल दिमागमा भराएर-बसाएर त्यही वर्णन ज्ञानाधार त्यहाँ, उनीहरूका सुरता-आत्मा श्री स्व. परमधाममा फिराउनको निमित्त श्री धामधनीले अथाह-असीमित वस्तुको अथवा अगणितको गणितमा औ शब्दातीतको शब्दांकित गरी उस तत्त्व

पङ्क्षी, हावा-पानी, आकाशादि यावत् पदार्थ पहेंलै पहेंला छन् तथा दधिसागरपट्टिको क्षितिखण्डमा उसरी नै सम्पूर्ण पदार्थ हरियै-हरिया छन्। यहाँका पशु-पङ्क्षी आफ्ना-आफ्ना रंगमा रंगिएर आफ्नो-आफ्नो भाषामा श्रीराजश्यामाजीको गुण-गान गरिरहँदछन्।

## दधिसागर

श्रीपरमधाम रंगमहलको सीधा पश्चिम दिशामा यो दधिसागर उर्लिरहेको छ। दधि (दही) सागर हरियो वर्णमा शोभायमान छ। यहाँका बन-वृक्षादि, हरिया रंगका छन्। हरियो रंगमा नै रंगित पशु-पङ्क्षी

---

विषय-वस्तुको केवल मात्र इशारा गर्नु भएको हो। वहाँको यावत् पदार्थ तथा विषय वस्तु जो जति वर्णन गरिएको त, हे धामस्थ सुज्ञ सुन्दरसाथजी यो "वटशाखाचन्द्रवत्" न्याय अथवा वट-वीजवत् रूपमा सम्झनु हुनेछ। कारण श्रीपरमधाम पच्चीस पक्षको विस्तार त वट-वृक्ष झैं अपार-अथाह-असीम छ। यसै र म हजूरहरू सबैमा उक्त तत्त्व पच्चीस पक्ष परमधामको हृदयङ्गम गर्ने विषयमा कटिबद्ध भएर प्रयास गर्नु हुन्को लागि बारम्बार करबद्ध अनुरोध गर्दछु।

इति -

लेखक -

तथा यहाँका महलादि हरिया, पाँचौं तत्त्वादि सम्पूर्ण पदार्थ हरियो वर्णमा विद्यमान छन्। यहाँ श्रीयुगलस्वरूपको सवारी शुक्लपक्ष चतुर्थी तिथिको दिन चौथो प्रहरको शुरूमा आउँदछ। समस्त सखीगणका साथमा श्रीराजश्यामाजी दुइ प्रहर समयसम्म विभिन्न लीला-बिहार गर्नु हुँदछ। तत्पश्चात् सवारी श्रीमूलमंदिरमा फिर्दछ।

## दधि-घृतबीचको भूभाग

दधि-दही सागरतर्फको भूखण्ड आधाभाग क्षिति हरियो वर्णको छ त घृत सागरपट्टिको अर्धभाग क्षिति आसमानी रंगको शोभायुक्त छ। हरियो रंगको क्षितिखण्डमा पाँच तत्त्व सहित बन-वृक्ष, पशु-पङ्खी सम्पूर्ण पदार्थ हरिया छन् तथा आसमानी वर्णको क्षितिखण्डमा उसरी नै यावत् पदार्थ आसमानी रंगमा नै सुशोभ्य भइरहेका छन्।

## घृतसागर

यो घृत सागर पश्चिम-उत्तरकाबीचको वायब्य कोणमा स्थित छ। घृत सागर निलो-आसमानी वर्णमा शोभायमान छ। यहाँ सम्पूर्ण पदार्थ निला रंगका छन्। यहाँ आकाश निलो, बन-वृक्ष, निला रंगका, पशु-पङ्खी पनि निला नै वर्णका छन्। महल-मंदिर निला, निलो नै जमीन, निलो वायु, निलो पानी, निलो आकाशादि यावत् पदार्थ निलै-निलावर्णमा सुशोभनीय प्रकाशमान छन्। यहाँ शुक्लपक्ष पञ्चमी तिथिको दिन युगलस्वरूप श्रीराजश्यामाजीको सखी समुदाय सहित सवारी

आउँदछ। दुइ प्रहर समयसम्म तथा एक प्रहर रात व्यतीत हुइञ्जेलसम्म यहाँ विभिन्न लीला-क्रीड़ा, विहार-भ्रमणादि पछि सवारी श्रीनिजधाममा फर्किन्छ।

## घृत-मधु मध्यस्थ क्षितिखण्ड

घृत सागरपट्टिको अर्धभाग क्षिति खण्डको जमीन आसमानी-निलो रंगको छ, त मधुसागरपट्टिको आधाभाग जमीन श्याम रंगको शोभायुक्त छ। आसमानी रंगको जमीनमा पाँच तत्त्वादि सहित वृक्ष-लहरा-पातादि, पशु-पक्षी सम्पूर्ण निलै-निला वर्णमा छन् औ श्यामवर्णको जमीनका यावत् पदार्थ सहित बन-वृक्षादि, पशु-पङ्क्षी श्यामरंगमा रँगिएका रंङ्गीन वर्णमा शोभनीय छन्।

## मधुसागर

यो मधु सागर श्रीरंगभवनको सीधा उत्तर दिशामा स्थित छ। यो सागर श्याम वर्णको छ। श्रीपरमधाम तेस्रो भोमदेखिन् दैनिकको भ्रमण क्रममा शुक्लपक्ष षष्टी तिथिको दिन चौथो प्रहरमा यहाँ श्रीयुगलस्वरूप सखीगण सहित भ्रमणमा आउनु हुन्छ। यस सागरको सुमनोहर सुन्दरतापूर्ण रमणीय स्थानमा दुइ प्रहर समयसम्मन् विभिन्न लीला-विहार पश्चात् सवारी श्रीधाममा वापस फर्किन्छ। यस सागरका सम्पूर्ण पदार्थ श्याम रंगको शोभायमान छन्। बन-वृक्ष श्याम, पशु-पङ्क्षी श्याम, जमीन-महलादि पाँचै तत्त्व सामग्री यावत् श्यामवर्णमा सुशोभ्य छन्।

## मधु-रससागर बीचको क्षितिखण्ड

मधु सागर श्याम रंगको हुनाले मधु सागरपट्टिको क्षितिखण्ड श्यामवर्णमा शोभायमान छ। यसको सामुन्ने आधाभाग रससागरतर्फको क्षितिखण्ड दश रंगयुक्त छ। श्यामवर्णको क्षितिभागका पाँच तत्त्वसहित बन-वृक्ष, पशु-पक्षी सम्पूर्ण श्याम रंगमा रंगिएका छन् औ दश-रंग युक्त रससागरतर्फको अर्धभाग क्षितिका यावत् पदार्थ दशरंगयुक्त शोभनीय छन्।

## रससागर

यो सागर उत्तर अनि पूर्वको बीच ईशान कोणमा उर्लिरहेको छ। रससागरमा विभिन्न दश रंग विद्यमान छन्। यहाँका यावत् पदार्थका कण-कणमा दश रंग शोभायमान छन्। महलहरू पनि दशरंगका नै शोभायमान छन्। पाँच तत्त्वका प्रत्येक तत्त्वमा दश-दश रंग विद्यमान छन्। यहाँ युगल स्वरूप श्रीराजश्यामाजी सहित सखीगणहरूको सवारी शुक्ल पक्ष सप्तमी तिथिको दिन हुँदछ। यहाँका महलादिमा दुइ प्रहर समय व्यतीत भइञ्जेल यहाँ अनेकौं प्रकारका लीला-क्रीड़ा, नाच-गान, भजन-कीर्तनादि पश्चात् सवारी श्रीनिजधाम मूलमंदिरमा शयनार्थ फर्कन्दछ।

## रस-सर्वरस सागर बीचको भूखण्ड

रस सागर दश रंगयुक्त छ त सर्वरस सागर अनन्त रंगपूर्ण छ। यसै र यी दुइ सागरबीचको क्षिति पनि उक्त सागरका गुण युक्त दुइ

भागमा विभाजित छ। रस सागरपट्टिको आधाभाग जमीन दशरंगयुक्त शोभायमान छ त सर्वरस सागरपट्टिको अर्धभाग क्षिति अनन्त रंग पूर्ण शोभनीय छ। अर्धभाग क्षितिखण्डमा पाँच तत्त्वादि पशु-पङ्क्षी, बन-वृक्षादि दशरंगका सुशोभ्य छन् त सामुन्ने आधाभाग भूखण्डका पशु-पङ्क्षी, बन-वृक्षादि यावत् पदार्थ अनन्त रंगका शोभायुक्त सिंगारिएका छन्। यहाँ शोभा-सुन्दरताको पार छैन् अपार अवर्णनीय अनौठो आनन्ददायी दृश्यादि देखिन्छन्।

## सर्वरससागर

श्रीरंगमहलको सीधा पूर्व दिशामा अनन्त लहर-तरङ्गादि सहित सर्वरस सागर, सर्वरंग तथा सर्वगुणयुक्त शोभायमान छ। यहाँका बन-वृक्षादि सर्वरंग सम्पन्न छन्, अनन्त रंगयुक्त पशु-पङ्क्षी, अनन्त वर्णयुक्त महलादि तथा विभिन्न रंगका जमीन, सम्पूर्ण रंगका आकाश, सबै रंगयुक्त वायु,अनन्त रंगले पूर्ण पानी अर्थात् यहाँका यावत् पदार्थ अनन्त रंगले रङ्गित पूर्णात्पूर्ण शोभायमान छन्। शुक्लपक्ष अष्टमी तिथिको सयल-भ्रमणमा यस सागरमा सवारी आउँदछ। श्रीयुगलस्वरूप सखी समुदायका साथमा यहाँ शोभनीय हुनु हुन्छ। दुइ प्रहर समयसम्म बन-भोज, नाच-गान, जल-क्रीड़ा, बन-विहार तथा विभिन्न लीला पश्चात् सवारी श्रीनिजभवनमा शयनार्थ फर्किन्दछ।

## सर्वरस-नूर सागर मध्यको क्षितिखण्ड

सर्वरस सागरपट्टिको क्षितिखण्ड सर्वरंगयुक्त जमीन, पाँच तत्त्वादि

बन-वृक्ष, पशु-पङ्क्षी, महलादि यावत् पदार्थ सर्वरंगवाला छन् त नूर सागरपट्टिको अर्धभाग क्षितिखण्डमा स्वेत जमीन, स्वेत पाँचै तत्त्वादि, स्वेत बन-वृक्षादि, सेता रंगका पशु-पङ्क्षी, सेता वर्णका महलादि सम्पूर्ण पदार्थ सेता स्फटिकवर्णका शोभनीय छन्। यसप्रकार उक्त अष्ट-क्षिति; दुइ-दुइ रंगमा विभाजित तथा रङ्गिएका अति शोभायुक्त भएर सागरका साथ-साथै गोलावृत घुमेका छन्। अष्ट-क्षितिका बीच-बीचमा आठ सागर आफ्नो-आफ्नो नामानुसार गुणयुक्त पूर्णताका साथ आठै दिशामा अति शोभनीयरूपले उर्लिरहेका छन्।

उक्त आठ सागरका अन्तरंग औ बहिरंग वर्ण तथा गुण अपरम्पार छ। यी आठै- सागर श्रीयुगलस्वरूपका अंगभूत छन्। अतः-

**नूर नीर क्षीर दधिसागर**
**घृत मधु एक ठौर।**
**रस सर्व-रस सागर**
**विना सखियाँ न पावे कोई और।।**

-(श्रीमुख वचन)।

अक्षरातीत पूर्णब्रह्म श्रीराजजी महाराजका अष्टांग स्वरूप यी आठ सागरमा-श्रीराजजीको प्रकाशस्वरूप नूर सागर, शोभास्वरूप नीर सागर, एकदिलीस्वरूप क्षीरसागर, श्रृंगारस्वरूप दधि सागर, प्रेमस्वरूप घृत सागर, ज्ञानस्वरूप मधु सागर, सम्बन्धस्वरूप रस-

सागर औ दयास्वरूप सर्वरस-सागर छन्।

यी अष्ट-सागरका गुण प्रवर्धक-प्राधान्यता अनुसारको मान्यतामा प्रकाशको, श्रृंगारको, ज्ञानको अनि दयाको सागर श्रीराजजीमहाराजका अनि शोभाको, एकदिलीको, प्रेमको औ सम्बन्धको सागर श्रीश्यामाजी महारानीका अंगभूत मानिएका छन्। उक्त श्रीमुख वचन "**विना सखियाँ न पावे कोई और**" द्वारा गहनता विषयको महत्त्व स्पष्ट छ, कि-अंगी-अर्धाङ्ग-अंग विषयका अधिकारी आत्मा सिवाय अक्षरातीत श्रीपच्चीस पक्ष परमधाम अर्न्तगत को अन्तरंग सुखानन्दमय, ब्रह्मानन्द अलभ्य-अप्राप्य देखिन्दछ। अतः-

## आठ सागरका रहस्यमय (वास्तविकता)

**अगिन इसान लाल नूर, पीत नीर रंग दखिन।**
**नैरित खीर नीला रंग, दधि सेत पछिम रोसन ।।५६।।**

- (परिक्रमा प्र. ४३/५६)।

उपरोक्त उद्धृत चौपाईमा आएका चार सागरहरूमा पनि पूर्व र दक्षिणका बीच अग्निकोनाको औ उत्तर र पूर्वका बीच ईशान कोनाको यी दुवै कोनामा भएका सागरका क्रमशः वास्तविक रंग सेतो (श्वेत) र दस रंगवाला छन्। परन्तु उभय सागरमा एउटै रातो (लाल) रंगको आभा झल्किरहेको छ। पुनः दक्षिण दिशामा स्थित नीर सागरको वास्तविक रंग रातो (लाल) हो; किन्तु यस सागरमा पहेंलो रङ्गको

आभा देख्नमा स्पष्ट आउँदछ। अतः नैऋृत्य कोणमा विद्यमान क्षीर सागरको पनि वास्तविक रङ्ग पहेंलो हो तर यसमा पनि हरियो रंगको मनमोहक रूप झल्झलाइरहेको छ। अब फेरि सीधा पश्चिम दिशामा स्थित दधि (दही) सागरको वास्तविक रंगमा पनि सेतो रंगको आभा चम्चमाइरहेको छ। यस्को पनि वास्तविक रङ्ग त हरियो हो तर सेतो (श्वेत) झल्किरहेको छ।

**घृत वाइव बल स्याम रंग, आसमानी मधु उतर।**
**दस रंग अमृत ईसान, रस पूरब रंग सरभर ।।५७।।**

- (परिक्रमा. प्र. ४३/५७)।

उक्त प्रकारले पश्चिम औ उत्तरका माझ वायब्य कोणमा शोभायमान घृत (घीउ) सागरको वास्तविक रंग हिरयो (आसमानी) हो परन्तु उसमा श्याम (कालो) रङ्गको आभा झल्कारगरिरहेको छ त उत्तर दिशामा स्थित मधु सागरको वास्तविक कालो (श्याम) रङ्गमा पनि हरियो (आसमानी-नीलो) रंग को आभा अर्थात् झलक झल्झलाहट भइंरहेको छ। पुनः जसरी ईशान कोणको रस सागरमा वास्तविक दश रंग अत्यन्तै सुहावनारूपले सुशोभित भइरहेछन्, उसरी नै बिलकुल पूर्व दिशा स्थित सर्वरस सागरको पनि वास्तविक रङ्ग नै बहुरङ्गी अनेकौं बहुरूपी रंग छन्। ती रंग अनेकौं प्रकारले अधिकाधिक रूपमा अति नै सुशोभित भइरहेको छ।

माथिको उद्धृत गरिएका दुइटै चौपाईमा श्रीपरमधामका आठै

सागरका रङ्ग एक-अर्का सागरमा परेर वास्तविक रङ्ग बदलिएका विषयमा वर्णन गरिएको छ। यी सागरका रङ्ग बदलने विषयका वास्तविक तात्पर्यता अथवा कारण श्रीराज्जीका प्रियतमा-ब्रह्मप्रियाहरूका यहाँ जागनी-ब्रह्माण्डमा आत्मा-जागृति विषय सम्बन्धित छ। यी विषय-वस्तुलाई यसरीतले सम्झनु किंवा ज्ञात गर्नुमा लाभदायक छ।

अत: अक्षरातीत श्रीपरमधामको पूर्व-उत्तर दिशाको मध्य ईशान कोणमा स्थित रस सागर बाह्र हजार ब्रह्म-प्रियात्माहरूका प्रियतम श्रीराज्जी सँगका सम्बन्धको सागर हो। किनभने सम्बन्ध सब तरफ देखिन अथवा दशैदिशा देखि हुन्छ, यस कारण दश रङ्ग रससागर मा छ। पुन: अग्नि कोणमा स्थित जुन नूर सागर छ, त्यो सागर प्राणवल्लभ श्रीराज्जीका जोशको सागर हो। यसको वास्तविक रङ्ग, स्फटिक श्वेत-सेतो छ। पुन: दक्षिण दिशामा अति चञ्चलवत् उर्लिरहेको नीरसागर ब्रह्मात्मा-बाह्र हजार सखीहरूका प्रकाशमय शोभाको सागर हो। यसको पनि वास्तविक रङ्ग रातो (लालवर्ण) छ।

अक्षरातीत ब्रह्मात्माहरूमा जब असत्-जड़-दु:ख रूप् नश्वर जगन्नाटक देख्ने इच्छा उत्पन्न भयो, उसै क्षण तुरुन्तै नीर सागर का वास्तविक रातो (लाल) रङ्ग उनीहरुमा इच्छा हुँदै नीर सागरको आभा रस सागरमा पऱ्यो। तब रस सागरको रङ्ग तुरुन्तै रातो भई हाल्यो। प्राणप्यारे प्रियतम श्रीराज्जीका जोशलाई आफ्तो प्रियतमा-अङ्गनाहरूका प्रेमपूर्वक खेल देख्ने विषयको उत्कट इच्छापूर्ण प्रस्ताव

(माग) सुन्दै उनीहरूका मनोवाञ्छित खेल देखाउने विषयमा अति उग्र चिन्ता हुन् लाग्यो। यसप्रकार श्रीराज्जीका जोश चिन्ताग्रस्त हुन् कारण नै वास्तविकतापूर्ण नूर सागरको स्फटिक सेतो रङ्गमा नीर सागरको लालिमायुक्त रातो वर्णको झल्कार झल्कन थाल्यो। किनभने खेल देख्ने विषयको प्रेमाग्रहमा सम्बन्धको पूर्णात्पूर्ण दावा थियो।

श्रीधामधनी प्रियतमका जोशले यहाँ जागनी-ब्रह्माण्डमा प्रियतमा-ब्रह्मप्रियाहरूका सुरताको तारतम ज्ञानद्वारा जागृतगरी आफ्नो प्रियतमसँग मिल्नुको निम्ति आत्मीय दिलमा एकात्मभाव-एकदिली हुनमा अति नै आवश्यक छ भन्ने अवगत गरायो। यो रहस्यपूर्ण आवश्यकता विषय जानकारी हुँदै एकात्म-भाव द्योतक क्षीर सागरको वास्तविक पहेंलो (पीला) रङ्गको आभा कान्तिपूर्ण झल्झलाकार नीर सागरमा लहराउन थाल्यो तथा क्षीर सागरको पहेंलो रंगमा पनि दही (दधि) सागरको वास्तविक हरियो रङ्गको चमक (आभा) उमड़न थाल्यो। यो तेस्रो जागनी ब्रह्माण्डमा ब्रह्मात्मा-प्रियतमाहरूमा वेशक तारतम ज्ञानको अविकल्प समझ-सहूर प्राप्त हुने वित्तिकै यस कुराको ठोस ज्ञान भयो कि-आफ्ना प्रियतम साथ मिल्नुको लागि पूर्वका शाश्वत प्रेमका सिंगार हुनुमा अति नै आवश्यक छ। किनभने, प्रेमास्पद (प्रेमस्वरूप-रसै सः ब्रह्मः) परमात्मा स्वरूप प्रियतम सँगका मिलान, बिना प्रेम सम्भव नै हुन्छ कसरी? यो जान्दै तुरुन्तै प्रियतमाहरू वास्तविक पूर्वका शाश्वत प्रेमका सिंगारमा आभूषित भए।

अब उक्त वर्णित आठ सागर मध्य वायब्य कोनामा जुन प्रेमको

प्रतीकरूपमा घृतको (घीउ) सागर छ। यो सागरको वास्तविक नीलो (आसमानी) रङ्गमा ज्ञानको प्रतीकरूप मधु सागरको वास्तविक श्याम (कालो) रङ्गको आभा अति दीप्तिरूपले झल्कन लाग्यो।

उक्त कथित प्रकारले ज्ञान औ प्रेम दुवै एकाकार भै गए। किनभने, यी कुरा अकाट्य हुन् कि - आत्म जागृतिको निमित्त यी दुवै अति नै आवश्यक छन्। कारण के त भने यो तेस्रो जागनी-ब्रह्माण्डमा त मूल श्रीपरमधाममा गरिएका मूलेच्छा जो जति सुकै व्रज-रासमा अवशेष रहेका छन्, ती सबैका समाप्ति हेतु यहाँ अविकल्प एवं वेशक तारतम ज्ञान प्राप्त भयो। यो वेशक ज्ञानाधार ब्रह्मप्रियाहरू अर्थात् श्री राज्जीका प्रियतमा सखीहरू यहाँ प्रेम औ ज्ञानका प्रतापले आफ्ना-आफ्ना परात्माको चिन्तन गर्नु थाले। जस्मा कि उनीहरूलाई आफ्नो मूल पूर्व सम्बन्धको यथार्थ आत्म-बोध भयो; तब तुरुन्तै आत्मा जागृत भई आफ्ना प्राणवल्लभा, प्राणप्यारा धनी श्रीराज्जीको अपार कृपा-दया को अनुभव गर्दै अति गद्‌गद् भई धनी प्रति आभार मान्न लागे। यो जागनी-ब्रह्माण्डका महत्त्व विषय जाज्वल्यमान प्रत्यक्षताको प्रतिफल हो!

अर्थात् -

**"इत ही बैठे घर जागे धाम ,**
**पूरन मनोरथ हुए सब काम" ।**

अब उप्रान्त यो विचारणीय बात छ कि - यस्ता आत्माहरू आफ्नो-

आफ्नो पञ्चभौतिक शरीर परित्याग भए पछि कहाँ जान्छन ? उपरोक्त प्रकार आत्मीय सम्बन्ध विषय स्वात्माको निश्चय निमित्त पनि ज्ञान वृद्धिको उद्योग अनिवार्य स्पष्ट छ। यस विषयमा सबैलाई विचार-विवेक गर्नु हुनको लागि करबद्ध अनुरोध गर्दछु। इति -

प्रणाम् — इति, शुभमस्तु -



# ''कृष्णपक्षमा''

(श्रीधामका सखीहरू सैर गर्नु कहाँ-कहाँ जाँदछन् ?)

श्री राज चरणको ध्यान गरौं है, धाम धनी मेरो प्रियतम को !
प्राण पति मेरो जीवनको !!
श्री राज्जीको कोमल चरणको !!!

प्रतिपदाको श्रीराज्जी सँग, पाटघाटमा हामी खेल्दछौं ।
दूजको तिथिमा वटघाटको, ठूल्ठूला झूलामा झूल्दछौं ॥१॥

तिथि तीजको अति सुमधुर, कुंज निकुंज वन घुम्नेछौं ।
फूलबागमा चौथी तिथिको, फूलका मग-मग बास्ना लिनेछौं ॥२॥

पंचमी तिथि पश्चिम चौगान, हुनेछौं सवारी पशु-जानवरमा ।
षष्ठी तिथिको हेर्दछौं खेल, ताड़वन लालचौतरामा ॥३॥

बड़ावनका चौकमा सप्तमी, पिठ्यूंमाथि हात्तीका झूल्दछौं ।
अष्टमी मधुवन-महावनका, ठूलो-लामो झूलामा भूल्दछौं ॥४॥

घुम्ने तरहटी पुखराजको, नवौं तिथिको दिन जाँदछौं ।
दशमी हामी श्रीराज-श्यामाजी, पुखराजी चाँदनीमा घुम्दछौं ॥५॥

पुखराजी ताल एकादशीमा, पुग्दछौं हामी नाच्दै र गाउँदै ।
द्वादशी तिथि त बंगलामा, मोज-मजा गर्दछौं हाँस्दै-खेल्दै ॥६॥

त्रयोदशी तिथिको त हामीहरू, खेल्दछौं कुण्डमा अधबीचको ।
ढप्पा चौतरा अनि मूलकुण्ड, पुग्दछौं हामी चतुर्दशीको ॥७॥

पक्ष अन्तिम दिन अमावस, जाँदछौं चाँदनी केलपुलको ।
यै रीतले सँधै कृष्ण-पक्षमा, आउँदछौं हामी घुमी-फिरी घरको ॥८॥

श्री राज चरणको ध्यान गरौं है, धामधनी मेरो प्रियतमको !
प्राण पति मेरो जीवनको !!
श्रीराज्जीको कोमल चरणको !!!

- प्रणाम्



# ''शुक्लपक्षमा''

(श्रीधामका सखीहरू सैर गर्नु कहाँ-कहाँ जाँदछन् ?)

श्री राज चरणको ध्यान गरौं है, धाम धनी मेरो प्रियतम को !
प्राण पति मेरो जीवनको !!
श्री राज्जीको कोमल चरणको !!!

श्री धामधनी सँग प्रतिपदा तिथि, जाँदछौं हामी नूर सागरमा ।
दूज तिथिको नीर सागरमा, घुम्दछौं फिर्दछौं है आनन्दमा ॥१॥

जाँदछौं हामी तीज तिथिमा, एकदिली क्षीरसागरमा ।
दधि सागरको अतृप्त शोभा, घुम्दैहेर्दछौं तिथि चौथमा ॥२॥

पञ्चमी तिथि घृत सागरमा, श्रीराज-श्यामा र हामी जाँदछौं ।
मधु सागरको षष्ठी तिथिमा, मनमोहित दृष्य हेर्दछौं ॥३॥

सप्तमी तिथि त हामी सबै, रस सागरमा प्रेमलीला गर्छौं ।
अष्टमी तिथि पूर्व दिशा गई, सर्वरससागरमा तृप्त हुन्छौं ॥४॥

चार हार हवेली छोटी-रांग, नवमी तिथिमा गर्छौं प्रस्थान ।
दशमी तिथि राज-श्यामा साथ, वनकी नहरको सैर यो जान ॥५॥

एकादशीको पहाड़ माणिक, श्रीराज-श्यामाजी साथै जान्छौं ।
जब जबेरको नहरमा जान्छौं, द्वादशीमा अति सुख पाउँछौं ॥६॥

सँधैं त्रयोदशी तिथिमा हामी, चौबीस हाँस महलमा पुग्छौं ।
हौज-टापूको चाँदनीमा त, चतुर्दशीको शौक सँग बस्छौं ॥७॥

श्री निजधामको चाँदनी माथि, पुनमको रात्रि रामत गर्दछौं ।
यसै रीत फेरि चाँदनी बाट, पाँचमी भोममा तल झर्दछौं ॥८॥

श्री राज चरणको ध्यान गरौं है, धामधनी मेरो प्रियतमको !
प्राण पति मेरो जीवनको !!
श्रीराज्जीको कोमल चरणको !!!

- प्रणाम



# - आफ्नै घरको वर्णन -

## ❊ शुद्धि-पत्र ❊

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ७ | २ | दुइसय हाँसमा | दुइ सय एक हाँसमा |
| ८ | ५ | चौतराको | चाँदनी चोक को |
| ८ | ११ | वृक्षको पश्चिम | वृक्षको चौतराको पश्चिम |
| २२ | १ | सात | चार |
| ४४ | १८ | दिशाबाट | दिशातर्फ |
| ७७ | १६ | अत्याधिक | अत्यधिक |
| १०२ | २० | बाह्र | साठ |
| १३७ | २० | बृहद् | बृहत् |
| १६६ | १३ | स्व. | स्वयं |

## आह्वान

↓


**निस दिन रंग मोहोलन में, साथ स्यामाजी स्याम।**
**याद करो सुख सबों अंगों, जो करते आठों जाम।।**

- (परिक्रमा, प्र. ४/चौ. ५)।

**अर्थ :-** हे धामस्थ सुमन सुन्दरसाथजी!

हामीहरू सबै वहाँ अक्षरातीत ब्रह्मधाम श्रीरंगमहलमा रात-दिन श्रीश्याम-श्यामाजीका साथमा कसरी-कुन प्रकार सँग रहँदथ्यौं? त्यै धामको त्यहाँको त्यो सुख, आ-आफ्ना अङ्ग-प्रत्यङ्गद्वारा याद गर! जुन सुखानन्दको हामी आठै प्रहर (चौबीसै घण्टा) लीला-क्रीड़ा द्वारा निरन्तर लिइँदथ्यौं!! जीवनमा यत्ति त गर!!! प्रणाम् -

**लेखक :**


आर्त - पुकार
हे राज-हे कृष्ण ! हे धनी-हे पिया !! हे दुलहा !!!
दुलहा लीजे कण्ठ लगाय -
हे प्राणनाथ.........
तुम दुलहा मैं दुलहिन, और न जानूं बात ।
इश्क सों सेवा करुं , सब अंगोंसाक्षात् ॥
- प्रणाम -